# सुदामा-चरित्र

(खण्डकाव्य)

नेपाली विषयको स्नातकोत्तर तह

(२०५८-२०५९)

**अन्तर्गत**

दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त

**प्रस्तुत**

**सिर्जनात्मक लेखन**


प्रस्तुत कर्ता

**दामोदर न्यौपाने**

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

नेपाली शिक्षण समिति

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग काठमाडौं


२०६३

निर्देशक: हरिप्रसाद पराजुली

# सुदामा-चरित्र

(खण्डकाव्य)

नेपाली विषयको स्नातकोत्तर तह

(२०५८-२०५९)

**अन्तर्गत**

दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त

**प्रस्तुत**

## सिर्जनात्मक लेखन


प्रस्तुत कर्ता

**दामोदर न्यौपाने**

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

नेपाली शिक्षण समिति

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग काठमाडौं


२०६३

निर्देशक: हरिप्रसाद पराजुली

# सुदामा-चरित्र

(खण्डकाव्य)

नेपाली विषयको स्नातकोत्तर तह

(२०५८-२०५९)

अन्तर्गत

दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त

प्रस्तुत

सिर्जनात्मक लेखन


प्रस्तुत कर्ता

दामोदर न्यौपाने

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय

नेपाली शिक्षण समिति

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग काठमाडौँ


२०६३

# निर्देशकको मन्तव्य

'सुदामा-चरित्र' शीर्षक सृजनापत्र (खण्डकाव्य) यस क्याम्पसका स्नातकोत्तर तह (नेपाली २०५८-२०५९) द्वितीय वर्षका छात्र श्री दामोदर न्यौपानेले मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस सृजनापत्रको आवश्यक मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

............................
हरिप्रसाद पराजुली
(सह-प्राध्यापक)

मितिः ..........................

# श्री रत्नराज्यलक्ष्मी क्याम्पस
## प्रदर्शनी मार्ग, काठमाडौं

यस क्याम्पसको नेपाल विभाग अन्तर्गत स्नातकोत्तर तह (२०५८ - ६०) का छात्र श्री दामोदर न्यौपानेले १० औं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको 'सुदामा - चरित्र' नामक सृजनपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

..........................
श्री हरिप्रसाद पराजुली
(विभागीय अध्यक्ष)
तथा
सृजना निर्देशक

......................
श्री तुलसीमान श्रेष्ठ
(बाह्य परिक्षक)

मिति

# कृतज्ञताज्ञापन

नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निमित्त सिर्जनात्मक लेखनअन्तर्गत 'सुदामा-चरित्र' शीर्षकको खण्डकाव्य तयार पारिएको हो । यसमा एउटै छन्द (उपजाति) मा तीनसय सोह्र वटा श्लोकहरू प्रस्तुत गरिएका छन् । प्रस्तुत सृजनात्मक लेखनका क्रममा यो खण्डकाव्य तयार गर्दा मलाई निरन्तर उत्साह र प्रेरणा प्रदान गर्दै आवश्यक सुझाव र सल्लाहसमेत प्रदान गर्ने सृजनात्मक लेखन निर्देशक तथा नेपाली विभागका अध्यक्ष श्री हरिप्रसाद पराजुलीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन प्रकट गर्दछु । यसै क्रममा आवश्यक सल्लाह र निरन्तर उत्साह प्रदान गर्नुहुने प्राध्यापक श्री दुर्गाप्रसाद दाहालज्यू र श्री अनन्तनारायण भट्टराईज्यूप्रति म हार्दिक कृतज्ञता समर्पण गर्दछु । श्री रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिका अन्य गुरूहरूबाट मैले धेरै सल्लाह र सुझाव प्राप्त गरेकाले उहाँहरूप्रति ऋणी छु ।

प्रस्तुत खण्डकाव्य तयार गर्दा विभिन्न आवश्यक सामग्री उपलब्ध गराएर मलाई सहयोग गर्नुहुने आदरणीय दाजुहरू नवराज भण्डारी, भानुहरि भण्डारी एवं जनार्दन र समीर भाइप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसैगरी प्रविधिक सल्लाह दिने एवं प्रुफ हेरि दिएर सहयोग गरिदिने शर्मिला भण्डारी एवं प्रमिला भण्डारीप्रति हार्दिक आभार प्रकट गर्दछु । प्रस्तुत सृजनात्मक लेखनको टंकनमा सावधानीपूर्वक शुद्धतालाई ध्यान दिई सहयोग गर्ने बालकृष्ण ओझा (ओझा प्रिन्ट आउट, मैतिदेवी) लाई आभार प्रकट गर्दछु ।

अन्त्यमा स्नातकोत्तर तह, नेपाली दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको यो 'सुदामा-चरित्र' खण्डकाव्य आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षण समिति रत्नराज्यलक्ष्मी क्याम्पससमक्ष प्रस्तुत गर्दछु ।

........................
दामोदर न्यौपाने
(२०५८-२०५९)
नेपाली शिक्षण समिति
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं ।

मितिः २०६३ फागुन
क्याम्पस रोल नं. २९
त्रि.वि.वि. दर्ता नं. ६-३-४०-२३४३-२००१

# विषय सूची


अध्याय १.

१. सृजन परिचय १

१.२.सृजनात्मक लेखनको प्रयोजन १

१.३.सृजनात्मक लेखनको उद्देश्य १

१.४.सृजनात्मक लेखनको सीमा १

१.५.सृजनात्मक लेखनको रूपरेखा १

अध्याय २.

२. खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्यको इतिहास २-१४

२. १.परिचय २

२. २.खण्डकाव्यको परिभाषा ६

२. ३.खण्डकाव्यका तत्त्वहरू ८

२. ३. १.कथावस्तु ८

२. ३. २.पात्र ९

२. ३. ३.वातावरण (परिवेश) ९

२. ३. ४.उद्‌देश्य/जीवन दृष्टि ९

२. ३. ५.भाव ९

२. ३. ६.कथन पद्धति ९

२. ३. ७.भाषाशैली ९

२. ३. ७. क.लय ९

२. ३. ७.ख.अलंकार तथा प्रतीक ९

२.४.१. प्राथमिक काल (१८२८-१९४०) १०

२. ४.२.माध्यमिक काल (१९४१-१९७४) ११

२.४.३. आधुनिक काल (१९७५-हालसम्म) १२

२. ५. १.परिस्कारवादी धारा (१९७३-१९९१) १२

२. ५. २. स्वच्छन्दतावादी धारा (१९९२-२०२०) १२

२. ५. ३. प्रयोगवादी धारा (२०२१दखि हालसम्म) १३

अध्याय ३.

३. मलाई मनपर्ने केही प्रमुख नेपाली खण्डकाव्यकारहरू १५-२१

३. १. १.कवि शिरोमणि लेखनाथ पौड्याल १५

३. १. २.मलाई लेखनाथ मनपर्नुका कारणहरू १५

३. १. ३.लेखनाथको ऋतुविचार खण्डकाव्य १५

३. २. १.युगकवि सिद्धिचरण श्रेष्ठ १६

३. २. २.मलाई सिद्धिचरण मनपर्नुका कारणहरू १६

३. २. ३.उनको उर्वशी खण्डकाव्य १७

३. ३. १.कवि माधव घिमिरे १७

३. ३. २.मलाई माधव घिमिरे मनपर्नुका कारणहरू १७

३. ३. ३.उनको राजेश्वरी खण्डकाव्य १८

३. ४. सुदामा-चरित्र खण्डकाव्यका सम्बन्धमा आत्मसमीक्षा १९

अध्याय ४. २२-६३

४.१. खण्डकाव्यको मूल पाठ २२

४.२. सन्दर्भ ग्रन्थसूची ६४

# अध्याय : १

## १. सृजन परिचय

सृजनाको शाब्दिक अर्थ रचना गर्नु, नवीन रुप दिनु हो । कुनैपनि सर्जक व्यक्तिले पौराणिक कथा, प्रकृतिक रहस्य र जीवनका यथार्थ पक्षलाई आफ्ना कल्पना र नयाा शैलीद्वारा रचना गर्न सक्दछ । यस प्रकारले जीवनजगत्का हरेक पक्षमा नयाा-नयाा शिल्प र शैलीद्वारा गरिएको नयाा रचनालाई नै सृजना भनिन्छ । साहित्यले समाजमा भएका वा घटेका कुनै घटना वा जीवन तथ्यलाई कल्पना तथा शिल्पद्वारा नवीन रुपमा प्रकट गर्ने हुादा यो पूर्णतः वैयक्तिक हुन्छ । साहित्यिक विधाका निश्चित सिद्धान्तमा रहेर कुनै व्यक्तिले साहित्यिक रचना गर्दछ । त्यसैले सृजनधर्मी गुण भएका कविता, कथा, लोकगीत, खण्डकाव्य, महाकाव्य, नाटक आदि मौलिक लेखनलाई सृजना भनिन्छ । साहित्यका विविध विधाहरूमा रचना र सृजनाका सम्पूर्ण गुणहरू रहने हुनाले ती रचनाहरू नै सृजनात्मक लेखनका दृष्टान्तहरू हुन् । प्रस्तुत खण्डकाव्यको शीर्षक 'सुदामा-चरित्र' रहेको छ । यस खण्डकाव्यमा प्रस्तुत भएका कविताहरू श्रीमद्भागवत्महापुराणको दशमस्कन्धको असी र एकासीऔं अध्यायबाट कृष्ण र सुदामासाग सम्बन्धित कथावस्तुको विषयलाई एउटै भाव, विषय अनि उपजाति छन्दको लयमा निजानुभूति र कल्पनाबाट सृजना गरिएको हुनाले प्रस्तुत खण्डकाव्यको शीर्षक 'सुदामा-चरित्र' राखिएको हो ।

## १.२. सृजनात्मक लेखनको प्रयोजन

प्रस्तुत सृजनात्मक लेखन नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको शैक्षिक आवश्यकताको आंशिक परिपूर्तिका लागि खण्डकाव्यको रुपमा तयार पारिएको हो ।

## १.३. सृजनात्मक लेखनको उद्देश्य

एक दशकदेखिका आफ्ना सृजनात्मक खुल्दुलीलाई काव्यात्मक रुप दिन, नेपाली साहित्यको कविता विधाको फाँटलाई अझ फराकिलो बनाउन र आफ्नो कवित्व शक्तिलाई अझ परिमार्जन र परिष्कृत बनाउन सकियोस् भन्ने सृजनात्मक लेखनको उद्देश्य रहेको छ ।

## १.४ सृजनात्मक लेखनको सीमा

प्रस्तुत सुदामा-चरित्र खण्डकाव्यमा श्रीमद्भागवत्महापुराणको दशमस्कन्धको असी र एकासीऔं अध्यायमा रहेको श्रीकृष्ण र सुदामाको प्रसङ्गभित्र रही खण्डकाव्य सृजना गरिएको छ यो नै यस खण्डकाव्यको सीमाङ्कन हो ।

## १.५ सृजनात्मक लेखनको रुपरेखा


प्रस्तुत सुदामा-चरित्र खण्डकाव्य चार अध्यायमा विभाजित छ । ती चार अध्यायहरूमध्ये प्रथम अध्यायमा सृजन परिचय, दोस्रो अध्यायमा खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्यको इतिहास,तेस्रो अध्यायमा मलाई मनपर्ने केही प्रमुख नेपाली खण्डकाव्यकारहरू र चौथो अध्यायमा खण्डकाव्यको मूलपाठ रहेको छ ।

# अध्याय : २

## २. खण्डकाव्यको सिद्धान्त र नेपाली खण्डकाव्यको इतिहास

### २. १. परिचय

कविता साहित्यको एउटा महत्वपूर्ण विधा हो । आन्तरिक र वाह्य संरचनाको दृष्टिले यसका विविध आयामहरू देखिएका छन् । कविताका यस्ता आयामहरू लघुतमदेखि बृहत्तमरूपसम्म फैलिएका छन् । जीवनजगत्का यावत् अनुभूतिहरू कविताका यी विविध आयाममा प्रवाहित भएका हुन्छन् । कविताका सवैभन्दा सानो रूप मुक्तकलाई मानिन्छ भने ठूलो रूप महाकाव्यलाई मानिन्छ । प्रचलित कलात्मक वा ललित महाकाव्यभन्दा पनि वाल्मीकि र व्यासका क्रमश : रामायण र महाभारत तथा होमरका इलियड र ओडिसी जस्ता आर्ष महाकाव्यमा कविताको विशाल आयम देखापर्छ[1] । कवितामा अनुभूतिको अभिव्यक्ति एक हरफ, चार पाउदेखि लिएर एउटा पूर्ण महाकाव्यसम्म पनि विस्तारित हुन सक्छ । यस आधारमा कविताका थोरैमा तीन रूप र बढीमा पाँच रूपहरू देखा पर्दछन् । कविताका रूपहरूलाई रेखाचित्रमा यसरी देखाउन सकिन्छ ।




उक्त रेखाचित्रबाट के स्पष्ट हुन्छ भने कविताको सबैभन्दा सानो एकाई लघुतम रूप हो । यो कविताको सूक्ष्म वा छोटो क्षणको टिपोट हो । यसले पाठकको हृदयलाई चस्स छोएर अलप हुने काम गर्दछ । केही विस्तृत कथ्यको आयाम समय र अनुभूतिको एक प्रवाहलाई उजागर गर्ने कविताको रूप लघुरूप हो । लघुरूपभन्दा ठूलो र बृहत् रूपभन्दा सानो देखिने उपविधा कविताको मझौला , मध्यम वा खण्डकाव्य रूप हो । सबैभन्दा ठूलो कवितात्मक उपविधा ललित र आर्ष काव्य हो ।

माथि गरिएको कवितात्मक उपविधाको चर्चाको आधारमा कविताका विविध रूपहरूमध्ये खण्डकाव्य कविताको मझौला रूपभित्र पर्दछ । फुटकर कविताका तुलनामा अझ-अझ अनुभूति विस्तारित हुँदैजाँदा दीर्घतर रूपहरू यसमा पनि देखा पर्दछन् । खण्डकाव्यसम्म आइपुग्दा कविताले आख्यान तत्त्वलाई पक्रदै संरचनात्मक संगठनसहित अगाडि बढ्ने गरेको पाइन्छ । आकार, प्रकार विषयवस्तु, आयाम, आख्यान र संरचनाका दृष्टिले पनि खण्डकाव्यलाई चिनाउन सकिन्छ । आकारका दृष्टिले यसले कविताको लघु र बृहत्

[1] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता भाग - २** काठमाण्डौं साझा

रूप छुट्याउन विभाजकको कामगरेको हुन्छ । खण्डकाव्यमा आख्यानलाई अनुभूतिसँग खोलेर प्रस्तुत गरिएको हुन्छ । यसमा फुटकर कवितामाभन्दा विस्तृत हुँदै गइरहेको अनुभूतिले आख्यानलाई समात्छ भने आख्यानले कवितालाई विकसित हुन मदत गर्दछ । अनुभूतिको एकोहोरो प्रवाहमात्र वा आख्यानको एक्लो प्रबलताले मात्र खण्डकाव्य बन्न सक्दैन । यसमा यी दुवैको सन्तुलित आयोजना भएको हुनुपर्दछ । फुटकर कवितामा झिनो आख्यान प्रयोग भएको हुन्छ ।

महाकाव्यमा आख्यानले पूर्णता पाएको हुन्छ । यी दुवैको मध्यबिन्दुमा रहेको खण्डकाव्यले भने जीवनको एक खण्डलाई समेट्ने आख्यानलाई अवलम्वन गरेको हुन्छ । यस अर्थमा पनि खण्डकाव्य मझौला रूप हो भन्ने सिद्ध हुन्छ । पञ्चसन्धिमध्ये दुई, तीन र चार अर्थात् प्रतिमुख, गर्भ र विमर्शमा कुनै एकको प्रयोग खण्डकाव्यमा हुनसक्ने र खण्डकाव्य सन्धिविहीन पनि हुन सक्ने बताए पनि खण्डकाव्य जीवनको एक अंश हो वा कविताको मझौला रूप हो भन्ने कुरा निर्विवाद छ ।यसरी हेर्दा खण्डकाव्यले जीवनको एक पक्ष वा अंशलाई अनुभूतिमा घोलेर व्यक्त गरिएको कविताको मझौला रूपलाई बुझाएको पाइन्छ ।

कवे :कृतिबाट काव्य शब्द र काव्य शब्दका अगाडि खण्ड जोडिएर खण्डकाव्य शब्दको निर्माण भएको हो। पूर्ण जीवनको अभिव्यक्ति प्रस्तुत नगरी खण्डजीवनको अभिव्यक्ति दिने हुनाले खण्डकाव्य भनिएको हो । यसले जीवनजगत्को एक खण्ड (पाटो, पक्ष)लाई पूर्ण रूपमा समेटेको हुन्छ ।

काव्यको चर्चा पूर्वीय आचार्य भरतमुनिदेखि नै हुँदै आएको पाइए पनि खण्डकाव्य शब्दको प्रयोग धेरैपछि आएरमात्र भएको पाइन्छ । सर्वप्रथम अभिनव गुप्तले काव्यलाई दश भागमा वर्गीकरण गर्ने सन्दर्भमा खण्डकाव्य शब्दको प्रयोग धेरैपछि आएरमात्र गरेको पाइन्छ । अभिनव गुप्तले यससन्दर्भमा प्रयोग गरेका खण्डकाव्य शब्दले अहिलेको खण्डकाव्यात्मक रूपलाई संकेत गरेको बुझिन्छ ।पछि पाँचौ शताब्दीका आचार्य विश्वनाथले आफ्नो ग्रन्थ साहित्यदर्पणमा कवितालाई चार भागमा विभाजन गरी स्पष्ट रूपमा खण्डकाव्य शब्दको प्रयोग र खण्डकाव्यको परिभाषासमेत उल्लेख गरेका छन् ।खण्डकाव्य शब्दको प्रयोगको प्रारम्भबिन्दु पनि यसैलाई मानिन्छ ।

पाश्चात्य साहित्य परम्परामा कविता वा पद्यलाई छोटो, लामो र बढी लामो अर्थात् लघु ,दीर्घ र दीर्घतर गरी तीन वर्गमा विभाजन गरिएको पाइन्छ । छोटो कविता प्रचलित मुक्तक वा फुटकर कविताको नजिक रहन्छ भने लामो वा दीर्घ कविता हाम्रो लघु वा खण्डकाव्यको नजिक छ र बढीलामो वा दीर्घतर कविता पूर्वीय महाकाव्यको नजिक छ । यसरी पश्चिमी जगत्मा प्रचलित गाथा,शोककाव्य, आख्यानात्मक काव्य आदि लामो कवितालाई पूर्वीय खण्डकाव्यकै समकक्षी रचनाका रूपमा लिन सकिन्छ ।यसरी खण्डकाव्यका आयाम बहुमुखी देखिन्छ र यो सूक्ष्म विधाका रूपमा स्थापित भइसकेको छ । यति हुँदा-हुँदै पनि पूर्वीय एवं पाश्चात्य दुवै क्षेत्रमा खण्डकाव्यका सम्बन्धमा धेरै परिभाषाहरू गरिएका छन् । पूर्वीय साहित्य चिन्तनको थालनी भरतमुनिबाट भएपनि उनले खण्डकाव्यका नामले केही चर्चा गरेका छैनन् । रुद्रटले लघुकाव्य र महान काव्य भनेर लघुकाव्यभित्रै मध्यम रूपका अन्य काव्यलाई पनि समावेश गरेकाले लघुकाव्यभित्रै खण्डकाव्य राखेका छन् ।स्पष्ट शब्दमा काव्यले एक देशको अनुशरण गर्ने काव्य नै खण्डकाव्य हो भनेर भन्ने चिन्तक साहित्यदर्पणकार विश्वनाथ नै हुन् । उक्त परिभाषा अनुसार महाकाव्यमा झैँ यसमा पनि खास विषयवस्तु रहेको भएपनि विस्तारपूर्ण नभएर संक्षिप्त वा एकदेशी हुन्छ । जहाँ जीवनजगत्को प्रस्तुतीकरणमा विराटतालाई अंगालिन्छ त्यहाँ महाकाव्यको जन्म हुन्छ भने संक्षिप्तता र एकांशतालाई वा एक खण्डलाई मात्र अंगालियो भने त्यहाँ खण्डकाव्य जन्मन्छ ।

पूर्वीय साहित्य चिन्तनका परम्परामा खण्डकाव्यको चर्चा धेरैपछि मात्र भएको पाइन्छ । त्यस समयसम्ममा खण्डकाव्यको रचना प्रचुरमात्रामा हुन नसकेकाले खण्डकाव्यको चर्चा नभएको हुनसक्छ । यद्यपि पूर्वीय आचार्यहरूले विभिन्न किसिमका कविताको स्वरूपको निर्धारण गरेका छन् । सर्वप्रथम भामहले छन्द या वृत्तलाई आधार बनाएर वृत्तबन्ध र अवृतबन्ध भनेर साहित्यको वर्गीकरण गरेको भेटिन्छ र यस परिप्रेक्षमा खण्डकाव्य वृत्तबन्धभित्र पर्न जान्छ । भामहले मुक्तक र सर्गबन्ध गरी काव्यलाई दुई भागमा विभाजन गरेका छन् । यहाँ मुक्तकशब्दले एकल पद्यको र सर्गबन्धले बृहद् आयामभित्र महाकाव्य , खण्डकाव्य आदि

प्रबन्धकाव्यको परिचयको संकेत गर्दछ । भामहपछि आनन्दवर्धनको चिन्तन पाइन्छ ।यस अवधिसम्म संस्कृत साहित्यमा नयाँ मोड आइसकेको र भारवी माघ जस्ता कविहरूको आगमन भइसकेको हुनाले आनन्द वर्धनको वर्गीकरणमा भिन्नता देखापर्दछ । यिनको वर्गीकरणमा कविताका पाँच भेद पाइन्छन् :- क. मुक्तक ख.युग्मक ग.विशेषक घ. कलापक ङ. कुलक ।यी भेदहरूको व्याख्या.आनन्दवर्धनको ध्वन्यालोकका टीकाकार अभिनव गुप्तले गरेका छन् । उनको व्याख्याको मूल आधार कवितामा प्रयुक्त क्रिया देखिन्छ । मुक्तकलाई परिभाषा गर्दै गुप्त भन्दछन् अन्य श्लोकसँग असम्बद्ध भएर पनि स्वतन्त्र रूपमा पाठकलाई रसास्वादन गराउन सक्ने एउटै कविता मुक्तक हो । दुई श्लोकमा भाव पूरा गरेर लेखिएको र एउटैमात्र क्रिया प्रयोग भएको पद्यलाई युग्मक मान्दछन् भने श्लोकमा एउटै क्रियाद्वारा भावको पूर्णतासाथ समाप्ति गरिएको कवितालाई विशेषक मान्दछन् । चार श्लोकमा एउटैमात्र क्रियापदको प्रयोग भई पूरा हुने कविता कलापक हो र पाँच श्लोककोएउटै क्रियाद्वारा समापन र भाव पनि एउटै हुने कुलक कविताको लक्षण हो ।पछि गुप्तले पाँचभन्दा बढी श्लोक एउटै क्रिया र भाव भएको कविता भनी महाकुलकको नाम दिई कविताको अर्को भेदसमेत थप्ने काम गरे ।उक्त रूपहरू फुटकर कवितासँग मिल्दा जुल्दा भएकाले यो प्रबन्ध काव्यसँग मिल्दैन । यी पाँच रूपहरू अहिलेको अवस्थामा जीवित पनि पाइँदैनन् ।

रुद्रटले सम्पूर्ण प्रबन्धलाई माहान् र लघु दुई वर्गमा विभाजन गरी धर्म अर्थ काम मोक्षमध्ये सवैको अभिव्यक्तिसमेटिएको काव्यलाई लघु मानेका छन् । यसै भेदअन्तर्गत खण्डकाव्यलाई समेटिएको छ । यिनै महाकाव्यमा पाँचैसन्धिको प्रयोग हुने र लघुकाव्य र काव्यमा प्रतिमुख, गर्भ, निर्वहण ,सन्धिमध्ये कुनै एकको प्रयोग हुने कुरा पनि उल्लेख गरेका छन् । महाकाव्यमा प्रयोग हुने नवरसमध्ये लघुकाव्यमा कुनै एकको मात्र परिपाक रहन्छ । ध्वन्यालोकका टीकाकार अभिनव गुप्तले प्रबन्धकाव्यका पाँच भेद देखाएका छन् १पर्यायबन्ध २.परिकथा ३.खण्डकथा ४.सकलकथा ५.सर्गबन्ध । एउटामात्र विषयको वर्णन गरिएको गद्यको भेद पर्यायबन्ध हो । पुरुषार्थचतुष्टयमध्ये एकको सिद्धिका लागि उद्यत नरनारीका विविध वृत्तान्तहरूको वर्णन भएको रचना परिकथा हो । सिङ्गो कथाको एक खण्डीय वर्णन भएको रचना खण्डकथा हो । यसमा आख्यन र कवितातत्त्व प्रबल रहेको हुन्छ । विश्वनाथले यही तात्पर्यममा खण्डकथालाई नै खण्डकाव्य भनेको बुझिन्छ । सकलकथाले चाहिँ फलपर्यन्त विस्तार भएको रचनालाई जनाउँछ । यो खण्डकाव्यभन्दा विस्तृत र महाकाव्यभन्दा संक्षिप्त हुन्छ ।त्यस्तै सर्ग-सर्गमा बाँधिएको काव्य सर्गबन्ध काव्य हो । यसले महाकाव्यलाई संकेत गर्दछ ।

यसरी प्रबन्धकाव्यको विविध भेद देखिए पनि खण्डकाव्यको स्वरूपलाई चिनाउने पूर्वीय आचार्य विश्वनाथ नै हुन् । यिनले१.काव्य २.कोषकाव्य ३.खण्डकाव्य र ४.महाकाव्य गरी चार प्रकारको काव्यको चर्चा गरेका छन् । यिनले खण्डकाव्यको लक्षण (साहित्यदर्पण)मा यसरी बताएका छन् -खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च[2] यस परिभाषाअनुसार जुन काव्यले जीवनजगत्को एक अंश वा एक पक्षको अनुशरण गर्दछ,त्यो नै खण्डकाव्य बुझिन्छ । यिनका मतमा काव्यमा सर्गबद्धता र पञ्चसन्धिको आवश्यकता नरहे पनि एकान्विति अनिवार्य रहन्छ, परस्परमा स्वतन्त्र अस्तितत्व भएका पद्यहरूको संग्रह नै कोषकाव्य हो भने महाकाव्य सर्गबद्ध हुनुपर्दछ ।

पूर्वीय आचार्यका मतलाई दृष्टिगत गरी खण्डकाव्यको यस्तो परिभाषा निकाल्न सकिन्छ । खण्डकाव्य कविताको त्यो विधान हो जसमा एकान्विति हुन्छ ,पञ्चसन्धिको प्रयोग नभए पनि कुनै एक सन्धिको प्रयोग हुन्छ र यो सर्गयुक्त वा सर्गमुक्त दुबै रूपमा प्रकट हुनसक्छ ।

पाश्चात्य साहित्य परम्परामा खण्डकाव्यको छुट्टै विधाको रूपमा चर्चा भएको पाइँदैन ।खण्डकाव्यको स्थिति महाकाव्य र फुटकर कविताका वारेका जति उल्लेख पाइन्छ खण्डकाव्यको त्यति केही पनि उल्लेख भएको पाइँदैन तापनि यिनै दुई रूपका बीचको कविताको स्वरूपलाई हेरेर खण्डकाव्यको अध्ययन गर्दा प्राचीनगाथासम्म पुग्नु पर्ने हुन्छ । कविता तत्त्वको कतै दुर्वलता पाइए पनि आकार-प्रकारका दृष्टिले गाथाहरू खण्डकाव्यका नजिक देखिन्छन् ।

पश्चिमी साहित्यको मध्यकाल क्रिश्चियन धर्मशास्त्रीय मान्यताले थिचिएको अन्धकारपूर्ण समय रह्यो । यस समयमा क्रिश्चियन कला साहित्यको मात्र विकास भएकोले प्राचीन गाथाहरू हराई साहित्यको उन्नति नै

[2] विश्वनाथ **साहित्यदर्पण** विमल व्याख्या सहित नवम संस्करण दिल्ली, मोतिलाल बनारसी दास १९८२पृष्ठ :१२१

रोकियो, पछि डानक्वीन जडले रोमाञ्चपूर्ण काव्य गीतिमय गाथा (लिरिकल ब्यलेड) को रचना गरी विद्रोह ल्याए । यो नै पश्चिमको पहिलो खण्डकाव्य वा खण्डकाव्यको स्वरूपको रचना हो । त्यहाँ आख्यानात्मक कविता लेख्ने परम्परा १८औँ शताब्दीको अन्त्य र १९औँ शताब्दीको सुरुतिर थालिएको देखिन्छ । गीतिमय गाथा र आख्यानात्मक कविता दुबैलाई प्राचीन लोकगाथाकै लिखित रूप मान्न सकिन्छ ।यसरी १९औँ शताब्दीसम्म आइपुग्दा त्यहाँ खण्डकाव्य भन्न मिल्ने काव्यका रूपमा गीतिमय गाथा र आख्यानात्मक कवितालाई नै लिनुपर्ने हुन्छ । यी बाहेक मध्यकालका रोमाञ्चकाव्य ,गोपकाव्य ,शोककाव्य आदि पनि खण्डकाव्यकै समकक्षी रूपमा विकसित भएका देखिन्छन् । २०औँ शताब्दीसम्ममा लामो कविताको जन्म भइसकेको देखिन्छ ,जसलाई खण्डकाव्य समकक्षी कविताका रूपमा लिइन्छ । यी सबै कविताका मझौला रूप हुन् र खण्डकाव्यका निकटवर्ती पनि छन् । भिन्न-भिन्न रूपमा यिनीहरूको छोटो चर्चा गर्नु उपयुक्त हुन्छ ।

## क. गाथा :-

गाथा एक प्रकारको लोक रचना नै भएकाले कथालाई गीतमा लयबद्ध गरी संरचना गरिन्छ ।यसैलाई लोककाव्य पनि भनिन्छ । लिखित गाथा वा लोक गाथा दुबैमा कविता तत्त्व र कथातत्त्वको संमिश्रण रहेको हुन्छ । यसमा कथाको आधार लिएर अनुभूतिलाई व्यवस्थित गरिएको हुन्छ । गाथाका लयबद्धता कवितात्मक अभिव्यक्ति ,लोकजीवनमा आधारित हुनु जस्ता विशेषता रहेका छन् । एकआपसमा गाथाहरू सम्बन्धित हुने हुनाले यिनैबाट रामायण र महाभारत जस्तै महाकाव्य बन्ने समभावना पनि रहन्छ । यो प्रक्रिया पश्चिममा पनि देखिन्छ । यस्ता गाथाहरूलाई सानो रूपमा खण्डकाव्य र ठूलो रूपमा महाकाव्य भन्न सकिन्छ । पूर्वीय खण्डकाव्य परम्परा र गाथा परम्परालाई आत्मसात गरी लेखिएका नेपाली साहित्यका मुनामदन,राजेश्वरी आदि काव्यहरू गीतिमय गाथा कै आधारमा जन्मिएका हुन् ।

## ख. आख्यानात्मक कविता :-

कविता र कथानकको सहअस्तित्त्व भेटिएको यो कविताको मझौला रूप मानिएको छ र कवितातत्त्वकै प्रवलता रहने कविताको मझौला रूपलाई नै पाश्चात्य साहित्य शास्त्रीहरूले छोटो हुँदा फुटकर कविता र लामो हुँदा महाकाव्य बन्न सक्ने तर्क अघि सारेका छन् । त्यसैले यो लघु कविता र महाकाव्य बीचको कवितात्मक रचना हो । यसरी कविताको मझौला रूपको स्थिति खण्डकाव्य नजिक रहेको देखिन्छ ।

## ग. रोमाञ्चकाव्य :-

डान क्वीन जडले मध्यकालीन युरोपमा रोमन क्याथोलिक चर्चका गतिविधि विरुद्ध रोमाञ्चकाव्यको रचना गरेका हुन्[3]। यो काव्यलाई मध्यकालको साहित्यको उपज मानिएको पाइन्छ । आश्चर्य लाग्दा घटनाहरूको अत्याधिक वर्णन गरिने हुनाले रोमाञ्चकाव्यमा कवितातत्त्वको दुर्वलता र आख्यान तत्त्वको प्रवलता रहन्छ । पाठकहरूमा कौतुक सिर्जना गर्ने ध्येय राखेको यस्तो काव्य आश्चर्य लाग्दा वर्णनहरूले लामो हुने सम्भावना हुन्छ र खण्डकाव्य महाकाव्यसमक्ष पुग्न पनि सक्छ ।

## घ. गोपकाव्य :-

क्षुद्र विषय लिई अभिव्यक्ति उच्च राख्नसक्नु यस गोपकाव्यको विशेषता नै हो । प्रकृतिको अत्याधिक वर्णन रहनाले यसमा कथानकको दुर्वलता र कवितातत्त्वको प्रवलता रहन्छ । त्यसैले यसलाई खण्डकाव्य समकक्षी मानिन्छ ।

[3] जगत उपाध्याय **ज्वाला** खण्डकाव्य सिर्जनापत्र अप्रकाशित स्नातकोत्तर त्रि. वि., किर्तिपुर २०५३पृष्ठ१६

### ङ.शोककाव्य :-

यसमा झिनो कथानक भए पनि शोकाकुल अनुभूतिको भावनात्मक अभिव्यक्ति विस्तृत हुने भएकाले यसलाई खण्डकाव्यकै कोटिमा राखिन्छ ।

### च. लामो कविता :-

पश्चिमी सहित्यको आधुनिक युग २०औँ शताब्दीका कविद्वय टी.यस. एलियट र डब्लु. बी. एटसका लामा कविताबाट सुरु भएको पाइन्छ । प्रयोगवादी धारामा लेखिएका लामा कविता  काव्य कै समकक्षी मझौला रूपका पाइन्छन् । प्रयोगवादी धारामा अवचेतन मनका अमूर्त अनुभूतिको प्रस्तुतीकरण हुने हुनाले लेखन पनि अमूर्त हुन्छ । जव अवचेतन लेखनद्वारा फुटकर कविता बिस्तृतितिर जान्छ तव प्रयोगवादी कविताको मझौला रूप सिर्जना हुन्छ । यसप्रकार प्रयोगवादी कविताले फुटकर कविताको भन्दा विस्तृत आयाम प्राप्त  गर्दा कविताको मझौला रूप लामो कविता जन्मन्छ । यही नै यसको स्वरूप पनि हो ।यस्ता लामा कवितालाई खण्डकाव्यसँग तौलदा यसमा आख्यानको आधार लिइएको पाइँदैन ,केवल अवचेतन अनुभूतिको प्रस्तुतीकरण भएको हुन्छ । यसरी अनुभूतिलाई आख्यानले नसमेट्ने हुँदा अनुभूतिहरू अस्तव्यस्त रूपमै व्यक्त भएको पाइए पनि लामो कवितामा एक प्रकारको स्वतन्त्र सम्बन्ध भने विद्यमान रहन्छ ।
खण्डकाव्यमा आख्यान नै नभए पनि एउटा केन्द्रीय भाव हुन्छ भने लामो कवितामा केन्द्रीय भावको निर्वाह हुन्न तर लामो कवितामा आख्यानका साना-साना टुक्राहरू भए पनि एक आपसमा मेल खाने हुँदैन र भाषालाई पनि तोडमोड गरिएको हुन्छ । यसरी सम्पूर्ण भाषा,शैली,प्रबन्धन विशृंखलित भए पनि एक प्रकारको संरचना हुँने हुँदा द्रष्टाहरूले लमो कवितालाई संरचनाविहीन संरचना भनेका छन् । संरचनाविहीन लामो कवितामै संतुष्ट रहने प्रयोगवादी कविहरू कवितामा एक-एक पङ्क्ति अर्थिनु र बुझिनु पर्छ भन्ने परम्परावादी मान्यतासँग संतुष्ट देखिँदैनन् र समग्रमा पाठकमा पर्ने प्रभावलाई नै आफ्नो सफलता ठान्दछन् । यसले विभिन्न आधारहरूमा लामो कविता र खण्डकाव्यका बीच समानता र भिन्नता दुबै पाइन्छन् । खण्डकाव्यभन्दा लामो कविता भिन्न छ । वास्तवमा यी दुबै कविताका मझौला रूपभित्रकै उपविधा हुन् । यी फुटकर कविताभन्दा ठूला र महाकाव्यभन्दा साना मानिन्छन् ।

यसरी प्रचीन रोमदेखि आधुनिक रोमसम्मका पाश्चात्य काव्य परम्परामा गाथाकाव्य, शोककाव्य, गीतिकाव्य,रोमाञ्चकाव्य आख्यानकाव्यलगायतका गोपकाव्य,व्यङ्ग्यकाव्य,लामो कविता आदिका माध्यमले कविताको विविध मझौला रूपहरूको रचना भई परिभाषा र चर्चा परिचर्चा पनि भएका छन् तर खण्डकाव्य नै भनेर परिभाषित गरेको भने पाइँदैन । यिनै भेदहरू कविताका मझौला रूप हुन् र खण्डकाव्यको अध्ययन यसैअन्तर्गत गरिन्छ ।

## २.२. खण्डकाव्यको परिभाषा :-

परिभाषाले कुनै पनि वस्तुलाई चिनाउने काम गर्दछ । द्रष्टाले परिभाषा गरेर चिनाउने वस्तुलाई आफ्नो दृष्टिकोण अनुसार परिभाषित गरेको हुन्छ । परिभाष्य वस्तुमा कसैको पनि पूर्ण दृष्टि पुग्न सकेको हुँदैन किनभने कसैको पनि हेराइमा हरेक वस्तुको एकापट्टिको भागमात्र देखिएको हुन्छ । यसको मतलव हेराइ अपूर्ण रहनसक्छ भन्ने हो। यसकारण परिभाषाका माध्यमले कुनै पनि वस्तुलाई चिनाउन  सकिँदैन । यसैले कुनै पनि वस्तुलाई चिन्नु पर्दा अलग-अलग द्रष्टाका अलग-अलग दृष्टिकोणको सहयोग लिनु आवश्यक हुन्छ । खण्डकाव्यलाई चिनाउने क्रममा केही पूर्वीय,पाश्चात्य र नेपाली विद्वान्हरूले अघि सारेका आ-आफ्ना धारणाहरूलाई यहाँ उल्लेख गरिन्छ ।

१. अभिष्ट भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली काव्य हो ।[4]
(संक्षेपाद् वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली काव्यम्)-अग्निपुराण

२. शब्द र अर्थको संयुक्त रूप काव्य हो ।[5]
(शब्दार्थौ सहितौ काव्यम्)-भामह

---

[4] केशवप्रसाद उपाध्याय **साहित्यप्रकाश** साझा प्रकाशन, काठमाडौं, पाँचौं संस्करण, २०४९ पृष्ठ २२

[5] भामह **काव्यालङ्कार**, चौखम्बा सुरभारती प्रकाशन इ.सं.१९७५पृष्ठ :१:१६

३. इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो ।[6]
(शरीरं तावदिष्टार्थव्यवच्छिन्ना पदावली )-दण्डी

४. काव्यको आत्मा रीति हो ।[7]
(रीतिरात्मा काव्यस्य )-वामन

५. शब्द र अर्थको शरीर नै काव्य हो ।[8]
(शब्दार्थ शरीरं तावत् काव्यम् )-रुद्रट

६. काव्यको आत्मा ध्वनि हो ।[9]
(ध्वनिरात्मा काव्यस्य)-आनन्द वर्धन

७. रसिलो वाक्य नै काव्य हो ।[10]
(वाक्यं रसात्मकं काव्यम् )
महाकाव्यको एक भागको अनुशरण गर्ने काव्य खण्डकाव्य हो ।
(खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारिच) -विश्वनाथ

८. रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो ।[11]
(रमणीयार्थप्रतिपादक शब्द काव्यम्)-जगन्नाथ

९. काव्य वा कविता निश्चित रूपले छन्दोमय साहित्य हो र यसले जीवनलाई सिर्जनात्मक आख्यानमा प्रतिबिम्बित गर्दछ ।-अरिष्टोटल[12]

१०. वयानबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य खण्डकाव्य हो ।-बालचन्द्र शर्मा[13]

११. खण्डकाव्यमा जीवनको एक अङ्ग विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्पावधिमा घटित घटना,एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ ।यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ ।-केशवप्रसाद उपाध्याय[14]

१२. कविताहरूमा पूर्वापरसम्बन्ध एकान्वित अथवा काव्यात्मकता भए पनि खण्डकाव्य एक रसात्मक, द्रुतगामी सानो कृति हो ।-भानुभक्त पोखरेल[15]

१३. खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थको विश्लेषण हुन्छ ।-हिमांशु थापा[16]

१४..खण्डकाव्यलाई कविता विधाको यस्तो मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ, जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ । -डा.वासुदेव त्रिपाठी[17]

---

[6] दण्डी **काव्यादर्श,** वाराणसी चौखम्बा विद्याभवन २०१५ पृष्ठ १:१०
[7] बामन **काव्यालङ्कारसूत्रबृत्ति** दिल्ली: आत्माराम एण्ड सन्स २०११, पृष्ठ १:३
[8] डा. केशव प्रसाद उपाध्याय **साहित्यप्रकाश** साझा प्रकाशन काठमाडौं पृष्ठ ८
[9] आनन्दबर्धन **ध्वन्वालोक**, तृतीय संस्करण वाराणसी ज्ञानमण्डल लिमिटेड २०४२ पृष्ठ १:१
[10] विश्वनाथ **साहित्यदर्पण**, चौखम्बा सुरभारती प्रकाशन वाराणसी, दशौं संस्करण १९९७, पृष्ठ ३३ र ३२८, २९
[11] जगन्नाथ, **रसगङ्गाधर** द्वितीय संस्करण वाराणसी चौखम्बा विद्याभवन २०२० पृष्ठ १:१
[12] डा. केशवप्रसाद उपाध्याय **साहित्यप्रकाश**, साझा प्रकाशन, पाँचौ संस्करण २०४९ पृष्ठ १५
[13] बालचन्द्र शर्मा **नेपाली शब्दकोश**, साझा प्रकाशन२०१६ पृष्ठ १४४
[14] डा. केशवप्रसाद उपाध्याय **साहित्यप्रकाश**, साझा प्रकाशन, पाँचौ संस्करण २०४९ पृष्ठ १५
[15] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दहाल, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य** भुँडीपुराण प्रकाशन काठमाडौँ२०५७ पृष्ठ ५
[16] हिमांशु थापा **साहित्यपरिचय** साझा प्रकाशन चौथो संस्करण२०५० पृष्ठ १७
[17] बासुदेव त्रिपाठी, **नेपाली कविता भाग ४** साझा प्रकाशन, काठमाडौ २०५४

माथि लेखिएका विभिन्न विद्वान्हरूका फरक-फरक अभिव्यक्तिहरूले अलग-अलग कोणबाट खण्डकाव्यलाई परिभाषित गर्न खोजेका छन् । पूर्वीय आचार्य विश्वनाथ खण्डकाव्यका प्रथम परिभाषाकार मानिन्छन् । उनले महाकाव्यको एक भागको अनुशरण गर्ने कृतिलाई खण्डकाव्य मानेका छन् । यसको तात्पर्य महाकाव्य कै एक खण्ड खण्डकाव्य हुन्छ भन्ने होइन कुनै बयानबाट एक अंश लिएर लेखिएको सम्पूर्णमा पूरा भएको काव्य खण्डकाव्य हो भन्ने विचार बालचन्द्र शर्माको रहेको छ । त्यस्तै जीवनको एक झलक प्रस्तुत गरिने एउटै रस एउटै छन्द भएको काव्य खण्डकाव्य हो भन्ने भनाई केशवप्रसाद उपाध्यायको रहेको छ भने भानुभक्त पोखरेलका मतमा कविताहरूमा पूर्वापरसम्बन्ध भएको एक रसात्मक सानो काव्य कृति खण्डकाव्य हो । यसैगरी मानव जीवनको एक पक्षको चित्रण हुने, एउटा तथ्यको उद्घाटन हुने र एउटा यथार्थको विश्लेषण हुने काव्य खण्डकाव्य हो भन्ने मत हिमांशु थापाको छ । खण्डकाव्यको परिभाषा दिने क्रममा डा. वासुदेव त्रिपाठीको मत केही फरक देखिन्छ । खण्डकाव्यले जीवन जगतको एक अंशलाई समेट्छ यसमा मुक्त वा बद्ध जुनसुकै लयको प्रयोग गर्न सकिन्छ ।

यसरी विभिन्न विद्वान्हरूका परिभाषाहरूका आधारमा खण्डकाव्यलाई चिनाउनु पर्दा जीवनको एक भागको पूर्ण शृंखलित लयबद्ध भाषिक अभिव्यक्ति नै खण्डकाव्य हो भन्न सकिन्छ ।

## २.३. खण्डकाव्यका तत्त्वहरू :-

तत्त्वले अङ्गलाई संकेत गर्दछ । के कस्ता अङ्गहरूको समायोजनबाट खण्डकाव्य कृतिको रचना गरिन्छ भन्ने कुरा खण्डकाव्यका तत्त्वका सन्दर्भमा चर्चा गरिएको पाइन्छ । खण्डकाव्य कविता विधाकै उपविधा भएपनि यो प्रबन्धकाव्य भएकाले यसका केही फरक किसिमका तत्त्वहरू हुनु स्वभाविकै हो । साहित्यको विकास क्रममा देखपरेका विभिन्न समयका विभिन्न विद्वान्हरूले आ-आफ्ना किसिमले खण्डकाव्यका तत्त्वहरूको प्रतिपादन गरेका छन् । ती विद्वान्हरूका खण्डकाव्यका तत्त्वविषयक चिन्तनको प्रतिपादनसँग केही मिल्दाजुल्दा खण्डकाव्यका अत्यावश्यक तत्त्वहरू यहाँ उल्लेख गरिन्छ।

### २.३.१. कथावस्तु :-

पात्रद्वारा गरिने कार्यव्यापारलाई कथावस्तु वा कथानक भनिन्छ ,जसले घटनाको क्रमिकतालाई देखाउने काम गदर्छ । कथावस्तु व्यक्तिकेन्द्री र विषयकेन्द्री हुनसक्छन् । कथावस्तुमा ऐतिहासिक, पौराणिक, सामाजिक, लोकप्रसिद्ध, बौद्धिक, दार्शनिक विषयवस्तु समेटिएका हुनसक्छन् । लेखकले कथावस्तुको विन्यास शृंखलित रूपमा गरेको हुन्छ । काव्यमा रोपिएको कथानकको एउटा सानो बीज विविध घटना क्रमका माध्यमले विकसित हुँदै चरमोत्कर्षमा पुगेर अन्त्य भएको हुन्छ । खण्डकाव्यमा पात्रबाट निर्मित घटनाको शृंखलाले एउटा निश्चित आकार पाउने भएकाले कथावस्तुलाई खण्डकाव्यको मूल तत्त्व मानिन्छ ।

### २.३.२. पात्र :-

कथावस्तुलाई अगाडि बढाउने कार्य पात्रद्वारा नै गरिन्छ । कथानकका सम्पूर्ण घटना र कार्यहरू पात्रमा निहीत हुन्छन् । पात्र एउटा माध्यम हो, जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थ प्रस्तुतीकरणको प्रयास गरिन्छ ।[18] पात्रले कथानकलाई गति दिँदै समाजका विविध क्षेत्रको प्रतिनिधित्वसमेत गर्ने गरेको पाइन्छ । काव्यमा पात्र स्त्री - पुरुष,मुख्य-सहायक,अनुकूल-प्रतिकूल आदि रहन्छन् ।

### २.३.३. वातावरण/परिवेश :-

काव्यमा उपस्थित पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रबिन्दु नै वातावरण वा परिवेश हो । परिवेशले देश, काल, र परिस्थितिलाई जनाउछ । पात्रको मनस्थितिलाई त्यहाँको परिवेशले प्रभाव पार्दछ । खन्डकाव्यमा परिवेशको प्रयोग आवश्यकता हेरी उपयोग गरिन्छ । काव्यमा कथानक र पात्रले अपेक्षा गरेअनुसारकै परिवेशको चित्रण गर्नुपर्छ । परिवेश अन्र्तगत समाजमा विध्यमान रहनसहन , रीतिस्थिति , धर्मसंस्कृति, भाषा, प्रकृति समेटिएका हुन्छन् ।

[18] केशवप्रसाद उपाध्याय **साहित्यप्रकाश** चौथो संस्करण साझा प्रकाशन २०४४, पृष्ठ १४०

## २.३.४. उद्देश्य/जीवन दृष्टि :-

कविले आफ्नो कृतिका माध्यमबाट पाठकसमक्ष कुनै न कुनै मुख्य विचार राख्ने प्रयास गरेको हुन्छ । कृतिले वहन गरेको त्यही मुख्य विचारलाई नै उद्देश्य भनिन्छ । यसलाई जीवन दृष्टि, जीवन दर्शन, केन्द्रीय भाव आदि पनि भनिन्छ । काव्यभित्र कविका विविध विचारहरू घोलिएर रहेका हुन्छन्, जसलाई सिङ्गै काव्य पढिसकेपछि काव्यको मूल चुरोका रूपमा पाइन्छ । यही नै काव्यको उद्देश्य हो । यसरी केन्द्रीय कथ्य हरेक खण्डकाव्यमा अभिन्न रूपमा रहने भएकाले यसलाई खण्डकाव्यको आधारभूत तत्वका रूपमा स्वीकार गरिन्छ ।

## २.३.५. भाव :-

रचनाकारले आफ्नो रचनामा अनेक भावहरू भरेका हुन्छन् । जीवनजगत्मा विद्यमान विविध भावमध्ये कुनै एक भावलाई स्वीकार पनि गरेका हुन्छन् । पूर्वीय साहित्यको रसवादी चिन्तनअनुसार कुनै पनि कृतिमा रति, शोक,उत्साह,भय आदि स्थायी भावमध्ये एउटा मुख्य भावका रूपमा रहेको हुन्छ । कृतिमा रहेको मूल भावलाई अन्य भावहरूले परिपाकको अवस्थामा पुर्‍याउन सहयोग गर्दछन् । जसले पाठकलाई आनन्दानुभूति प्रदान गर्दछ ।

## २.३.६. कथनपद्धति :-

कृतिको समस्त भाषा कथनपद्धतिमा आधारित रहने भएकाले खण्डकाव्यको तत्वका रूपमा यसको अपरिहार्यतालाई स्वीकार गरिन्छ । खण्डकाव्यमा कथनपद्धति दुई अवस्थामा रहेको देखिन्छ । कवि स्वयंले आफ्ना धारणाहरू व्यक्त गरेमा कवि प्रौढोक्ति हुन्छ भने कविले कुनै पात्रका माध्यमले आफ्ना धारणाहरूलाई व्यक्त गरेमा त्यसलाई कविनिबद्धवक्तृपौढोक्ति भनिन्छ । एउटै रचनामा पनि कविले दुबै पद्धतिको वा एउटै पद्धतिको प्रयोग गरेको पाइन्छ ।

## २.३.७. भाषाशैली :-

कृतिको अभिव्यक्तिको मूल माध्यम नै भाषा हो । लेखकले आफ्नो कृतिलाई सुहाउँदो खालको भाषाको प्रयोग गरेको हुन्छ । एउटा स्रस्टाले तत्सम ,तद्भव र आगन्तुक जस्ता विभिन्न श्रोतका शब्दहरू,उखान,टुक्का,विभिन्न सूक्तिहरू ,सरल, संयुक्त,मिश्र जस्ता वाक्यहरू आदिको प्रयोग गर्दछन् । शब्दहरूको उचित प्रयोगले काव्यात्मक भाषा सुन्दर सरल बन्दछ र सम्प्रेषणीय हुन्छ । त्यसैले काव्यको भाषाशैली सरल ,सुस्पष्ट,बोधगम्य ,लयात्मक र सरल हुनुपर्छ ।

## २.३.७. क. लय :-

कविताको मुख्य तत्व लय हो । गीति चेतनाको अभावमा कवितात्मक अभिव्यति सार्थक हुँदैन ।भाषाशैलीको पङ्क्ति,पङ्क्तिपुञ्जको उच्चारण र सुन्ने क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत प्रवाहको मिठास नै लय हो । खण्डकाव्यमा वार्णिक ,मात्रिक ,झ्याउरे, मुक्त जस्ता विविध लयको प्रयोग गरिएको पाइन्छ ।

## २.३.७. ख. अलंकार/प्रतीक :-

अलंकार काव्यको गहना हो । काव्यमा अलंकारहरू शब्दगत र अर्थगत गरी दुई प्रकारका हुन्छन् । तापनि मूल मर्म अर्थालंकारमा रहन्छ ।अर्थालंकारलाई बिम्बविधानको उपक्रमका रूपमासमेत लिने गरिन्छ । यसले काव्यलाई लालित्यमय, सौन्दर्यपूर्ण ,गम्भीर बनाउने कार्य गर्दछ । खण्डकाव्यमा अलंकारको स्थान विशिष्ट रहेको हुन्छ । अनुपस्थित वस्तुलाई बुझाउन राखिने उपस्थित वस्तु नै प्रतीक हो । कृतिकारले कतिपय कुरालाई प्रतीकका माध्यमले स्पष्ट पारेको हुन्छ । प्रतीकको प्रयोग सरल र भावकले बुझ्न सक्ने हुनुपर्छ र प्रसङ्गपूर्ण हुनुपर्छ । प्रतीकको प्रयोगले खण्डकाव्यको मूल्यलाई अभिबृद्धि गर्दछ ।

नेपाली खण्डकाव्यको परम्परालाई हेर्दा यसका विभिन्न कालखण्डहरू रहेको देखिन्छ । खण्डकाव्यको विकासक्रमलाई विभिन्न विद्वान्हरूले विभिन्न आधारमा काल विभाजन गर्ने गरेको पाइन्छ । त्यसरी वर्गीकरण गर्ने स्रष्टाहरूमा रत्नध्वज जोशी,बाबुराम आचार्य,यज्ञराज सत्याल, डिल्लीराम तिमलसिना,माधव भँडारी,ईश्वर बराल,कृष्णप्रसाद पराजुली,दिननाथ शरण,तारानाथ शर्मा,हर्षनाथ शर्मा भट्टराई,दयाराम श्रेष्ठ र मोहनराज शर्मा आदिले आ-आफ्नै आधारमा वर्गीकरण गरेका छन् ।

कसैले प्रकृतिका विषयको आधारमा, कसैले केन्द्रीय प्रतिभाका आधारमा, कसैले ऐतिहासिक,राजनीतिक मोडका आधारमा आ-आफ्नै ढङ्गले वर्गीकरण गरेका छन् । पुराना कविहरूका बारेमा पनि सम्पूर्ण अध्ययन भएको पाइदैन । आधुनिक कालका प्रारम्भका बारेमा त धेरै मतमतान्तरहरू पाइन्छन् र उपयुक्त समयको निर्धारण पनि भएको पाइदैन । यससन्दर्भमा बढी समीक्षकहरूले सहमति जनाएको र त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू ( लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल) ले तयार गर्नुभएको "खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य" को वर्गीकरण बढी मुनासिव रहेको देखिन्छ ।

जसअनुसार नेपाली खण्डकाव्यको विकासक्रमलाई निम्नलिखित तीन चरणमा विभाजन गरेर देखाउन सकिन्छ ।

## २.४.१. प्राथमिक काल (१८२६ - १९४०) :-

खण्डकाव्य कविताकै उपभेद भएकाले यसको विकासको इतिहास पनि कविताकै इतिहाससँग जोडिन पुगेकोछ । कविताको प्राथमिक कालमा देखापरेका वीर र भक्तिको धारागत प्रभाव प्राथमिक कालीन खण्डकाव्यमा परेको पाइन्छ । हालसम्मको अनुसन्धानको आधारमा नेपालका पहिला कवि सुवानन्ददास मानिएका छन् , उनले नै वीरधाराको प्रारम्भ गरेका थिए । उनका खण्डकाव्यात्मक कृति उपलब्ध नभए पनि कविताको श्री गणेश भने उनले नै गरेका हुन् ।[19] उनको **पृथ्वीनारायण** कविता (१८३०) तिरको मानिन्छ । यसै धाराका दैवज्ञकेशरी अर्यालको **अश्वशुभाशुभ** परीक्षा, वीरशाली पन्तका **वीरचरित्र, विमलबोधानुभव र सरसप्रेमावली** जस्ता कृतिहरूलाई खण्डकाव्यात्मक प्रयासका रूपमा लिने गरिन्छ । आख्यान पुष्ट नभएपनि काव्यात्मक मूल्य मान्यताका दृष्टिले ती कृति खण्डकाव्योचित देखिँदैनन् । ज्ञानमणि नेपालले उदयानन्द अर्यालद्वारा लिखित बेताल पच्चीसी नामक खण्डकाव्यास्तरको कृति फेला पारेका छन् । सर्वप्रथम लोकगाथालाई प्रस्तुत गरिएको भएपनि उक्त कृतिमा खण्डकाव्यको केही आभासमात्र पाइन्छ । यसरी वीरधारा कालमा खण्डकाव्यको नाम दिन सकिने कृति भटिएको छैन ।

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध वा भक्तिधाराको समयावधिमा आइपुग्दा शिष्ट नेपाली खण्डकाव्य लेखनको सुरुवात भएको पाइन्छ । अहिलेसम्मको अन्वेषणको आधारमा नेपाली भाषाको पहिलो खण्डकाव्यात्मक कृतिका रूपमा वसन्त शर्माद्वारा लिखित **'कृष्ण चरित्र'** (१८०४) लाई लिइन्छ ।[20] श्रीमद्भागवत र महाभारतबाट विषयवस्तु ग्रहण गरी शादूलविक्रीडित छन्दमा लेखिएको उक्त कृति पूर्ववर्ती कृतिहरूका तुलनामा सुन्दर, परिष्कृत र मौलिक मानिन्छ । सांसारिक प्प्तिलाई तुच्छ मानी आध्यात्मिक सन्देशलाई प्रस्तुत गर्ने मूल उद्देश्य बोकेर लेखिएको **समुद्र लहरी** (१९०१)[21] नामक लोककाव्य पनि उनको अर्को उल्लेख्य कृतिका रूपमा रहेको देखिन्छ । मौलिकता, आख्यानात्मकता र संरचनात्मकताका दृष्टिले शर्माका यी दुवै कृतिहरू विशिष्ट मानिन्छन् । यिनकै प्रवृत्तिमा रहेर यदुनाथ पोखर्यालले कृष्ण चरित्र र **गोर्खा सेना वर्णन** (१९९०-१९९४) ।[22] जस्ता कृतिहरू लेखेको भेटिए तापनि तिनीहरूमा खण्डकाव्यत्मक तत्त्वको कमी पाइन्छ । भानुभक्त आचार्यका खण्डकाव्य जस्ता कृति **बधूशिक्षा**.(१९१९) । **भक्तमाला**(१९१०), **प्रश्नोत्तर** (१९१०) आए पनि खण्डकाव्य धर्मी सबै तत्त्वको पालना उक्त कृतिहरूमा भएको देखिँदैन । अनुवाद र मौलिकताको दोसाँधमा गुज्रँदै आएको यसचरणमा ज्ञानदिल दासको **'उदय लहरी'** (१९३४) नामक खण्डकाव्यात्मक कृतिले सर्वप्रथम मौलिकतालाई आत्मसात गरेको पाइन्छ । लोकलयमा लेखिएको यस कृतिले आद्योपान्त स्वरगत मिठास र कौतुहललाई नल्याए पनि खण्डकाव्योचित विशिष्ट तत्त्वलाई भने राम्ररी समेटेको छ ।

[19] खगेन्द्रप्रसाद लुईंटेल **नेपाली कविता** विद्यार्थी पुस्तक पसल भण्डार भोटाहिटी काठमाडौं, प्रथम संस्करण २०५४, पृष्ठ १६

[20] खगेन्द्रप्रसाद लुईंटेल **नेपाली कवि र कविता** विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाडौं, प्रथम संस्करण २०५४, पृष्ठ १६

[21] पूर्ववत्

[22] बाबुराम आचार्य, **पुराना कवि र कविता** छैंटौं संस्करण २०५० साझा प्रकाशन

यस चरणमा देखापरेका सवाइलाई पनि खण्डकाव्यधर्मी कृति मान्न सकिन्छ । सवाइका क्षेत्रमा लालबहादुरको **भोटको लडाइँको सवाइ**(१९९२) तिर र नरबहादुर राणाको'**जङ्गबहादुरको सवाइ**'(१९९२)पनि उल्लेख्य सवाइ कृतिका रूपमा देखापर्दछन् । यी सवाइ काव्यमा लोकगाथात्मक तत्त्व भेटिए पनि यिनीहरूलाई पूर्ण खण्डकाव्यात्मक कृतिका रूपमा भने गणना गर्न सकिन्न । यस चरणका छविलाल नेपाल षडानन्द लोहनी वैयाकरण नेपाल आदिको खण्डकाव्य लेखनको प्रयास पनि उल्लेखनीय देखिन्छ । यसरी यस चरणमा खण्डकाव्यविधाले पूर्णतया विधागत सचेतता र तत्त्वगत पूर्णतालाई प्राप्त गर्न नसके पनि खण्डकाव्य रचनाको पूर्ण अभ्यासलाई भने अवश्य प्राप्त गरेको पाइन्छ ।

२.४.२. माध्यमिक काल (१९४१-१९७४) :-

खण्डकाव्यात्मक कोटिमा गणना गरिएका कृतिहरूको प्रकाशन प्राथमिक कालमा हुनसकेन । नेपाली खण्डकाव्य जगत्को माध्यमिक कालको सुरुवातसँगै प्रकाशनको पनि सूत्रपात भएको पाइन्छ । विषयवस्तु र बनौटको आधारमा पनि प्राथमिक कालभन्दा माध्यमिक काल नितान्त भिन्न देखापर्दछ । माध्यमिक कालको प्रारम्भिक अवस्थामै शृंङ्गारिकताले प्रभाव पारेको पाइन्छ । राणाहरूको भोग विलासी प्रवृत्ति र हिन्दी उर्दू जस्ता भाषाबाट आयातित गजल र नाटकीय प्रभावले पनि यस काललाई प्रभावित पारेको देखिन्छ । शासकलाई स्तुति गानले खुसी पार्नु र व्यक्तिगत स्वार्थपूर्तिका विषयवस्तु ग्रहण गर्नु तत्कालीन कविहरूको वाध्यता भएको पाइन्छ । प्रकाशन युगको प्रारम्भ मौलिक अभिव्यक्तितर्फको चासो सौन्दर्य चेतना शृंङ्गारको प्रधानता आदि यस धाराका महत्वपूर्ण प्रवृत्तिका रूपमा देखापरे । माध्यमिककालीन खण्डकाव्य लेखन प्राथामिककालीन आख्यानात्मक कविताको प्रभाव र परम्परागत लोकप्रेरित कविताको प्रभावसाथै संस्कृत,अरवी-फारसी शृंङ्गारिक धाराको प्रभावबाट पनि प्रभावित देखिन्छ । यस प्रभावबाट प्रभावित कृतिमा हेमनाथको **'रामाश्वमेघ काण्ड'** शिखरनाथको **कर्णपर्व**, लक्ष्मीदत्तको **हरिश्चन्द्र वर्णनम्**, मोतीरामका **गजेन्द्र मोक्ष**, (१९४८) **उषा चरित्रं** (१९५५) र **प्रह्लाद भक्तिकथा** (१९४८) गोपिनाथको **'नलोपाख्यान'** शम्भु प्रसादको **द्युतशतकादि** प्रमुख देखिन्छ । पौराणिक कथावस्तु र घटनाक्रममा आधारित भएर तत्कालीन जनमानसलाई भक्ति ज्ञान तथा व्यावहारिक सन्देश दिनु उक्त कृतिका उद्देश्य रहेको बुझिन्छ ।

माध्यमिक कालको विशिष्ट प्राप्ति भनेको शृङ्गारिक धारा नै हो । यसलाई जन्म पालनका साथै पूर्णजीवन दिने कार्य मोतीराम भट्टद्वारा भएको देखिन्छ । यस धाराका कृतिहरूमा मोतीराम भट्टको पीकदूतले (वि.स. १९७४) पूर्ण उचाइलाई छोएको बुझिन्छ । उनको **उषा चरित्र**मा (वि.स. १९५५) आख्यान र कवित्व दुवैको समन्वय पाइन्छ भने पीकदूतमा कथालाई सूत्रात्मक रूपमा वर्णन गरेको पाइन्छ । आकार प्रकारका दृष्टिले पीकदूत सानो खण्डकाव्यात्मक रूपमा देखापरे पनि कवित्वका दृष्टिले यसलाई पूर्ण कृति मानिन्छ । यस समयका अन्य उल्लेखनीय खण्डकाव्यात्मक रचनामा मोतीराम कै 'कमलभ्रमर संवाद' शम्भुप्रसाद ढुङ्गेलका **चन्द्रवदनी र वेश्या वर्णनम्** (१९८३) लाई लिन सकिन्छ । यसै युगको युगीन प्रभावबाट खण्डकाव्य लेख्ने कविहरूमा कृष्णप्रसाद रेग्मी **'रम्भाशुक संवाद, बाह्रमासे,ऋतुमाला , कामिनी विरह लहरी, शृंङ्गार** माला (१९६०) राजीवलोचन जोशीको **केदार गल्प** (१९४७) शिखरनाथ सुवेदीको **कृष्णचरित्र, शृङ्गार दर्पण ,बाह्रमासे** (१९५५)तारानाथ शर्माको **राघव विलाप** ( १९८०),**नेपाल शतक** (२००८) आदि चर्चायोग्य मानिन्छन् ।माध्यमिक कालका काव्य कृतिमा परम्परागत लोकप्रेरित कृति देखापर्दछन् । यस्ता लोकप्रेरित काव्यहरू तीन किसिमका देखिन्छन् - लहरीकाव्य, सवाइकाव्य र बाह्रमास । देखेसुनेका विशिष्ट घटनाहरू तथा व्यक्तिगत जीवन भोगाइका अनुभव समेटेर लेखिएका सवाई काव्यहरू तत्कालीन समयमा लोकप्रिय रहेका देखिन्छन् । यस्ता लोकप्रिय सवाइहरूमा भनीराम साहीको **'चरीको सवाइ'** एक रमाइलो र महत्वपूर्ण सवाइ हो । यस्ता सवाइ लेख्ने कविहरूमा अमृतमान सिंजापति ,डाकमान राई , मणिराम जोशी, कृष्णबहादुर राणा, भवानी शंकर घिमिरे ,प्रताप सिंह राई आदिको नाम उल्लेख्य देखापर्छ । वि.स. १९५८ देखि यस्ता लहरीकाव्यमा शृंगारको प्रभाव पाइन्छ भने यस पूर्वका लहरी काव्यमा लोकजीवनका विविध पक्षको चित्रण पाइन्छ । प्रोषितभतृकाको मानसिकताको अभिव्यक्ति भएका बाह्र मासा लेख्ने कवि प्रतिभाहरूमा शिखरनाथ सुवेदी, पहल मानसिंह स्वाँर, केदारनाथ खतिवडा आदिको स्थान र यिनीहरूको भूमिका महत्वपूर्ण देखापर्छ ।

यसरी प्राथमिक र माध्यमिक कालीन खण्डकाव्यको विकासका चरणलाई दृष्टिगत गर्दा प्राथमिक कालको तुलनामा माध्यमिक कालले नयाँ उचाइलाई प्राप्त गरेको भए पनि पूर्ण उचाइ प्राप्त गर्न आधुनिककाल नै पर्खनुपर्ने स्थिति सवैका सामु प्रष्ट छ ।

२.४.३. आधुनिक काल (१९७५देखि हालसम्म) :-

नेपाली कविता साहित्यमा स्तरीकरणको प्रयाससँगसँगै आधुनिकताको सुरुवात भएको पाइन्छ । **सूक्तिसिन्धु** १९७४ को प्रकाशनपछि विधिवत् रूपमा नेपाली कविताको माध्यमिक कालको अन्त्य हुन्छ । यस कृतिमा कविताको स्तरीकरणको प्रयास पाइन्छ । लेखनाथको **शोकप्रवाह** (१९७०) पनि स्तरीकरणको अर्को विशिष्ट प्राप्ति हो । लेखनाथले ५० श्लोके आफ्नो **'वर्षा विचार'** नामक कृतिलाई ३०० श्लोकको **ऋतुविचार** (१९७३) खण्डकाव्यमा परिणत गरे । यही खण्डकाव्य नै नेपाली भाषाको आधुनिककाल औँल्याउने लक्ष्मणरेखा हो । यसरी हेर्दा नेपाली कविताको माध्यमिक कालको चरमोत्कर्ष र आधुनिककालको पूर्व संकेत एकै समयमा भएको पाइन्छ । ऋतुविचारमा भएको एकान्विति काव्यात्मकता आदिका कारणले नै यो नेपाली खण्डकाव्य साहित्यको स्तरीय र आधुनिक खण्डकाव्य बन्नपुगेको छ ।

लेखनाथको **'ऋतुविचार'** खण्डकाव्य प्रकाशित भएपछि पौराणिक र सांस्कृतिक चेतनामा नै परिवर्तन आउँछ, उद्दीपन भावका रूपमा रहेको प्रकृति अब आलम्वन भाव बन्न पुग्दछ । पाश्चात्य साहित्यमा विकसित रुमानी भावको प्रभावले गर्दा प्रकृति स्वयं सजीव र मानवीय सुख दुःखको सहचर बन्न पुग्दछ ॥ रुमानी काव्यधारामा रहस्यमय कल्पनाहरू विश्वसृष्टि र मानवहृदयको गोप्य रहस्यलाई उद्घाटन गर्ने साधन बन्दछ । ऋतुविचारपछि आजसम्मको नेपाली खण्डकाव्यको विकासक्रममा तीन मोडहरू देखापरेका छन् । जसलाई संक्षिप्त रूपमा निम्न अनुसार चर्चा गरिन्छ ।

### २.५.१.पहिलो मोड(१९७३-१९९१) परिष्कारवादी धारा :-

नेपाली खण्डकाव्यको परम्परामा माध्यमिक काल र आधुनिक कालको चरण विभाजक बिन्दुका रूपमा परिष्कारवादी धारा देखापर्दछ । परिष्कार, परिमार्जन र स्तरीयताका साथ कविता सिर्जना गर्ने यस धाराले नेपाली व्याकरणको लेख्य अनुशासनलाई समेत पालना गरेको देखिन्छ । यस धाराका कविहरूमा समाजसुधार सांस्कृतिक पुनर्जागरण तथा आध्यात्मिक सुधारका  संकेतहरू प्रवृत्तिगत विशेषताका रूपमा रहेका छन् भने प्रकृतिको सौन्दर्यको वर्णन ,सामाजिक र शास्त्रीय मान्यताको पालना,वैज्ञानिक चिन्तनको समावेश,भाव भाषा र लयको उचित सन्तुलन, परिष्कारको उचित सम्वहनलाई पनि कविहरूले लिएका छन् । नेपाली खण्डकाव्यको इतिहासमा आधुनिक कालको प्रारम्भमा देखापरेको यो धारा आधुनिक कालको पहिलो मोडका रूपमा रहेका छ । लेखनाथ पौड्यालबाट प्रारम्भ भएको यस धाराका केन्द्रीय प्रतिभा पनि लेखनाथ नै रहेका छन् । यस अवधिमा लेखनाथमात्र खण्डकाव्यकारका रूपमा स्थापित भए र उनका **ऋतुविचार, बुद्धिविनोद**(१९७३),**सत्यकलि संवाद**(१९७६),**गीताञ्जलि** जस्ता खण्डकाव्यहरू यस मोडका उत्कृष्ट खण्डकाव्य रहे । यसै धारालाई अँगालेर काव्य सिर्जना गर्ने अन्य कविहरू हुन्- ,चक्रपणि चालिसे'**चक्र कविता तरङ्गिणी**(२०१५),धरणीधर कोइराला '**नैवेद्य**(१९७७),**स्पन्दन**(२००४), महानन्द सापकोटा **'मन लहरी'** (१९८०), **अपुँङ्गो**(२००७),**विशाल नेपाल**(२००८), **हाम्रो नेपाल** (२००८),**आँटे** (२००९), कुलचन्द्र गौतम '**अलंकार चन्द्रोदय** (१९७५), **राघवालंकार**(२०१६), बालकृष्ण सम **आगो र पानी** (२०१०)आदि यस धाराको मुख्य अवधि वि.सं.१९७३ देखि १९९१सम्म रहे पनि हालसम्म परिष्कारवादी खण्डकाव्यहरू लेखिँदै छन् ।

### २.५.२.दोस्रो मोड(१९९२-२०२०)स्वच्छन्दतावादी धारा :-

परिष्कारवादको भन्दा भिन्न नयाँ प्रवृतिहरूलाई लिएर देखापरेको स्वच्छन्दतावादले छुट्टै मोडको थालनी गर्दछ । यसको आगमन पश्चात् नेपाली खण्डकाव्यको आधुनिक कालले नयाँ मोड लिन्छ । वि. सं.१९९२ सालमा देखापरेको 'मुनामदन ' खण्डकाव्यले नेपाली खण्डकाव्यलाई दोस्रो मोडमा प्रवेश गराउँछ । आख्यन र कवित्वको सन्तुलन रहेको यस खण्डकाव्यले पाश्चात्य साहित्यमा प्रचलित स्वस्च्छन्दतावाद नेपाली साहित्यमा भित्र्याउने काम गऱ्यो । मुनामदनमा नेपाली माटोप्रतिको ममता,नेपाली सभ्यता र संस्कृतिको यथार्थ चित्र, प्रकृतिको सुन्दरतामा रमाउँने नेपाली जन-जीवन तथा कृतिम र यान्त्रिकभन्दा प्राकृतिक जीवनप्रति मोह व्यक्त भएको छ र मानवको पवित्र र उज्ज्वल चित्र पनि उतारिएको छ । शास्त्रीयवादको विरोधमा देखापरेको यस वादले परिष्कारवादी मान्यतालाई स्वीकार गर्दैन बरु कवित्वको स्वच्छन्द विचरणमा रमाउन  चाहन्छ । प्रकृतिको मन्मय चित्रण,अतीतप्रतिको मोह, मानवतावाद,राष्ट्रप्रेम तथा शास्त्रीय बन्धनबाट मुक्तिको चाहना यस धाराका कविहरूका प्रवृतिगत विशेषता हुन् । यस धारामा २००४सालपछि प्रगतिवादी विचारले साइनो गाँस्न पुगेको पाइन्छ ।यसै कारण २००४सालपछिको समयलाई स्वच्छन्दतावादी-प्रगतिवादी युगका नामले पुकारिन्छ । स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा देखापर्दछन् । उनका यसै समयका **मुनामदन, कुञ्जिनी**(२००२),**राजकुमार प्रभाकर**(२००५)**पहाडी पुकार**(२००५),**वसन्ती** (२००९) जस्ता खण्डकाव्यहरू प्रकाशित भएका पाइन्छन् । यसै मोडलाई

अगाडि बढाउन सिद्धिचरण श्रेष्ठका **उर्वशी** (२०१७) ,**ज्यानमारा शैल**(२०२३),**मङ्गलमान**(२०४९),**आँसु**(२०५०),माधव घिमिरे, **पापिनी आमा,नयाँ नेपाल** (२०१३) **गौरी**(२०१५) **राजेश्वरी**(२०१७),**राष्ट्रनिर्माता** (२०२३),**धर्ती माता**(२०३०)यद्धप्रसाद मिश्रका **मुक्ति रामायण ,अरण्य काव्य**(२०२७),**मुक्त सुदामा**(२०२९) **वेनवध** (?) केदारमान व्यथितका मेरो सपनामा हाम्रो देश र हामी(२०३४),मेरी प्रेयसी र प्रजातान्त्रिक स्वतन्त्रता(२०३६),अगमसिँह गिरीका **आत्मव्यथा** (२०१६),**आँसु**(२०२४) आदिले महत्वपूर्ण योगदान प्रदान गरेका छन् । श्रेष्ठको '**उर्वशी**' ,घिमिरेको '**राजेश्वरी**' यसै अवधिका उत्कृष्ट कृतिहरू हुन् भने आधुनिक समयमा पनि यसै धारालाई आत्मसात गर्दै खण्डकाव्यहरूको रचना भइरहेको पाइन्छ ।

वि.स.(१९९२-२०२०) सम्मको समयलाई आधुनिक नेपाली खण्डकाव्यको दोस्रो मोड मूलतःस्वच्छन्दतावादी समय माने पनि यस समयावधिमा पहिलो मोडमा प्रचतिल परिष्कारवादी धारा पनि चलिरह्यो । स्वच्छन्दतावादी नयाँ मोडहरू भित्र्याए पनि परिष्कारवादको अन्त्य भएन र यसै परिष्कारवादलाई अवलम्वन गर्दै लेखिएका खण्डकाव्यहरूमा भीमनिधि तिवारीका **तर्पण**(१९९१),**यशस्वी शव**(२०१३) ,लेखनाथ पौड्यालको **मेरोराम** (२०११) समको '**आगो र पानी** 'माधवप्रसाद देवकोटाको '**हुस्सु पथिक**' (२०१०) ,गुणराज उपाध्यायका '**अश्रुपात**'(२००३) ,**गोविन्द गीत** (२००२)र **शान्ति शतक** (२००२), मोदनाथ प्रश्रितका '**आमाको आँसु**'(२०१९),**बुबा खै** ?(२०२०)आदि पर्दछन् ।

## २.५.३.तेस्रो मोड (२०२१देखि हालसम्म)प्रयोगवादी धारा :-

नेपाली कविताको इतिहासमा महाकवि देवकाटाको अवसानपछि नयाँ मोड देखापऱ्यो । वि.सं.२०१७ सालपछिको राजनैतिक क्रान्तिको परिवर्तनले ल्याएको परिवर्तनले अन्योल र त्यसबाट युवा कवि वर्गमा पर्न गएको नैराश्यजनक प्रभावले पाश्चात्य साहित्यमा प्रचलित अस्तित्ववाद ,विसङ्गतिवाद,बिम्बवाद आदिको नवीन चिन्तनका प्रभावमा परम्परा भिन्न नयाँ कविता लेखनको प्रारम्भ भयो । मोहन कोइरालाको 'रूपरेखा' पत्रिकामा प्रकाशित 'घाइते युग'(२०१७) नामक फुटकर कवितले यस प्रवृत्तिलाई नेपाली कविताका क्षेत्रमा प्रवेश गरायो । कविताका क्षेत्रमा यसले नयाँ प्रयोगलाई भित्र्याएकाले यसको नाम पनि प्रयोगवादी धारा रहन गयो । संरचनाको अस्वीकार, अमूर्त लेखन, जीवनका तत्क्षणको अभिव्यक्ति, जीवनका विशृंखलित भावहरूको समग्र प्रकाशन र सम्प्रेषणगत दुरुहता यस प्रयोगवादी लेखनका विशेषता हुन् । यस धाराका कविहरूको मतमा जीवनलाई समष्टि प्रभावमा व्यक्त गरिने हुनाले यस्ता कविताको अर्थ पनि समष्टिमै बुझ्नु पर्छ । यसरी नयाँ आग्रह बोकेर नेपाली कवितामा भित्रिएको यस प्रवृत्तिले फुटकर कविताबाट विस्तारित हुन केही समय झेल्नु पऱ्यो । आयामका दृष्टिले फुटकर कविताभन्दा लामा अङ्ग्रेजी साहित्यका कविताका ढाँचामा देखापर्न थालेका यस प्रवृत्तिका कविताले नेपाली कविताको आयामगत वर्गीकरणमा समस्या उत्पन्न हुन पुग्यो । यसैले काव्यिक मूल्यका दृष्टिले खण्डकाव्य नभनिए पनि आयामगत ढाँचाका आधारमा यस्ता कृतिलाई खण्डकाव्य समकक्षी कृति लामो कविता मानेर भन्न थालियो र यिनै लामा कविताहरूलाई नेपाली खण्डकाव्यको इतिहासमा आधुनिक कालको तस्रो मोडमा राखिएको पाइन्छ ।

वि.सं.२०२० सालअघि प्रयोगवादी फुटकर कविता देखापरे पनि यसपछिमात्र लामा कविताहरू प्रकाशित भएका पइन्छन् । द्वारिका श्रेष्ठको,**एउटा चुरोटको ठुटो दिनको प्रकाशमा**(२०२१)बाट लामो कविता लेखनको आरम्भ भएको पइन्छ ।[23] यसपछि मदन रग्मीको **आजाजुजे पहाड र घाउका आँखा** (२०११) र यस धाराका प्रवर्तक मोहन कोइरालाका '**सूर्यदान**' (२०२२), **लेक** (२०२३), **पलङ नं.२१**(२०२८), **नुन शिखरहरू**(२०३१), **नदी किनारका माझी**(२०३८)आदि लामा कविताहरू देखापरे । प्रयोगवादी धाराकै कवि ईश्वरवल्लभको '**मेरी आमाले आत्महत्या गरेको देश**(२०२८) देखापऱ्यो । असित राईको '**अक्टोपस**' कणाद महर्षिको **फुलेका लाभाहरू,** वानिरा गिरीको '**मेरो आविष्कार** '(२०४१), रत्नशमशेर थापाको '**क्षितिजको झुल्का**',आदि लामा कविताले कविता लेखनलाई अगाडि बढाए । यो प्रवृत्ति हाल पनि चलिरहेको देखिन्छ ।

नेपाली खण्डकाव्य परम्परामा २०२१पछि प्रयोगवादी धाराले नवीन मोड ल्याए पनि आधुनिक कालका पहिलो र दोस्रो मोडका प्रयोगवादी र स्वच्छन्दतावादी खण्डकाव्यहरू यस समयावधिमा पनि प्रकाशित भएका छन् ।यस समयमा देखापरेका खण्डकाव्यहरू हरिहर शास्त्रीका '**उषाविनोद**'(२०२४),**रम्भा**(२०२५),**समय** (२०२९) भरतराज पन्तको **शैलपुत्री**(२०३९),बदरीनाथको '**सिन्धुलीको झलक**' गोविन्द भट्टको '**शान्ति सन्देश**' साम्भभक्त सुवेदीको '**सत्यब्रत,**लेखनाथको **गङ्गावतरण**(२०३९)आदि प्रमुख हुन् ।

[23] नेत्र एटम् **प्रयागवादी नेपाली कविता र द्वारिका श्रेष्ठ**, समकालीन साहित्य (वर्ष १० अङ्क १ पूर्णाङ्क ३७ फाल्गुण चैत्र २०५६, बैशाख ज्येष्ठ २०५७ पृष्ठ ९३ ।

यही समयमा दोस्रो मोडको स्वच्छन्दतावादी प्रवृत्तिलाई अवलम्वन गर्दै खण्डकाव्य लेख्नेहरूमा सिद्धिचरण श्रेष्ठको '**ज्यानमारा शैल**'(२०२३),**मङ्गलमान** ,माधव घिमिरेको **'राष्ट्रनिर्माता,'मालतीमङ्गले**(२०३८)वासुदेव त्रिपाठी '**अर्द्धनारीश्वर**'(२०३९)।घनश्याम कँडेलको '**देवयानी**' (२०३९), युद्धप्रसाद मिश्रको '**मुक्ति रामायण**','**मुक्त सुदामा**' आदि हुन् ।

यसरी आधुनिक नेपाली खण्डकाव्य परम्परामा नयाँ-नयाँ मान्यताहरू विकसित भैरहे पनि पहिले दोस्रो मोडका विशेषताहरू प्रत्येक अर्को मोडमा देखापर्दै आइरहेका छन् र अहिलेको समयलाई प्रयोगवादको माने पनि यसका अतिरिक्त परिष्कार र स्वच्छन्दतावादलाई पनि खण्डकाव्यकारहरूले बिर्सन सकेका छैनन् ।

# अध्याय ३.

३. मलाई मनपर्ने केही प्रमुख नेपाली खण्डकाव्यकारहरू :-

### ३.१.१. कवि शिरोमणि लेखनाथ पौड्याल र उनको 'ऋतुविचार':-

नेपाली खण्डकाव्यका इतिहासमा कविशिरोमणी लेखनाथ पौड्याल (१९४१-२०२२) परिष्कारवादी बहुचर्चित कविका रुपमा देखापर्दछन् । उनका काव्यकृति नेपाली काव्य जगत्का महत्वपूर्ण वैभवका रुपमा रहेका छन् । माध्यमिककालीन अन्तिम नयाँ कवि र अधुनिक कालीन पहिला पुराना कविका रुपमा पौड्याललाई हेर्ने गरिन्छ । शास्त्रीयतावादी धाराका केन्द्रीय व्यक्तित्व र आध्यात्मिक चिन्तकका रुपमा उनको योगदान विशिष्ट देखिन्छ ।

सुरुमा शृंगारिक धारामा कविता लेख्ने लेखनाथ पछि क्रमशः परिष्कारवादी धारातिर प्रबृत्त भएका पाइन्छन् । उनले पूर्वीय आध्यात्म दर्शनलाई आधार बनाएर आफ्ना काव्यमा सामाजिक सांस्कृतिक स्वर सुसेलेका छन् । आध्यात्मिकतातर्फको आकर्षण पाइने उनका कवितामा प्रकृतिको वस्तुपरक चित्रण गरिएको छ । पूर्वीय शास्त्रीय छन्दका कुशल प्रयोक्ता लेखनाथका कवितामा सहज,सरल,सुबोध्य, सन्तुलित, आलङ्कारिक, परिष्कृत र परिमार्जित भाषा शैलीको प्रयोग पाइन्छ । उनी माध्यमिककालीन नेपाली कविताको परिष्कारवादी धाराका अग्रणी कवि हुन् ।

### ३.१.२. मलाई लेखनाथ मनपर्नुको कारणहरूः-

कवि लेखनाथ पौड्यालका कविताहरू शास्त्रीयतावादमै आधारित भएर आएका भए पनि नेपाली परिवेश अनुरूपको कथात्मकता र वर्णनशैलीले मलाई आकृष्ट गरेको छ । आजको गद्यप्रचूर कविता धारा सशक्त सलबलाइरहेको अवस्थामा पनि लेखनाथको लयात्मकता र पौढ प्रकृति चित्रणले मलाई मोहनी लगाएको छ । सोमनाथ सिग्द्यालको पान्डित्यपूर्ण प्रस्तुति नभई परवर्ती लक्ष्मीप्रसाद देवाकोटा र माधव घिमिरेले जस्तै भावलाई सन्तुलित रूपमा प्रयोग गर्नु र नेपाली समाजमा प्रचलित बिम्बप्रतीकहरूको प्रयोग गर्नुले पनि कताकता मलाई लेखनाथीय शैलीले आकृष्ट गरेको छ । खासगरी आफू पनि त्यही शास्त्रीय परिष्कारवादी धारामै छु जस्तो लाग्छ । एवं मैले त्यो आदर्श लेखनाथ पौड्याल नै ठानेको छु । त्यसै गरी उनका काव्यहरूले ममा कवित्वको प्रस्फुटनको बीज निर्माण गरेको महसुस गर्दछु । सानैदेखि लेखनाथका दशैं , तिहार आदि कविताले मलाई साच्चै मोहनी लगाएको हो । उनको परिवेश चित्रण ,प्रकृति चित्रण, कलात्मक भाषाशैली , स्वच्छन्दलयात्मकता, पाण्डित्यरहित वर्णन शैली आदिले मलाई उनका कविताहरू औधी मन पर्छन् ।

### ३.१.३. लेखनाथको 'ऋतुविचार' खण्डकाव्य :-

नेपाली साहित्यमा केवल खण्डकाव्य विधाका मात्र नभएर समग्र कविता कै आधुनिक कालका प्रवर्तक हुन् कवि शिरोमणि लेखनाथ पौड्याल(१९४१-२०२२) । सुरु-सुरुमा शृंङ्गारिक कविता लेख्ने लेखनाथले आफ्नो 'ऋतुविचार'( १९९३)खण्डकाव्यसँगै काव्यविधामा आधुनिक कालको सुरुवात गरेको पाइन्छ । वस्तु शिल्पमा परिष्कारवादी शास्त्रीयतावादी धाराको स्थापना गर्ने वेदान्त दर्शनका अनुयायी लेखनाथ आध्यात्मिक परम्परामै जीवनका उद्देश्यहरू र प्राप्तिहरूको विश्लेषण गर्दछन् । समकालीन कविहरूको तुलनामा काव्यात्मक भाषा,सुमधुर शैली,आध्यात्मिक र दार्शनिक पक्षको सशक्त अभिव्यक्ति जस्ता गुणहरूले लेखनाथ विशिष्ट साहित्य साधक ठहरिएका छन् । उनका प्रमुख कृतिहरूमा ऋतुविचार,बुद्धिविनोद, सत्यकलिसंवाद, हुन् भने लालित्य कविता संग्रह भाग १ र २ मा विभाजित छ । 'तरुण तपसी'नव्यकाव्य र 'गङ्गा गौरी'महाकाव्य -अपूर्ण) आदि हुन् ।

कवि शिरोमणि लेखनाथ पौड्यालको अत्यन्तै चर्चित र नेपाली खण्डकाव्यकै मौलिक खण्डकाव्य हो ऋतुविचार । संस्कृत साहित्यका महाकवि कालिदासको ऋतुसंहारबाट प्रभाव ग्रहण गरेर लेखिएको यस

काव्यमा छवटा ऋतुहरूलाई नै मुख्य विषयवस्तु बनाएर प्रकृतिको मनोरम छटाको वर्णन गरिएको छ । वसन्तदेखि शिशिरसम्मका प्रत्येक छ ऋतुलाई अनुष्टुप् छन्दका १००श्लोक र एउटा कविको नम्रता प्रकट गर्ने मालिनी छन्दको श्लोक गरी यसको संरचनामा जम्मा ६०६ श्लोक विद्यमान छन् । प्रबन्ध विधान र आख्यान तन्तु झिनो भए पनि ऋतुविचारलाई सबै विज्ञहरू खण्डकाव्य मान्न तयार छन् । यस खण्डकाव्यमा छवटै ऋतुहरूलाई नायक मानिएको, ऋतुहरू अनुसार पर्ने प्राकृतिक प्रभावलाई चरित्र मानिएको र प्रकृतिलाई मानवीय जीवन प्रदान गरिएको छ ।मानवीय धेरै क्रियाकलापहरू प्रकृतिसँग प्रतिबिम्बित भएका छन् । यो खण्डकाव्य कवि लेखनाथको परिचायक बनेको छ भने यसभित्र सांस्कृतिक, धार्मिक, नैतिक जस्ता प्रचीन विषयवस्तु र सामाजिक चेतनामूलक नवीन विषयवस्तुहरू पनि समेटिएका छन् । आख्यान र पात्रको दुर्वलता भए पनि अलंकारको चमत्कार,विषयवस्तुको

रोचक प्रस्तुति ,परिष्कारको सफल प्रयोग जस्ता गुणहरूले ऋतुविचार खण्डकाव्य नेपाली खण्डकाव्य परम्परामै छुट्टै र उच्चस्थान प्रप्तगर्न सफल भएको छ ।

यसरी लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्य प्रकृति ,दर्शन र समाजको काव्यात्मक सफल प्रयोग हो ।त्यसैले उक्त काव्य नेपाली काव्य-परम्परा कै विशिष्ट प्राप्ति बन्नका साथै लेखनाथको शिल्पकालिगडीको एक सुन्दर नमुना पनि हो ।

## ३.२.१. युगकवि सिद्धिचरण श्रेष्ठ :-

नेपाली साहित्यको कविता विधामा युग कवि सिद्धिचरण श्रेष्ठको नाम उच्च स्थानमा अंकित छ । कविता साधनाको लामो अवधिसम्ममा उनले आफ्नो काव्यिक चेतनालाई फुटकर कवितादेखि खण्डकाव्यका स्तरसम्म उकालेका छन् । खण्डकाव्यभन्दा माथि भने सिद्धिचरणको कवित्वले यात्रा गरेको पाइदैन । नेपाली कविताको आधुनिककालमा महाकवि देवकोटाले नेतृत्व गरेको स्वच्छन्दतावादी धाराका कवि प्रतिभा सिद्धिचरणका उर्वशी, मंगलमान, ज्यानमारा शैल, विश्वव्यथा, नेपाल र आँशु खण्डकाव्यहरू प्रकाशित देखिन्छन् ।
प्रारम्भमा युवा सुलभ प्रणयभाव प्रकृतिको मिहिन तथा सुकुमल पक्षको चित्रण गर्ने सिद्धिचरण १९९७को सहिद काण्डपछि विद्रोही तथा क्रान्तिकारी कविका रुपमा देखा परेका हुन् । उनी तत्कालीन नेपालको सामाजिक, आर्थिक विषमता र राजनीतिक परिवेशप्रति व्यङ्ग्य र विद्रोह प्रकट गर्ने क्रान्तिकारी, प्रगतिवादी कविका रुपमा देखा परेका छन् । उनका कवितामा शास्त्रियतावादी वौदिक चिन्तन नभई स्वच्छन्दतावादी हार्दिक सम्बेद्यता पाइन्छ । उनले आफ्ना कोमल अनुभूतिहरूलाई सहज र स्वभाविक एवं सुन्दर ढंगले स्वतःस्फूर्त भाषा शैलीमा कविताको रचना गरेका छन् ।

## ३.२.२.मलाई सिद्धिचरण श्रेष्ठ मनपर्नुका कारणहरू:-

कवि सिद्धिचरण श्रेष्ठको राष्ट्र र मातृभूमिप्रतिको मोहले कताकता मेरो मुटुको धड्कनलाई पनि त्यतैतिर आकृष्ट गरेको हो कि जस्तो लाग्छ । उनको 'वखलढुङ्गा' कविता र 'मेरो नेपाल ' खण्डकाव्यले मातृभूमिप्रतिको मेरो चाहनालाई अति कोमल तुल्याइदिएको छ । त्यही हृदयसंवेद्य भावलहर कै परिणति जस्तो लाग्छ मेरो 'कमला परिचय' खण्डकाव्य पनि । त्यसैगरी परम्पराप्रतिको विद्रोहमूलक स्वरले पनि मलाई निकै सचेत बनाएको छ । जनजीवनका विसङ्गति र विकृतिप्रति उनको आक्रोशले मलाई निकै घचघच्याएको छ भने क्रान्तिकारी चेतनामा पनि सुकोमल शब्दचयनको वैशिष्ट्यले मलाई मन्त्रमुग्ध पारेको छ । समाजका यथार्थ बिम्बप्रतीकको प्रयोग कर्ता भएकाले उनका कविता काव्यहरू उत्कृष्ट पनि छन् । प्रकृतिलाई आफ्नै जस्तो गरी प्रस्तुत गर्नु उनको मौलिक विशेषता देखिन्छ । आत्मपरक भावले कथानकलाई संवेद्य तुल्याउन सक्नु उनको अर्को वैशिष्ट्य देखिन्छ भने कवितामा सरलता र सहजताले पनि उनका कविता काव्यहरू निकै श्रुति मधुर छन् । उनको विद्रोहात्मक प्रगतिशीलता, सङ्गीतात्मकता, भावसंवेद्यता, अनुप्रासिकता, स्वाभाविकता, सहजता, सरलता एवं सुकोमल परिष्कृतताले मलाई उनका काव्यहरू निकै मन पर्छन् ।

### ३.२.३.उनको 'उर्वशी खण्डकाव्य :–

नेपाली साहित्यको कविता विधामा सिद्धिचरण श्रेष्ठ(१९६९–२०४९)को नाम माथिल्लो पङ्तिमा रहेको छ । कविता यात्राको अवधिमा उनले काव्यिक चैतन्यलाई फुटकर कवितादेखि खण्डकाव्यस्तरसम्म पुऱ्याएका छन् । आधुनिक नेपाली कवितामा महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेतृत्व गरेको स्वच्छन्दतावादी धाराका कवि श्रेष्ठका 'उर्वशी, मङ्गलमान, ज्यानमारा शैल, विश्वव्यथा, नेपाल र आँसु 'खण्डकाव्य प्रकाशित छन् ।

स्वच्छन्दतावादी कवि सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्य नेपाली खण्डकाव्य परम्परामा एउटा नवीन उपलब्धि हो । ऐतिहासिक विषयवस्तुलाई समसामयिक धरातलमा प्रस्तुत गर्न सफल सिद्धिचरणको एक मौलिक खण्डकाव्य हो । मानिसमा रहने भोग र त्यागको मानसिक अवस्थालाई यसले रमाइलो ढङ्गले प्रस्तुत गरेको छ । व्यक्ति जीवनमा घटेका स्मृतिले यस काव्यमा लाक्षणिक रूपमा प्रवेश पाए पनि जीवनको सतही चित्रणमा अल्भिएजस्तो लाग्दैन, यसले त व्यक्ति जीवनका माध्यमले समग्र मानव जातिमा यस्तो स्थितिको सम्भावना देखाएर व्यक्तिगत विषयलाई साधारणीकरण गर्न पुगेको छ । मानिसमा निहीत राग र त्यागको भावना र तिनीहरूका बीचमा चलिरहने होडवाजीको वर्णन गरेर यो काव्य मनोविश्लेषक बन्नपुगेको छ । कवि श्रेष्ठ आत्मसंयमलाई तारिफ गर्न र उर्वशीको वासनात्मक नृत्यलाई राणा शासनको नाङ्गो नाचसँग दाँजेर नकार्न अर्जुनलाई हौस्याउँदै काव्यको सुरुवात गर्दछन् । कवि श्रेष्ठले विविध किसिमका द्वन्द्वको आयोजनाले काव्यलाई विशिष्टता प्रदान गरेका छन् । यस्तो प्रयोग उर्वशीमामात्र देखिनाले अरु काव्यभन्दा अत्यन्त भिन्न बन्न पुगेकोछ उर्वशी । कतिपय स्थलमा यो खण्डकाव्य काव्यपरम्पराकै विशिष्ट काव्य देखिन्छ र यसले एउटा आफ्नो छुट्टै पहिचान बोकेको छ । डा.तारानाथ शर्माले 'कुण्ठित यौनको अल्झो नै उर्वशीको दर्शन हो' ।[24] भने पनि यो खण्डकाव्य कुण्ठित यौनको प्रदर्शनमा सीमित छैन, यो त मान्छेमा हुने राग र त्याग रूपी दुईखाले भावनाको चित्त बझ्दो प्रदर्शन हो ।त्यसैले यो यौनजन्य रागमामात्र सीमित नभई सम्पूर्ण मानवीय मनोकांक्षातिर लक्षित छ । प्रकृतिप्रेम,क्रान्तिचेत,व्याङ्ग्य,विद्रोह, मानवतावादी स्वर, नैराश्यता, आशावादी कर्मवाद, अन्तर्द्वन्द्वात्मक स्वर,अफ्नो र आफ्ना स्वजाति बन्धुहरूको मनस्थिति र मनोवेगको चित्रण आदि सवैले यो खण्डकाव्य सानो भए पनि विशाल छ । उर्वशी खण्डकाव्य अनन्तताको एक प्रदीप्त ज्वाला हो । यसमा कवि जीवनको सिङ्गै जीवन अटेको छ । कविले प्रजातन्त्रका लागि देखाएको त्याग काव्यमा अर्जुन बनेर प्रकट भएको छ अनि स्वतन्त्रता प्रप्तिपछि कविको चाहना अनुसार देशले मुहार नफेरेबाट उनमा वितृष्णाभाव जागृत छ र कवि काव्यको अन्त्यतिर आफूले उपेक्षा गरेका उर्वशीय मनोकांक्षी भावहरूलाई सान्वना दिन पुग्छन् । काव्यमा ध्वनित यसकिसिमको अर्थले कविको समग्र जीवन खण्डकाव्यमा समेटिएको स्पष्ट हुन्छ । यो कृति परम्परित सामग्रीलाई लिएर बनाइएको एउटा नयाँ स्वादको परिकार हो । मात्रा छन्द र अनुप्रासको सफल आयोजनाले लयात्मक बनेको यो काव्य भाषा शैलीका दृष्टिले केही जटिल भएपनि उसमा निहीत गहन मर्मले यो उर्वशी खण्डकव्य नेपाली साहित्यको इतिहासमै महत्वपूर्ण खण्डकाव्य बन्न पुगेको छ ।

### ३.३.१.राष्ठ्रकवि माधव घिमिरे :-

नेपाली खण्डकाव्यका भण्डारमा माधवप्रसाद घिमिरे (१९७६) का खण्डकाव्यहरू महत्वपूर्ण वैभवका रुपमा रहेका छन् । गौरी खण्डकाव्यबाट बहुचर्चित बन्न पुगेका घिमिरेका पापिनी आमा, राजेश्वरी, राष्ट्रनिर्माता आदि खण्डकाव्यहरू प्रकाशित छन् ।

यिनी परिष्कारधर्मी स्वच्छन्दतावादी भावधाराका सशक्त कवि हुन् । यिनका कवितामा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको कलात्मक प्रस्तुति पाइन्छ । सरलता, सहजता र संक्षिप्तता मै पूर्णताको अपेक्षा गर्ने घिमिरेका कवितामा संस्कृत काव्य तत्त्वको प्रयोग कोमल सुकुमार भावलाई सरल र सहज शब्द संयोजन गरी मानवीय मर्मलाई कलात्मक रुपमा प्रस्तुत गर्दछन् ।

### ३.३.२.मलाई कवि माधव घिमिरे मनपर्नुका कारणहरू :-

कवि माधव घिमिरेको स्वच्छन्दतावादी भाव धारा र परिष्कारवादी शैलीले उनी मलाई विशेष मन पर्छन् । उनका काव्यमा प्रयुक्त स्थानीय ग्रामीण प्रकृतिको चित्रणले मलाई कताकता नागर जीवन सभ्यताबाट ग्राम्य

[24] तारानाथ शर्मा, **भानुभक्तदेखि तेस्रो आयामसम्म**, काठमाडौं साझा प्रकाशन २०२७ पृष्ठ :७६ ।

परिवेशतर्फ आकर्षित गरेको छ। आजको एक्काइसौँ शताब्दीमा पनि जीवनवादी बनी जीवनजगत्प्रति अगाध आस्था र विश्वास राख्ने भएकाले पनि उनलाई म भित्रैदेखि मन पराउँछु। त्यसैगरी राष्ट्र र राष्ट्रियता एवं राष्ट्रिय संस्कृतिको कलात्मक संयोजन गर्न खप्पिस भएकाले पनि उनी औधी मन पर्दा छन् । संक्षिप्ततामा पूर्णतालाई आमन्त्रण गर्ने उनको अलग वैशिष्ट्यले मलाई उनीतर्फ नजिक्याएको छ। भावपक्ष र कलापक्षलाई शिष्ट सन्तुलन प्रदान गर्न सक्ने भएकाले पनि उनी मेरो मनलाई आकृष्ट गर्न सफल छन् । खासगरी स्वच्छन्द परिष्कारवादी शैलीले त मलाई सम्मोहन अवस्थामा पुऱ्याएको हो,उनको त्यही शैलीप्रतिको आकर्षणको उपज ठान्छु मेरो 'सुदामा चरित्र' खण्डकाव्य पनि । प्राकृतिक, सांस्कृतिक र पौराणिक बिम्बप्रतीकको प्राचूर्यले पनि उनका कविता काव्य निकै मर्मस्पर्सी छन् । 'गौरी ' र 'राजेश्वरी' को मार्मिक अभिव्यञ्जना अझै मानसपटलमा ताजै भएकाले पनि उनी मेरा आदर्श कवि प्रतिभा हुन् । राष्ट्रनिर्माता जस्तो सशक्त राष्ट्रियतावादी काव्य पस्कने कवि भएकाले पनि उनी मलाई औधी मन पर्छन् । अहिले विसङ्गतिपूर्ण समयका एकमात्र आशावादी कवि भएकाले पनि उनी मलाई मन पर्छन् ।

यसरी उनको स्वच्छन्द-परिष्कारवादी शैली,ग्रामीण प्रकृतिको चित्रण,आशावादी स्वर , गेयात्मक अनुप्रसीयता,सङ्गीतात्मकता, सन्तुलित शिल्प संयोजन एवं कोमलकान्त तत्सम,तद्भव र झर्रा शब्दप्रतिको अभिरुचिले मलाई उनी सवैभन्दा बढी मन पर्छन् ।

३.३.३. उनको 'राजेश्वरी' खण्डकाव्य :-

खण्डकाव्यकार माघव घिमिरे (जन्म१९७६)नेपाली कविता क्षेत्रका विशिष्ट प्रतिभा हुन् । कवि घिमिरे प्रकृति,राष्ट्रियता, नेपाली जनजीवन र संस्कृतिलाई वर्णमात्रिक छन्द र लोकलयका माध्यमले काव्यात्मक दक्षता प्रस्तुत गर्ने स्वच्छन्दतावादी शिल्पी कवि पनि हुन् । कवि घिमिरेको काव्य प्रतिभा फुटकर कवितादेखि खण्डकाव्यसम्मको आयाममा झाङ्गिएको छ। संयमित परिष्कृत भएकाले यिनका रचनाहरू थोरै भएर पनि ख्याति आर्जन गर्न सफल छन् । उनका प्रकाशित कृतिहरूमा 'राष्ट्रनिर्माता, गौरी, राजेश्वरी, पापिनी आमा, धरतीमाता, मालती-मङ्गले खण्डकाव्य हुन् भने 'आफ्नो गीत आफ्नै बाँसुरी, नयाँ नेपाल, किन्नरकिन्नरी आदि अन्य कृतिहरू हुन् ।

राजेश्वरी (२०१७) माधवप्रसाद घिमिरेको सवैभन्दा सशक्त र सफल खण्डकाव्य हो । इतिहासको घटनालाई विषयवस्तु बनाएर लेखिएको यस खण्डकाव्यमा कविले रानी राजेश्वरीले २५ वर्षे जाँगरिलो वयमै दरवारिया षड्यन्त्रमा परेर कसरी सती जानु पऱ्यो र जवरजस्ती चितामा होमिनु पऱ्यो भने कुराको मार्मिक चित्रण गरेका छन् । आँखामा आँसु हृदयमा विशाल नेपालको चित्र बोकेकी तर कायर षड्यन्त्रकारीद्वारा सहिद बन्न पुगेकी वीराङ्गना राजेश्वरीको अविस्मरणीय चरित्रलाई मार्मिकता र सजीवता दिई कवि घिमिरेले यसमा ऐतिहासिकता भरेका छन् । राजेश्वरी हेलम्बुमा निर्वासित भएदेखि बागमतीमा सती गएसम्मको मर्मयुक्त जीवनसँग सम्बन्धित 'सति बिज्याय माल' भन्ने नेवारी लोकगीतबाट प्रेरित भएर उनले यो काव्य लेखेको बुझिन्छ ।[25]

बीस छालमा बाँडिएको राजेश्वरी खण्डकाव्यका प्रत्येक छालमा पाँच पाँच श्लोक छन् र प्रत्येक छालमै एक - एक पात्रको अभिव्यक्ति प्रस्तुत गरिएको छ। मूल पात्रका रूपमा प्रस्तुत राजेश्वरीका मानवीय जिजीबीषाले पूर्ण सातवटा उद्गारहरू व्यक्त भएको यस काव्यमा उन्नाइस छालसम्म शार्दूलविक्रीडित र अन्तिम छालमा शिखरिणी छन्दको प्रयोग भएको छ। परिमार्जन र परिष्कार चाहने घिमिरेले यो काव्यमा भाव र शिल्पका बीच सम्बन्ध देखाएर काव्यिक विशिष्टता झल्काएका छन् । संस्कृत र झर्रा नेपाली शब्दको उचित प्रयोगले भाषामा सरलता र ध्वन्यात्मकता आएको छ । विषयवस्तु , पात्र र वातावरणका माध्यमबाट यहाँ राष्ट्रवादी स्वरको अभिव्यक्ति उच्चतामा पुग्नुको साथै नेपाली जातिको वीरता र त्यसको सामाजिक सांस्कृतिक र प्राकृतिक बिम्ब पनि झल्केको भेटिन्छ। घिमिरेले मानवीय जीवन दर्शनलाई पनि राष्ट्रवादी स्वरभित्रै व्यक्त गर्दै भविष्यका प्रति दह्रो आशावादिता प्रस्तुत गरेका छन् । राजेश्वरीको दुःखद् अन्त्यबाट चूडान्त स्थितिमा पुगेको करूण रसले मानवीय संवेदनालाई उजागर गर्न सफल छ। यसरी

[25] लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहाल, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य** भूँडीपुराण प्रकाशन, काठमाडौं २०५७ पृ. ७२

नेपाली खण्डकाव्य परम्परामै विषय, भाव, शिल्प-संरचना र भाषिक अभिव्यक्तिका दृष्टिले पनि यो काव्य राजेश्वरीको विचार र चिन्तन जत्तिकै उत्कृष्ट किसिमको छ ।

## ३.४. सुदामा-चरित्र खण्डकाव्यका सम्बन्धमा आत्मसमीक्षा :-

माथि नै चर्चा गरिएका कविता सम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताहरूको अध्ययनबाट कविताको वास्तविकता ज्ञान भएको हो र अहिलेको समयमा कविता लेखनको पृष्ठभूमिलाई कोट्याउनु पर्दा आफैँ भित्रको सिर्जना गर्ने रहरले मलाई यहाँसम्म ल्याएको छ । मैले आफ्नो सिर्जनायात्राको श्रीगणेश 'जनप्रभात' साप्ताहिक सिन्धुली २०५१ मा 'शीघ्र आऊ जनप्रभात तिमी' नामक कविताबाट गरेको हुँ र यही नै मेरो प्रकाशनका दृष्टिले पहिलो कविता पनि हो । विद्यालयस्तरदेखि नै पाठ्यपुस्तकमा रहेका कविताहरूको शिक्षकहरूले लयबद्ध वाचन गरेर अध्यापन गराउँदा आहा ! त्यस्तो मीठो कविता कसरी लेख्न सकिएला भन्ने मलाई लाग्दथ्यो र कहिलेकाही फुर्सदको समयमा कवितादेवीको उपासनामा जुट्ने गर्दथेँ , यो क्रमलाई मैले आजसम्म जारी नै राखेको छु । यसै बीचमा फुटकर कविता, लेख, गजलहरू विभिन्न पत्र-पत्रिकामा छरिए भने 'कमला परिचय' खण्डकाव्य र 'रङ्गवल्ली' गजल संग्रह पनि मैले पाठकहरूलाई २०६२ मा सुम्पिसकेको छु ।

प्रस्तुत सिर्जनात्मक पत्र लिनुमा एक दशक लामो अभिरुचिपूर्वक गरिएका अभ्यासहरूबाट संगालिएका कवितानुरागी उद्दीप्त भावनाले अत्यधिक सहयोग गरेको मैले ठानेको छु । यसै परिवेशमा फुटकर कविता, खण्डकाव्य र महाकाव्यका व्यक्तिगत एवं कक्षागत अध्ययनले कविताको विषयवस्तु पौराणिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक समसामयिक आदि रहन सक्ने र त्यसलाई खण्डकाव्यदेखि महाकाव्यसम्म व्यापक बनाउन सकिने रहेछ भन्ने जानकारी पनि मलाई भयो । यसपछि कुनै पण्डितले श्रीमद्भागवतको कथा वाचन गर्ने क्रममा 'सुदामाको चरित्र' प्रसङ्गमा व्यक्त गरिएका सुदामा पात्रको अत्यन्तै दयनीय र कारूणिक स्थितिको वर्णनले बाल्यकालमै पारेको प्रभाव अहिले पनि सल्बलाई रहेकाले र पौराणिक प्रसङ्गको गान गर्ने चाहना तीव्र भएर आएकाले मैले 'सुदामा चरित्र' लाई नै आफ्नो खण्डकाव्यको मूल विषय बनाएको हुँ ।

साहित्यमा समाजको वास्तविक प्रतिबिम्ब झल्कने हुनाले साहित्य समाजको दर्पण नै हो । समाजमा भएका यावत् राम्रा-नराम्रा कुराहरूलाई साहित्यले नै उद्घाटन गरेर समाजलाई सुधार्नको लागि प्रेरणा प्रदान गर्दछ । कुने पनि साहित्यकारको समाजभिन्न अस्तित्व हुन सक्दैन साहित्य स्रष्टाकेन्द्री हुनसन्छ । कुनै पनि साहित्यकारले आफ्नो वा आफूनिकटको समाजबाट विविध अनुभूतिहरू एकपछि अर्को गर्दै संगालिरहेको हुन्छ । जीवनका विविध मोडहरूमा प्रत्यक्ष-अप्रत्यक्ष ढङ्गले संगालिएका जीवन-जगत्सम्बन्धी मूल्य, मान्यता, अनुभूति र भोगाइहरू प्रत्येक स्रष्टा व्यक्तित्वमा फरक-फरक किसिमको हुन सक्ने सम्भावना भएकाले तिनको प्रस्तुतीकरणमा पनि फरकपन देखिनु अस्वभाविक होइन । यति हुँदा हुँदै पनि व्यक्तिभिन्न, सार्वजनीक, सार्वभौम साहित्य हुनुपर्दछ र यो सम्पूर्ण साहित्यका लागि अपरिहार्य छ ।

कवितालाई साहित्यको एउटा विधाको रूपमा स्वीकार गरिन्छ भने खण्डकाव्यलाई यसको एउटा उप-विधा । स्रष्टाको मन मस्तिष्कमा उत्पन्न हुने कुनै अनुभूतिको लयात्मक अभिव्यक्ति कविताको मझौला आकारको विस्तारित रूप नै खण्डकाव्य हो । स्रष्टाले पुराण, इतिहास, संस्कृति, समाज आदि जुनसुकै विषय लिए पनि उसको परिवेशभन्दा भिन्नको परिवेश हुन सक्दैन स्रष्टाले कृतिलाई आफू बाँचेको परिवेशबाट उपलब्ध वैयक्तिक अनुभूति एवम् आफ्नो बुझाइलाई तादात्म्य रूपले धेरैभन्दा धेरै सार्वभौम बनाउन चाहन्छ । यस्ता कृतिहरूले नै सफलता प्राप्त गर्न सक्दछन् ।

नेपाली समाजमा अठार पुराणहरूमध्ये श्रीमद्भागवतलाई विशिष्ट मानिन्छ , महापुराण मानिन्छ । श्रीमद्भागवत महापुराणका कथानकहरू पनि अत्यन्तै मनमोहक छन् । तिनै कथानकमध्ये दशमस्कन्धको असी र एकासी अध्यायमा रहेको सुदामा चरित्रको हृदयआल्वादक प्रसङ्गबाट प्रेरित भई मैले त्यस कथानकलाई खण्डकाव्यका रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु। त्यसमा म कत्तिको मूल भावमा प्रवेश

गर्न सकेँ त्यो त विज्ञ समालोचकहरूले मूल्याङ्कन गर्ने कुरा हो । जहाँसम्म मलाई लाग्छ मैले मूल कथानकप्रति अन्याय गरेको छैन र सुदामाको कारूणिक कथालाई समाजोपयोगी रूपमा प्रस्तुत गरेको छु ।

नेपाली साहित्यमा प्राथमिक कालदेखि नै धार्मिक र आध्यात्मिक विषयलाई काव्यको रूपदिने परम्परा अहिलेसम्म पनि चलिआएको छ । युगीन मान्यता र मूल्य बोध अनुसार वर्णन शैलीमा भिन्नता आउन सक्छ तर काव्यको मूल मर्म चाहिँ परिवर्तन हुँदैन । यसै मान्यतालाई यस काव्यले आधुनिकतम युगको परिप्रेक्षमा निर्वाह गर्ने प्रयास गरेको छ भन्ने कुरा म विश्वासपूर्वक राख्न चाहन्छु ।

प्रस्तुत 'सुदामा-चरित्र' खण्डकाव्यमा जम्मा तीन विश्रामहरू रहेका छन् । सबैभन्दा सानो भाग पहिलो विश्राममा (६७)श्लोक छन् भने सबैभन्दा ठूलो भाग दोस्रो विश्राममा (१५३) श्लोक छन् र तेस्रो विश्राममा (९६) श्लोक रहेका छन् । यस खण्डकाव्यमा उपजाति छन्दको प्रवाहमय लयलाई अंगालिएको छ र यस खण्डकाव्यमा जम्मा (३१६)वटा श्लोकहरू लेखिएका छन् ।

माथि उल्लेख गरिएका विश्रामहरूमध्ये पहिलो विश्रामसम्म द्वारकापुरीको वस्तुस्थिति ,सुदामाको पारिवारिक परिवेश र सुदामा श्रीकृष्ण भेट्न घरबाट निस्केको अवस्थासम्मको मनमोहक प्रसङ्गको वर्णन गरिएको छ ।दोस्रो विश्राममा श्रीकृष्णसँग मित्र सुदामाको भेट ,सुदामाको श्रीकृष्णद्वारा योग्य स्वागत सत्कार पहिले सान्दीपनि गुरुका आश्रममा सँगै रहँदाबस्ताको क्षणको याद, दुई अभिन्न मित्रको आपसमा कुराकानी,सुदामाको कोशेली कनिका श्रीकृष्णले मीठो मानी खाएको, एक रात श्रीकृष्णको महलमा बिताई सम्झनाको लागि युगल फोटो र बाटामा खानको लागि रुक्मिणीले दिएको सानो खाजाको पोको बोकी सुदामा आफ्नो घरतर्फ फर्किएको प्रसङ्गको वर्णन गरिएको छ । तेस्रो विश्राममा श्रीकृष्णले आफ्नो स्वागत सत्कारमात्र गरे तर केही दिएनन् भन्दै घरतर्फ फर्किएका सुदामा घर पुग्दा पहिलेको पर्णशाला भएको स्थानमा त वैभवशाली दिव्य महल पाउँदा खुसी भए पनि घरमा पूर्ण आशक्त नभई भक्ति गर्दा गर्दै मुक्त हुनुसम्मको वर्णन र कविको छोटो परिचयले खण्डकाव्यको समापन गरिएको छ ।
प्रस्तुत खण्डकाव्यमा पुरानो पौराणिक प्रसङ्ग भए पनि अनुभूति प्रवाहमय, उपजाति छन्दको लयलाई पक्रने प्रयास गरिएको छ । यसमा उपजाति छन्दका कुशल शिल्पी साम्वभक्त सुवेदीको 'मुरारी पुकार 'खण्डकाव्य र माधवप्रसाद घिमिरेको 'राष्ट्रनिर्माता' खण्डकाव्यको प्रभाव परेको छ ।

प्रस्तुत खण्डकाव्य परिष्कारवादी धारा र स्वच्छन्दतावादी धाराको संगमका रुपमा प्रकट भएको छ । यस खण्डकाव्यमा विषय, छन्द र भावनाले परिष्कारलाई अङ्गालेर लेखिएकाले परिष्कारवादी शैलीको अनुशरण भएको छ भने शास्त्रीयतावादी भावमा आधारित नभएर कल्पनालोकमा पनि मुक्त विचरण गरेकाले स्वच्छन्दतावादी भावधारा पनि समाहित छ । प्राथमिक, माध्यमिक कालका कृष्णचरित्र आदि काव्यमा प्रस्तुत कथानकको उल्लेख भए पनि यस खण्डकाव्यले वैचारिक र भाषागत परिष्कारको दृष्टिले आधुनिकतालाई प्रशस्तमात्रामा आत्मसात गरेको छ । त्यसैले यसलाई स्वच्छन्द सुगन्धी परिष्कारवादी धार्मिक खण्डकाव्य भन्नु उपयुक्त ठान्दछु । मुख्यतः सुदामा चरित्रलाई नै यसले केन्द्रीकृत गरेकाले यसको नामकरण 'सुदामा चरित्र' रहनु उपयुक्त भएको छ ।

मूलतः 'सुदामा-चरित्र' खण्डकाव्यले आध्यात्ममूलक समाज सुधारको सन्देशलाई उजागर गर्ने काम गरेको छ साथै नेपाली कविताको प्राथमिक कालीन प्रवृत्ति कृष्णभक्ति धाराको नवीन अनुभूति प्रदान गरेको छ । जसमार्फत् कृष्ण भक्तिलाई आजको परिवेशमा पनि पुनः प्रक्षेपण गरिएको छ । यसमा भएको छन्द, लय र अलङ्कार शिल्पलाई हेर्दा संस्कृत साहित्यका महाकवि कालिदासको स्वच्छन्दशास्त्रीयवादी शैलीको पुनः सिर्जन भएको एवं समसामयिक विसङ्गत जीवनबोधको अवस्थामा पनि कृष्णभक्तिको आस्वादनमार्फत शाश्वत मूल्यलाई निरन्तरता दिएको छ । त्यसैगरी पौराणिक गाथाकै बीजभूमिलाई आधार मानिएको भएपनि उपयुक्त कल्पना संयोजनको कालीगढीले नवस्वच्छन्दतावादी प्रवृत्तिलाई यस खण्डकाव्यले आत्मसात गरेको छ ।

यसरी खण्डकाव्यसम्बन्धी विविध सैद्धान्तिक मान्यता, पूर्ववर्ती खण्डकाव्यकारहरूका खण्डकाव्य,नेपाली खण्डकाव्यको ऐतिहासिक अध्ययनबाट प्राप्त गरेको ज्ञान, प्रेरणा प्रभावबाट भाव र शिल्पबीच सन्तुलन राख्ने प्रयास गरेको छु । यसरी काव्यात्मक अभ्यास र अनुभवहरूको दोस्रो शृंखलाको रूपमा प्रस्तुत भएको सुदामा चरित्र खण्डकाव्यले मेरो कविता यात्रालाई निरन्तरता दिन अझ महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मैले दृढ विश्वास लिएको छु ।

# अध्याय : ४

## ४.१. खण्डकाव्यको मूल पाठ

### पहिलो विश्राम

रचेर लीला रचना अनेक
स्वभक्तमा टम्म भरी विवेक ।
हरी सबै भार मुकुन्द बस्थे
समग्र वैरी जति टापकस्थे ॥
॥१॥
साथै रही सोह्र हजार रानी
गर्थे सधैँ सेवन भाग्य ठानी ।
आनन्दमात्रै मनमा रहन्थे
श्रीकृष्ण गाथा सबले कहन्थे ॥
॥२॥
ब्रह्मादि द्यौता दिन रात आई
मुकुन्दको दर्शन गर्न पाई ।
ठान्थे सधैँ जीवन धन्य-धन्य
रम्थे त्यहीँ भक्त बनी अनन्य ॥
॥३॥
ब्रह्मर्षिका वृन्द मिलेर नित्य
गर्थे कथा कीर्तन दत्तचित्त ।
व्याख्यान नाना श्रुतिका गरेर
बस्थे सधैँ ज्ञानघडा भरेर ॥
॥४॥
विषाक्त क्यै चिन्तन नै नगर्ने
ती द्वारका छिन् पुर पाप हर्ने ।
सधैँ सधैँ उत्सवपूर्ण हुन्थिन्
भलाई मात्रै मनभित्र गुन्थिन् ॥
॥५॥
जताततै सुन्दर रूपशाली
तलाउ आराम अरण्यवाली ।
वृक्षादिमा फूल फुलेर टम्म
बाटो बगैँचा सब छन् सुरम्य ॥
॥६॥
क्वैली, चखेवा, शुक, हंस आई
उद्यान घुम्थे तिनले रमाई ।
भूँ भूँ गरी षड्पद[26] मन्द मन्द
आस्वाद लिन्थे मधुको अमन्द ॥
॥७॥
अनन्त हात्ती रथ अश्व योद्धा
आश्चर्य मान्थे सब शक्ति देख्दा ।
छन् चीजले ती पुर टन्न टन्न
को सक्दछन् ती सब वस्तु गन्न ॥
॥८ ॥

[26] भ्रमर

श्रृङ्गार आफ्नो तनमा गरेका
सुगन्धले देह सबै भरेका ।
स्त्रीजातिमा यौवन पूर्ण छाए
सौन्दर्यका बाँध फुटेर आए ॥
॥९॥
मिली सखी कन्दुक आदि खेल
देखाउँथे खेल कला अमोल ।
देखी युवा मानस दङ्ग पर्थ्यो
सौन्दर्यमा मोहक रङ्ग भर्थ्यो ॥
॥१०॥
विद्युत् बिनै बादल चम्किए झैँ
सुवास पुष्पै बिनु गम्किए झैँ ।
असंख्य नारी जन नाच गर्थे
देख्नेहरुका मन दङ्ग पर्थे ॥
॥११॥
भै प्राणदाता जगमा रहेका
आनन्ददाता सबका भएका ।
मुकुन्दका सोह्र हजार रानी
हेर्थे सधैँ स्पन्दन प्राण ठानी ॥
॥१२॥
ऐश्वर्यशाली घर छन् अनन्त
प्रत्येकमा एक रहन्छ तत्त्व ।
दाम्पत्यको प्रेम छ साथ-साथ
वर्साउँने भाव त्रिलोकनाथ ॥
॥१३॥
निशान्तमा भाष्करका समान
छन् द्वार चारैतिर शोभमान ।
प्रत्येकमा वाग र पोखरी छन्
प्रसूनका मग्मग गन्ध बग्छन् ॥
॥१४॥
उद्यानको स्वाद चुमेर भृङ्ग
पर्थे स्वयंमा कति दङ्ग-दङ्ग ।
दिनै-दिनै षड्ऋतु चट्ट आई
सजाउँथे द्वारवती रमाई ॥
॥१५॥
श्रीरुक्मिणीजी अनि जाम्बवन्ती
भद्रा र सत्या अनि लक्ष्मणाजी ।
सात्राजिती औ दिवशेषकन्या
मित्रासँगैमा बनिए सुधन्या[27] ॥
॥१६॥

[27] श्री कृष्णका प्रमुख आठ रानीहरु - रुक्मिणी, जाम्बवन्ती, भद्रा, सत्यभामा, लक्ष्मणा, सत्या, मित्रविन्दा, कालिन्दी

राम्रा थिए सोरहजार नारी
त्यस्तै थिए मोहन मूर्ति भारी ।
मुकुन्दको नित्य गरेर सेवा
ती प्राप्त गर्थे हरिभक्ति मेवा ॥
॥१७॥
कतै विहारी जपमा बसेका
कतै विहारी तपमा जुटेका ।
कतै विहारी शयनाभिराम
जता ततै छन् नयनाभिराम॥
॥१८॥
कतै छ क्रीडा जलमा विहार
धरेर मुक्तादि अमूल्य हार ।
उद्यान घुम्थे हरि सुस्त-सुस्त
सन्ताप मेट्थे जनको समस्त ॥
॥१९॥
अनन्य माधुर्य छरेर दिव्य
सम्पूर्णले पूजन गर्न योग्य ।
बस्थे मुकुन्द प्रियद्वारकामा
सद्धर्म थामेर पवित्रतामा ॥
॥२०॥
त्यै कालमा श्रीहरिका सुमित्र
थिए कुनै ब्राह्मण लोकमित्र ।
नाउँ सुदामा तिनको भनिन्थ्यो
सत्कीर्ति द्यौता सरहै गनिन्थ्यो ॥
॥२१॥
जपी-तपी सद्गुणका निधान
गर्ने सधैँ पालन सद् विधान ।
चुर्लुम्म डुब्थे हरि भावनामा
भन्थे सबै क्या ! गुणवान् सुदामा ॥
॥२२॥
सम्पत्ति श्री क्यै उनको थिएन
क्यै जीविका नै विधिले दिएन ।
प्रारब्धको खेल भनेर बस्थे
समाधिमा पट्टल नित्य कस्थे ॥
॥२३॥

बस्थे सुदामा घर पर्णशाला
थियो सहन्थे दु :खपूर्ण चाला ।
साध्वी सुशीला पतिसाथ नित्य
रहेर पार्थिन् अति शाान्त चित्त ॥
॥२४॥

तीर्खा खपी भोकहरु पिएर
बाँच्थिन् उनी धैर्य सखी लिएर ।
जो पाउँथिन् त्यो हरिमा चढाई
टक्र्याउँथिन् ती पतिदेवलाई ॥
॥२५॥

चिथ्रा थिए वस्त्र सबै पुराना
दुर्भाग्य डोऱ्याउँ छ दुःख नाना ।
माग्ने कुरा हो अति कष्टदायी
भनेर बस्थिन् दु :खमै रमाई ॥
॥२६॥

जस्मा सधैँ कृष्णकृपा रहन्छ
विपत्ति त्यो धैर्य लिई सहन्छ ।
उद्वेगको लेस समेत हुन्न
आपत्तिले सज्जन हुन्न खिन्न ॥
॥२७॥

कपाल जिङ्रिङ्ग थियो फुकेको
त्यो देहको मासु सबै सुकेको ।
शरीरमा जोस कतै थिएन
वर्सौं बिते हा ! दु :ख त्यो खिएन ॥
॥२८॥
भोकै सुके तापनि बालबच्चा
लिन्थे मुकुन्दाश्रित प्रेम सच्चा ।
त्यो दु :ख देख्ता पनि चित्त खिन्न
भएन कैल्यै पनि कृष्ण भिन्न ॥
॥२९॥
दु :खादि रच्ने मन नै रहेछन्
श्रीकृष्ण भुल्दा बलिया भएछन् ।
अनन्त सत्ता सबमा छ व्याप्त
त्यो तत्त्व बुझ्दा दु :ख घट्छ स्वात्त ।
॥३०॥
प्रवोध[28] पुर्ला जव मोह फन्दा
मिल्नेछ चारैतिर नित्य धन्दा ।
हुन् तत्त्व साक्षात् वसुदेव पुत्र
साँच्छन् उनी नै सुख दुःख सूत्र ॥
॥३१॥
विचार यस्तो मनमा लिएर
भन्छिन् सुशीला पतिदेवनेर ।
विन्ती म सानो पति हे ! गरौँ कि ?
संकष्ट सारा मनका हरौँ कि ? ॥
॥३२॥

[28] यथार्थ ज्ञान

हजूरका एक सुहृद् मुरारि
बस्छन् पुरी द्वारवती सिंगारी ।
हजूरमा प्रेम अनन्य राख्छन्
अवश्य हाम्रो सब कष्ट मास्छन् ॥
॥३३॥
सारी धुजा भै सब च्यातिएका
चोला मजेत्रा पनि मक्किएका ।
शरीर धोद्रो रुख झैँ सुकेर
लोटूँ कि झैँ गर्दछ हा ! दु :खेर ॥
॥३४॥
सुर्ता छ मेरो दिन-रात प्राण
जाला कि भन्ने नमिलेर त्राण ।
क्षुधा तृषाले तन ढल्नलाग्यो
निद्रा निशामा पनि भाग्नलाग्यो ॥
॥३५॥
पीडा बढी मूर्छित बन्छु कैले
सताउँछन् कष्टहरु क्रमैले ।
विरिञ्चिको यो अभिशाप हो वा
प्राचीनको कल्मष हो कि यद् वा ॥
॥३६॥
क्षुधादि[29] भोग्दै टुहुरा समान
छन् बाल-बच्चा अति दीन हीन ।
स्याहार राम्रो कहिल्यै भएन
दारिद्र्य वैरी कहिल्यै गएन ॥
॥३७॥
अपार लीला जगमा सजाई
रानी हजारौँसँगमा रमाई ।
हजूरका बाल मुकुन्द मित्र
छन् द्वारकामा शिखिपिच्छ[30] चित्र ॥
॥३८॥
सुन्दैछु श्रीकृष्णसरि सुदाता
मिल्दैन काहीँ पनि विश्वधाता ।
संकष्ट सारा यदुनाथ हर्लान्
यी दु :ख पीडा सहजै उतार्लान् ॥
॥३९॥
साँच्चै कसैले पनि शुद्धचित्त
भज्छन् भने श्रीयदुनाथ नित्य ।
ती पाउँछन् इच्छित वस्तुसाथ
को हुन्छ राधा पतितुल्य नाथ ? ॥
॥४०॥

[29] भोक र तिर्खा
[30] मयुरको प्वाँख धारण गर्ने श्रीकृष्ण

पूजादिमा गोकुलनाथ निम्ति
बनेर प्रेमार्द्र गरेर विन्ती ।
देख्थेँ बसेको पतिदेवलाई
मस्तिष्क पूरै उनमै झुकाई ॥
॥४१॥
हजूरजस्ता प्रिय भक्तलाई
खोज्छन् सधैँ श्रीपति याद आई ।
स्वमी ! गएमा अहिले अवश्य
संकष्ट हर्ने हरि छन् अवश्य ॥
॥४२॥
सुनेर यस्तो अति दीन वाणी
श्रीकृष्णको दर्शन श्रेष्ठ ठानी ।
अपार श्रद्धा मनमा लिएर
ती सोच्न थाले हरि सम्झिएर ॥
॥४३॥
जो विश्वसृष्टिस्थितिलीन गछर्न्
दरिद्रको दु :ख समस्त हर्छन् ।
अपार पीडा पनि झट्ट हर्छन्
गो विप्रमा प्रेम सदैव गर्छन् ॥
॥४४॥
गुणी तथा सज्जन साधु सन्त
जन्नन् कतै कृष्ण भुलेर अन्त ।
श्रीकृष्णको दर्शन नित्य चाही
सत्कर्म गर्छन् बहुतै रमाई ॥
॥४५॥
हुन् जीवमा ती जन धन्य-धन्य
गर्छन् सधैँ चिन्तन जो अनन्य ।
श्रीकृष्णको पादसरोज छोई
बस्ने सबै हुन् जगमा विदेही ॥
॥४६॥
क्या ! भाग्य मेरो हरिले दिएछन्
दुर्भाग्यका स्रोत सबै पिएछन् ।
हुँदैन यो जीवन धन्य-धन्य
श्रीकृष्ण साथै नबनी अभिन्न ॥
॥४७॥
हुँ रुक्मिणीका पतिको म मित्र
के सम्झलान् खै वय भो विचित्र ।
पढ्दा हुँदीको स्थिति सम्झँदो छु
मुहारभित्री मनमा लिँदो छु ॥
॥४८॥
जाऊँ म के माग्न भनेर आज
यो चित्तमा उर्लिरहेछ लाज ।
जानेन कैले पनि माग्न यस्ले
माग्ने भनी भन्न सकोस् र कस्ले ? ॥
॥४९॥

सन्तोष नै हो महनीय वस्तु
जम्मै अरु हुन् जड ती अवस्तु ।
यस्तै गरी जीवन टुङ्गिहाल्छ
को पो कुनै वस्तु लिएर जन्छ ॥
॥५०॥
म जान्न भैगो बरु भोक खप्छु
घरै बसी भक्तिपहाड कप्छु ।
यै सोचमा ब्राह्मण झस्क झस्के
र चित्तमै फेरि मसक्क मस्के ॥
॥५१॥
जानै छ राम्रो हरि भेट्नलाई
म धन्य बन्ने छु मुकुन्द पाई ।
सम्पत्ति मात्रै सवथोक हैन
श्रीकृष्णको दर्शनमा छ चैन ॥
॥५२॥
सोचर नाना विधिका वितर्क
उठे सुदामा हुन गै सतर्क ।
प्रिये ! म आजै हरिका समक्ष
पुग्ने छु भन्छन्  द्विज सुन्दराक्ष ॥
॥५३॥
हे ! प्राण प्यारी घरमा सुयोग्य
के चीज होला हरिनिम्ति योग्य ।
पुग्नेछु आजै पुर-द्वारकामा
बस्छन् जहाँ कृष्ण उदारतामा ॥
॥५४॥
द्यौता र राजा गुरु भेट्न जाँदा
सौगात केही दिनु पर्छ सादा ।
के वस्तु दिन्छ्यौ ? हरिका निमित्त
भण्डार देख्दैछु सबै सिनित्त ॥
॥५५॥
सुनी सुशीला पतिका सुयोग्य
वाणी निहार्छिन् सब वस्तु भोग्य ।
छन् खाली भाँडा कण छैन अन्न
बज्छन् सबै पात्र गरी रनन्न ॥
॥५६॥
हतार गर्दै दगुरी छिमेकी
कहाँ पुगिन् याचक भै झुकेकी ।
ढोका निरै आर्त बनेर "राधा
मुकुन्द" बोल्छिन् हर दुःख वाधा ॥
॥५७॥
ती गृहिणीको सुनी यो पुकार
दिन्छिन् मुठीले चिपिटान्न चार ।
लिएर फर्किन् घरमा सुशीला
सोचेर ठान्ने हरिले रसिला ॥
॥५८॥

विश्वासिलो चिन्तन यो गरेर
सद्‌भक्तिगङ्गा मनमा भरेर ।
हतारिँदै कान्त[31] समीप आइन्
देखाउँदै त्यो मनमै रमाइन् ॥
॥५९॥
मागेर ल्याइन् चिपिटान्न[32] किन्तु
थिएन बाँध्ने कपडा परन्तु ।
टाला पुराना मकिई चिरित्त
जान्थे बिलाई सकिँदै सिनित्त ॥
॥६०॥
खोजेर हेरिन् घरमा समस्त
मिलेन केही पनि योग्य वस्त्र ।
देखेर मौला कपडा विचूर्ण
बन्यो उनैको मन चूर्ण-चूर्ण ॥
॥६१॥
लिइन् सबै वस्त्र त्यजेर एक
यो काम देला कि त त्यै बिसेक ।
यो सम्झदै साफ गरेर झट्टै
पोको बनाइन् खुस भै बिछट्टै ॥
॥६२॥
भन्छिन् प्रभो ! यो लिई जानुहोला
श्रीकृष्णमा अर्पण गर्नुहोला ।
सुनी प्रियाका अति मिष्टवाणी
हिँडे सुदामा द्विज भाग्यमानी ॥
॥६३॥
त्यो दूर बाटाभरि ध्यानमग्न
बन्दै गए ती हरिभक्तरत्न ।
च्यापेर काखीमुनि एक पोको
हिड्थे,थियो श्रीहरि भेट्न धोको ॥
॥६४॥
निकै परैसम्म पुगी सुदामा
विश्रामको चाह निकै हुँदामा ।
त्यै झाँङिलो पीपलका जरामा
बसे थचक्कै रसिलो धरामा ॥
॥६५॥
चलेछ हावा अति मन्दमन्द
ल्यएछ निद्रा क्षणमा सुगन्ध ।
ती विप्र देख्छन् कमनीय स्वप्न
जुरुक्क उठ्छन् नसकेर खप्न ॥
॥६६॥
पुगेर ती बाहिर द्वारकामा
आश्चर्यमा मग्न बने सुदामा ।
अदृश्य कोही हरि शक्ति आई
लगेछ स्वप्न क्षणमै उठाई ॥
॥६७॥

---
[31] पति
[32] चिउराका टुक्राहरु

# दोस्रो विश्राम

गुणी र विद्वान् तप साधनामा
मुकुन्द भेट्छन् प्रिय भावनामा ।
श्रीकृष्णको दर्शनले रमाए
यो जन्मको सार्थकता कमाए ॥
॥६८॥
विचारमा मग्न बने सुदामा
गोविन्दमात्रै मनमा हुँदामा ।
सोच्थे अहो ! दुःख भवाब्धिपारि[33]
पुऱ्याउँछन् प्रेम गरी मुरारी ।
॥६९॥
आनन्दको सागरमा डुबेर
उत्रे चल्यो यो क्रम धेरबेर ।
ब्रह्मत्वको दिव्य मिलेछ छाया
यो द्वारकामा रहँदैन माया ॥
॥७०॥
जो विश्वको यो सब भार थाम्छन्
त्यो सामु दुर्भाग्य थरर्र काम्छन् ।
ती कृष्ण लीला भवमा सजाई
बस्छन् सधैँ नै मुरली बजाई ॥
॥७१॥
विश्रामको शीतल सास फेरी
अगाडी बढ्छन् पुरतर्फ हेरी ।
मुकुन्दको दर्शन मिल्छ कैले ?
भन्दै बढे ती पथमा क्रमैले ॥
॥७२॥
देख्थे असाध्यै घर स्वच्छ शान्त
चम्केर मुस्काउँदथे निशान्त ।
आए कि झैँ सूर्य सुधाँशुसाथ
प्रकाशको पुञ्ज लिएर खास ॥
॥७३॥
ध्वजापताका पनि रङ्गिचङ्गी
देखाउँथे नूतन भाव भङ्गी ।
सुवासको मोहक गम्किएथ्यो
लावण्य नाना थरि चम्किएथ्यो ॥
॥७४॥
प्रवेश होला कसरी हँ आज ?
देख्दैछु यो सैनिक साजवाज ।
जाऊँ कता ?यो परिवेशभित्र
बस्छन् कता ती ? प्रियश्याम मित्र ॥
॥७५॥

[33] संसार रूपी समुद्र

सोध्दै सुदामा हरिका समक्ष
लिएर इच्छा रसिलो छ अक्ष ।
पुगे त्यहाँ सैनिक गुल्म हुन्थे
सारा मुकुन्दाश्रित नाम सुन्थे ॥
॥७६॥
भन्छन् चमूका[34] पतिनेर चट्ट
आएँ म सम्झी प्रिय मित्र, झट्ट ।
पुऱ्याउनोस् भित्र कृपा गरेर
हे सैन्यस्वामिन् नगरी अबेर ॥
॥७७॥
दिनेछु आशीष् दिल भित्रबाट
चम्कोस् सधैँ त्यो भरिलो ललाट ।
मुकुन्दको सेवकमा तपाइँ
हुनोस् तुरुन्तै अब हाइ हाई ॥
॥७८॥
सुनी कुरा यो द्विजवर्यबाट[35]
गुनेर भाग्योदयपूर्ण छाँट ।
झुकाउँदै शीर कपाट खोली
पठाउँछन् भित्र प्रणाम बोली ॥
॥७९॥
पुगेरभित्री तहमा सुदामा
दौडाउँछन् नेत्र विछट्ट लामा ।
हेऱ्यो जता रमझम दृश्यमात्र
विवाहमा झैँ जल पूर्ण पात्र ॥
॥८०॥
जतातती शोभित दिव्य शाला
आराम औ आँगन छन् उज्याला ।
प्रसूनका वास उडेरभित्र
देखिन्छ पर्यावरणै विचित्र ॥
॥८१॥
विभिन्न पक्षी नभमा उडेर
रथादि पृथ्वीतलमा गुडेर ।
देखाउँथे भूति अहा ! अनन्त
हुन्थ्यो र के श्रीसँग वस्तु अन्त ॥
॥८२॥
मुकुन्दका सोह्र हजार नौला
दर्वार देख्छन् सब छन् सुनौला ।
छुट्टै अहा ! सोह्र हजार रानी
छन् कृष्ण पाई अति भाग्यमानी ॥
॥८३॥

---
[34] सैनिक
[35] ब्राह्मणबाट

सधैँ सधैँ प्यार भरी अनन्त
बस्छन् बसेझैँ कुटीभित्र सन्त ।
श्रीद्वारकाका घर छानिछानी
हेर्छन् द्विजले अति हर्ष मानी ॥
॥८४॥
त्यै कालमा बाह्मण एक आई
सोद्छन् बढो उत्सुकता फिँजाई ।
कस्को यहाँ खोज हुँदैछ विप्र
के काम होला म बुझूँ न तीब्र ॥
॥८५॥
सुनेर यो शीतल मिष्टवाणी
भन्छन् सुदामा हरिभक्त ज्ञानी ।
हुँ कृष्णको  बालसखा श्रीदाम
गर्ने छ इच्छा उनमा प्रणाम ॥
॥८६॥
सुनी सुदामा वच भूमिदेव
डुब्ने मुकुन्द स्मृतिमा सदैव ।
देखाउँछन् सामु मुकुन्द द्वार
बस्छन् जहाँ श्रीपति ती उदार ॥
॥८७॥
श्रीकृष्ण लीला मनमा सजाई
पुग्छन् तिनी ब्राह्मणसाथ आई ।
त्यो गेहमा थ्यो मणिले सजेको
विद्युत्सरी भै सुषमा भजेको ॥
॥८८॥
सुनी कुरा यो द्विज एकबाट
प्रसन्न भै उच्च गरेर माथ ।
हर्षाश्रुले नेत्र चिसा गरेर
झट्टै पुगे श्रीपति द्वारनेर ॥
॥८९॥
त्रैलोक्यका नाथ गरेर वार्ता
श्रीरुक्मिणीका सँग प्राणभर्ता ।
विश्राममा दिव्य गरी विचार
देखाउँथे सुन्दर त्यो मुहार ॥
॥९०॥
देखेर ती ब्राह्मण देवलाई
आश्चर्यको सागरमा नुहाई ।
हतारिँदै प्रेम अगाध बोकी
दौडे सुदामातिर वात रोकी ॥
॥९१॥
अर्धाङ्गिनीको पनि छैन पत्तो
ती मित्रमा प्रेम अहा ! छ मस्तो ।
दौडे लतार्दै हरि पीतवस्त्र
छुटे सबै चक्र गदादि अस्त्र ॥
॥९२॥

हर्षाश्रुका धार बढेर आए
सान्निध्यले श्याम झनै रमाए ।
आनन्दको स्पर्श भएर अङ्ग
मुकुन्द बन्छन् अझ दङ्ग-दङ्ग ॥
॥९३॥
प्रगाढ आलिङ्गनमा कसेर
एकै बनी काल बितेछ धेर ।
लिएर जान्छन् घरमा सुदामा
अनन्त माया मनमा हुँदामा ॥
॥९४॥
आफ्नो सफा सुन्दर खाटमाथि
राख्छन् लगी श्याम अनन्य साथी ।
झिकाउँछन् पूजन योग्य पात्र
आचार्य सान्दीपनिका सुछात्र ॥
॥९५॥
श्रीद्वारकाका महिला समस्त
देखेर पार्छन् मन अस्तव्यस्त ।
सोच्छन् पुनःकौतुक धेर बोकी
यी को रहेछन् ?अति दीन जोगी ॥
॥९६॥
मैला भिरेका चिथरा पुराना
शरीर देखिन्छ त छ्याङ्ग नाना ।
देखिन्छ टुप्पी पगरी खसेर
दुर्भाग्य गिज्याउँछ झैँ गरेर ॥
॥९७॥
गरीब माग्नेसरि रिक्त पात्र
छन् विप्र यी हा ! सुसुपालगात्र ।[36]
परन्तु रैछन् कति भग्यशाली
पाए त्यसैले हरिभक्ति थाली ॥
॥९८॥
त्रिलोकभर्ता अति प्रेम गर्छन्
बन्धुत्वको सोदर भाव भर्छन् ।
गला मिलाई निजता तिखार्छन्
अवश्य संकष्ट सबै निखार्छन् ॥
॥९९॥
देखेर लक्ष्मी पनि छक्क पर्छिन्
अपार श्रद्धा मनभित्र धर्छिन् ।
ती विप्रमा आदरपूर्ण चाला
लिएर पुग्छिन् मृदु पुष्पमाला ॥
॥१००॥

[36] पातलो शरीर भएको

बुट्टा कुँदेको तपनीय झारी
लिई खसाइन् शुभगन्ध वारि ।
मुकुन्दले कोमल पाद पद्म
धोए रची सुन्दर भक्तिसद्म ॥
॥१०१॥
गोडा पखाली जल शीरमाथि
हर्षाश्रु सिँच्छन् हरि पाथि-पाथी ।
श्रीरुक्मिणीले चमरी डुलाई
बोलाउँछिन् स्निग्ध समीरलाई ॥
॥१०२॥
उतार्दछन् श्रीपति जीर्ण बस्त्र
झिकी बढा प्वाल हुने शहस्र ।
फेराउँछन् फेरि नवीन वास
खुसी बनी उष्ण गरेर सास ॥
॥१०३॥
सकेर निराजन गान गर्दै
विभिन्न सौगात समीप धर्दै ।
श्रीखण्ड औ अत्तर साथ साथ
छर्दा सुगन्धी गमकिन्छ माथ ॥
॥१०४॥
हल्का लिई भोजन मोदकादि
खुवाउँछन् विश्वपिता अनादि ।
श्रीरुक्मिणी झट्ट अगाडि आई
चुठाउँछिन् स्वच्छ गरी रमाई ॥
॥१०५॥
सँगै हुँदाको क्षण याद आई
आनन्दले हात दुवै समाई ।
सोध्छन् बहाई हरि स्नेहछाल
बताउनोस् के छ त हालचाल ? ॥
॥१०६॥
विद्या पढौँ सद्गुणयुक्त बन्न
वंशी फुकौँ मानवता रनन्न ।
इच्छा दुबैमा जब यो उठेथ्यो
मैत्री महाकाल महाँ जुटेथ्यो ॥
॥१०७॥
सँगै पुग्यौँ उज्जयिनी पुरीमा
चढ्छौँ भनी उच्चकला धुरीमा ।
सर्वज्ञ सान्दीपनिका समीप
पुगी झुकायौँ शिर जान्न सीप ॥
॥१०८॥
आचार्य सान्दीपनिसाथ हामी
पढ्थ्यौँ खुसीले कति हर्ष मानी ।
शास्त्रार्स्थले हृत्तम दूर साथ्यौँ
विज्ञानको दीप धपक्क पाथ्यौँ ॥
॥१०९॥

बस्थ्यौँ मिली बाल सखा समस्त
मैत्री थियो आपसमा दुरुस्त ।
मानेर आज्ञा गुरुको रमाई
ठानेर विद्या रसिलो कमाइ ॥
॥११०॥
शैवीकृपा उज्जयिनी पुरीमा
लावण्य बर्साउँदथ्यो धुरीमा ।
त्यहीँ थियो सुन्दर पाठशाला
दन्काउँथ्यो ज्ञान प्रदीपज्वाला ॥
॥१११॥
हराभरा पुष्प भ्फुलेर रम्य
विचित्र पन्छीहरुले सुरम्य ।
गाएर गाना मन मोह गर्थे
उद्यानले भोक र प्यास हर्थे ॥
॥११२॥
आत्मीयको भाव थियो प्रगाढ
सुशान्ति भर्थ्यो अभ्फ प्रेम गाढ ।
प्रसन्न हुन्थेँ द्विज मित्र पाई
सम्बन्ध वल्ली दरिलो समाई ।
॥११३॥
कुनै दिवामा समिधा समाप्त
हुँदा पस्यौँ जङ्गल जन्तुव्यप्त ।
छ याद किँ वा भुलियो तमाम
त्यो कालरात्री प्रलयी समान ॥
॥११४॥
सपत्नीक श्रीगुरुको छ आज्ञा
जाऊ समित्निम्ति गरी प्रतिज्ञा ।
भनी गएथ्यौँ मुटु ढुक्क पारी
हेरेर चारैतिर नेत्र फारी ॥
॥११५॥
आदित्यले शुभ्र फिँजाई रश्मि
हेरे त्यहीँ शान्त बनी तिलस्मी ।
सौगात एकै छिनको गरेर
परन्तु अल्पे नगरी अबेर ॥
॥११६॥
उडेर धुलो भुमरी परेर
संसार ढाक्थ्यो लय भ्फैँ गरेर ।
पैले उडी सोत्तर माथि-माथि
वृक्षादि लड्थे अनि ताँती-ताँती ॥
॥११७॥
वेमैासमी वादल गड्गडाई
आँधी र पानीसँग हड्बडाई ।
चट्याङका साथ गरी विनाश
सखाप पार्थ्यो मनभित्र आश ॥
॥११८॥

दिवा हरायो अनि रात्रि आयो
पञ्जा फिँजाई रजनी करायो ।
विद्युत चम्क्यो नव दीप बाली
चट्याङ बज्र्यो जगतै उचाली ॥
॥११९॥
श्रीसूर्यको दृष्टि कतै थिएन
दृग् ज्ञान नै चेतनले दिएन ।
अत्यन्त कालो तममा बिलायौँ
शरीर पूरै जलमै मिलायौँ ॥
॥१२०॥
दुर्भाग्यले झन् असिना गिरायो
मस्तिष्कमा तीक्ष्ण सुई छिरायो ।
धर्ती सबै डुब्न भयो तयार
उँचो र निचो नगरी विचार ॥
॥२२१॥
जल प्रवाह प्रलयै सरी भो
संकष्ट ज्यादै तनमा हुँदै गो ।
आँधी कडा  झोँक झिकेर हिड्थ्यो
पानी झनै दर्दर बर्सिदिन्थ्यो ॥
॥१२२॥
हे मित्र ! संकष्ट भयो अपार
लाग्थ्यो सबै यो भव हो असार ।
आवाजको आश्रयले समीप
पुग्यौँ जहाँ छन् रुख एक नीप ॥
॥१२३॥

खोज्दा मिलेथ्यो वनभित्र जो-जो
मुठो लिई याज्ञिक[१२] दाउराको ।
आपस्तमा हात समाइबस्थ्यौँ
खोजेर बाटो वनभित्र पस्थ्यौँ ॥
॥१२४॥

दौडिरहथ्यौँ अलमलिएर हामी
खोजी चहाथ्यौँ पथ ग्राम गामी ।
बित्यो दिवा भै रजनी समान
भोगेर पीडा जब भो बिहान ॥
॥१२५॥

देखी परैबाट व्यथा विछट्ट
हावा सरी वेग गरेर झट्ट ।
आचार्य सान्दीपनि आउनु भो
सत्शिष्य हामीहरु पाउनु भो ॥
॥१२६॥

मैले दिएँ दुःख भनेर घुँक्क
रुँदा सुनिन्थ्यो ध्वनि सुँक्क सुँक्क ।
'यो भोग्नु पर्ला सब पाप मैले
भन्नुभयो जन्म लिई क्रमैले ॥
॥१२७॥

हामी थियौँ व्याकुल भैरहेका
शरीर शोभा सब नै गएका ।
आचार्यको दर्शन झट्ट भै'गो
दुःखाब्धिको छाल सुकेर गै'गो ॥
॥१२८॥

भने उनीले अति दुःख कष्ट
उठाउँछौ शोक गरेर नष्ट ।
प्राणीहरु प्रेम शरीरलाई
गर्छन्, यहाँ देख्दिन त्यो म भाइ ॥
॥१२९॥

आचार्यका सेवनले पवित्र
शरीर पार्‍यौ मनसाथ चित्र ।
जो कष्ट प्यारा ! वनमा उठायौ
सत्शिष्यको नाम यहाँ कमायौ ॥
॥१३०॥

जो देहको मोह त्यजेर सेवा
गर्छन् भने मिल्दछ मिष्ट मेवा ।
सत्शिष्य साँच्चै अऋणी बनिन्छन्
त्यस्माथि विद्या सहजै खनिन्छन् ॥
॥१३१॥

सत् शास्त्रमोही सहजै डुबेर
विवेक लिन्छन् रस त्यो बुझेर ।
मनुष्यको जीवन स्वच्छ पार्दै
अगाडि बढ्छन् तम जाल फार्दै ॥
॥१३२॥

शरीरमा जाँगर वास गर्ला
आलस्यको मूलसमेत हर्ला ।
इच्छाहरु शीघ्र हउन् प्रपूर्ण
कैले न आशीर्वच होस् अपूर्ण ॥
॥१३३॥

तिम्रौ पढेका सब पाठ भारा
कण्ठस्थ होला श्रुति शास्त्र सारा ।
यो लोकमा नाम बडो कमाऊ
सत्शास्त्ररूपी लहरा समाऊ ॥
॥१३४॥

जाज्वल्य भै सूर्य सरी उदाऊ
सद्भक्तिको रश्मि यहाँ फिँजाऊ ।
कैले नहोस् निस्फल दिव्यलोक
मैत्री छरोस् यो भवमा विवेक ॥
॥१३५॥
हे मित्र ! यस्ता घटना अनेक
घटेर लाग्छन् स्मृतिमा उदेक ।
आचार्यको वाक्य भएर सत्य
भर्दैछ यो जीवनभित्र तथ्य ॥
॥१३६॥
हे ब्रह्मज्ञाता ! गुरुदेवलाई
भेटी दिई फिर्नु भयो रमाई ।
संयोगको काल त्यहीँ हरायो
विरानु जस्तै विधिले बनायो ॥
॥१३७॥
सुनी कुरा यी हरिका सुदामा
भन्छन् महान् मित्र यथार्थनामा ।
हे कृष्ण ! आराध्य हजूर भर्ता
यो सृष्टिका पोषक विश्वकर्ता ॥
॥१३८॥
सान्निध्यले चित्त सबै भरेथेँ
संसारको मोह सबै हरेथेँ ।
त्यस्तो भए तापनि कार्य बाँकी
कुनै भए जान्न छु व्यग्र साथी ॥
॥१३९॥
यथार्थसंकल्प परात्मरूप
जो मित्र छन् के हुन जान्छ दुःख ।
सौभाग्यले श्रीपतिसाथ पाई
आचार्यको सान्निधिमा रमाई ॥
॥१४०॥
षट्शात्र[37] जाने श्रुतिशब्द रम्य
यथार्थता ज्ञान गरी अचम्म ।
हजूर जस्ता प्रिय मित्रसाथ
को हुन्छ ? विद्या बलमा अनाथ ॥
॥१४१॥
चारैथरीका पुरुषार्थ[38] सार
छन् देहमा नै प्रभुका अपार ।
पढ्ने भनी ती सुरसार कस्छन्
आचार्यका आश्रमभित्र पस्छन् ॥
॥१४२॥

[37] शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द ज्योतिष
[38] धर्म, अर्थ, काम, मोक्ष

जस्तै कुनै नाटक खेल गर्दा
देखाउँछन् पात्र विचित्र पर्दा ।
मुकुन्द त्यस्तै नररूपधारी
देखाउँछन् कौतुककेलि भारी ॥
॥१४३॥
यस्तै चले हार्दिक वात नाना
खोलेर छात्रस्थिति पूर्वपाना ।
प्रेमार्द्र भै केशव मित्रमाथि
बगाउँछन् प्रेम अपार राशी ॥
॥१४४॥
विनोदको भाव भरी मुसुक्क
हाँसेर बोल्छन् अति सुस्त-सुस्त ।
खुसी छु सारै द्विज आउँदामा
यो सद्मभै[39] मित्र उदाउँदामा ॥
॥१४५॥
"सुस्वागतम्" यो ध्वनि वारवार
स्विकार्नुहोस् मित्र ! सयौँ हजार ।
मुकुन्दका यी अति मिष्ट वाणी
सुनी रमाए द्विज भाग्यमानी ॥
॥१४६॥
बुझे रमाका पतिले सुदामा
आए दरिद्री र दुःखी हुँदामा ।
साक्षी बनी कृष्ण सुभाव टिप्छन्
भित्री कुरा के हरिबाट छिप्छन् ? ॥
॥१४७॥
द्विजातिमा जो दृढ प्रेम गर्छन्
सद्भाव भर्दै सब क्लेश हर्छन् ।
छ धर्मको वैदिक केन्द्र रूप
श्रद्धालुको हर्दछ झट्ट दुःख ॥
॥१४८॥
सम्पूर्ण सञ्चालन कृष्ण गर्छन्
दृष्टान्त भै कल्मष पूर्ण हर्छन् ।
ज्ञानी तपस्वी तप साधनामा
दानी यशश्वी यश आर्जदामा ॥
॥१४९॥
सर्वस्व सुम्पी हरिका समीप
देखाउँछन् चट्ट प्रणाम सीप ।
मुकुन्दमा पेम प्रगाढ गर्दा
च्यातिन्छ अज्ञान अनन्त पर्दा ॥
॥१५०॥

[39] घर

कल्याणका सागर सम्झिसम्झी
पुकार्दछन् जो नर चम्किचम्की ।
तिनै यहाँ वैभव भोग गर्छन्
र मोह फारी दु :ख सिन्धु तर्छन् ॥
॥१५१॥
हटाउँछन् कष्ट मुकुन्द भर्ता
गरेर प्रेमामृत दिव्य बर्षा ।
दुष्टात्म पारेर सबै सखाप
फैलाउँछन् शान्त नयाँ सुवास ॥
॥१५२॥
संसार यो नाटक रच्नलाई
स्विकार्दछन् सत्व रजादिलाई ।
उपेन्द्र,ब्रह्मा,हररूप धारी
देखाउँछन् नृत्य सयौँ मुरारी ॥
॥१५३॥
सम्पत्तिका मालिक श्रीपति छन्
यज्ञादिका ती फल दान गर्छन् ।
समस्त प्राणीप्रति स्नेह गर्दै
फुलाउँछन् पुष्प सुवास छर्दै ॥
॥१५४॥
गोविन्द भन्छन् प्रिय भावनामा
अगाडि देखी प्रिय यी सुदामा ।
गृहस्थको जीवनमा रहेर
ब्रह्मत्वको ज्ञान गरे गभीर ॥
॥१५५॥
सम्पत्तिको चाह कुनै गरेनन्
रागाब्धिका चक्करमा परेनन् ।
यी कर्म गर्छन् अरुका निमित्त
केही न खोजी सुख,नाम,वित्त ॥
॥१५६॥
छ अज्ञमा दुर्लभ आत्मरूप
देख्छन् यिनी ता सुखको स्वरूप ।
अथाह संकल्पहरु त्यजेर
बस्छन् यिनी केशव श्री भजेर ॥
॥१५७॥
पत्नीसँगैमा पनि मुक्त जस्तै
आशक्तको मोह हटी समस्तै ।
भोगादिको राग कुनै रहेन
सुदृष्टि मैले नदिई भएन ॥
॥१५८॥
मुकुन्द यो चिन्तनमा रमाए
सौगात खोज्दै भुज ती बढाए ।
हे विप्र ! सौगात नयाँ मलाई
न सुम्पने क्यै ? घरबाट ल्याई ॥
॥१५९॥

त्यो वस्तु जे हेस् अति मिष्ट होला
त्यो स्वादले चित्त अवश्य छोला ।
जो प्रेमले अर्पण गर्छ थोरै
मलाई त्यो बन्दछ टन्न धेरै ॥
॥१६०॥
हजार सामग्री दिए नि टन्न
अभक्तको चैँ म त वस्तु लिन्न ।
सन्तुष्टिको भाव कतै हुँदैन
त्यता त कैले मन तम्सँदैन ॥
॥१६१॥
सद् भक्त पाती,फल,पुष्पसाथ
पानी चढाउन् निहुराई माथ ।
म लिन्छु झट्टै नगरी अबेर
के भक्तिले भन्छ र धेर थोर ॥
॥१६२॥
यस्तो भनी कृष्ण मुसुक्क हाँस्छन्
प्यारा सुदामासँग भाव गाँस्छन् ।
यता सुदामा अति दिक्क हुन्छन्
दारिद्र्य सम्झी मनभित्र रुन्छन् ॥
॥१६३॥
सोच्छन् म खै के यति छुद्र वस्तु
सुम्पूँ र लक्ष्मीपतिमा कुवस्तु ।
हुँदैन यो चीज अवश्य जाती
भन्छिन् कि लक्ष्मी छि ! छ यो नजाती ॥
॥१६४॥
सोच्छन् पुनः कृष्ण त भाव बुझ्छन्
र ता समाधान अनन्त सुज्छन् ।
ब्रह्माण्ड नासिन्छ निमेष छर्दा
के टिक्न सक्थ्यो मन रूप पर्दा ॥
॥१६५॥
ती विप्रको कारण आउनाको
झलक्क झल्क्यो मनमा थियो जो ।
गम्भीर भै श्रीपति सोच्न थाले
प्रगाढ मैत्री मनमा हुनाले ॥
॥१६६॥
दिनेछु सम्पत्ति अथाह रास
हुँदैन जसको कहिले विनाश ।
भोगून् भजी श्रीपति यी द्विजाग्र
चम्कोस् धनीमा शुभ नाम अग्र ॥
॥१६७॥
पैले यिनी वैभव तुच्छ ठानी
भज्दै बसे श्रीपति भक्त ज्ञानी ।
यो काल पत्नी वच राख्नलाई
आए यहाँ मित्र खुवै रमाई ॥
॥१६८॥

यस्तो विचारी द्विज भाग्यनेता
सौगात पोको चिपिटान्न सेता ।
बुझेर सोध्दछन् प्रिय ! के छ नौलो ?
गम्कन्छ बास्ना घरमा सुनौलो ॥
॥१६९॥
होला कुनै देवप्रसाद मिष्ट
देखाउनोस् मित्र ! म ठान्छु इष्ट ।
अवश्य नै ब्राह्मण भाउजूले
सम्झी मलाई बहुतै खुसीले ॥
॥१७०॥
यी हातमा राख्नु भएछ खाना
लिई तपाइँ हुनु भो रवाना ।
औत्सुक्य सरै बढी रै छ विप्र
त्यो पोटली लौ दिनुहोस् न शीघ्र ॥
॥१७१॥
यस्तो भनी "अर्भक बद्ध पोको
खोली चपाई अब मेट्छु धोको" ।
भन्ने चिताई हरि हात सार्छन्
झट्टै सुदामा कुम सानु पार्छन् ॥
॥१७२॥
झनै बनी उत्सुक विश्वभर्ता
मुस्काउँछन् चट्ट त्रिलोककर्ता ।
कसो गरौँ यो द्विविधा हुँदामा
ककक्क पर्छन् द्विज ती सुदामा ॥
॥१७३॥
त्यै बीच गोविन्द सरी अगाडि
पक्रेर बायाँ करले पछाडि ।
ती विप्रको हात अलि कसेर
पोको निकाल्छन् नजिकै बसेर ॥
॥१७४॥
फुकाउँदै हेर्न हुँदा तयार
देख्छन् सुदामा सब अन्धकार ।
सोच्छन् कहाँ श्रीपति लोकनाथ
कहाँ कठै ! यी चिउरा अनाथ ॥
॥१७५॥
कसो गरौँ लाज विछट्ट लाग्छ
देखाउँ खै के मुख दिक्क लाग्छ ।
भन्लिन् अवश्यै अब इन्दिराले
यी विप्रले इज्जत आज फाले ॥
॥१७६॥
बेकार आएँ नगरी विचार
कल्पिन्न भावी पहिल्यै कि क्यार ।
यस्तो सुशीला यदि बुझ्दिहुन् त
के भन्दथिन् ती पति ! जानुहोस् ल ॥
॥१७७॥

टोलाउँथे ब्राह्मण यो विचारी
त्यै बीच राधापति कष्टहारी ।
हेर्छन् अहा ! पोटलिका[40] फुकाई
राख्थे सुदामा अघि जो लुकाई ॥
॥१७८॥
लक्ष्मीसँगै छिन् अनि भृत्यवर्ग
सोच्छन् रचौँ झैँ हरि नव्य सर्ग ।
अत्यन्त दु :खी द्विज विश्व माझ
धनी बनून् छक्क परोस् समाज ॥
॥१७९॥
यै सोच्नमा मस्त थिए मुकुन्द
देखेर च्यूरा भरियो उमङ्ग ।
मुखैभरी पानी रसाई आयो
जिह्वाग्र सारै रसिलो बनायो ॥
॥१८०॥
लिएर मुष्टिभर लोकनाथ
हेरेर सोध्छन् चिपिटान्नसाथ ।
सुधा सरी छौ किन हे ! अनाज
बताई द्यौ लौ न बुझोस् समाज ॥
॥१८१॥
बुझ्छन् स्वयं श्रीपति विश्वव्यापी
यी स्वादु छन् भक्ति रसाब्धि च्यापी ।
हुँदैन केही स्वयमेव मिष्ट
त्यो हुन्छ प्रेमामृतले विशिष्ट ॥
॥१८२॥
हुन् एक द्यौता हरि विश्व स्वामी
हुन्छन् कृपाले सब वस्तु नामी ।
यी स्वल्प च्यूरा पनि सामु पर्दा
महान् बने यादवले निहार्दा ॥
॥१८३॥
हेरेर धेरैपल एक मुष्टि
फक्याउँछन् कृष्ण परात्म दृष्टि ।
वितर्क गर्छन् मनमा अनेक
हुँदैन कैले धनमा विवेक ॥
॥१८४॥
त्यो भक्तमा चैँ यदि हात पर्छ
यो लोक स्वर्लोक दुबै सपार्छ ।
यी विप्र छन् सज्जन तत्ववादी
के बन्दथे भौतिक मूढवादी ॥
॥१८५॥
मिल्यो भने सम्पत्तिको खजाना
भै ढुक्क गर्लान् व्रत तीर्थ नाना ।
थिएन पैल्ये धनमाथि चित्त
आए हुँदा पेट सदैव रिक्त ॥
॥१८६॥

[40] पोको

दिँदैछु सम्पत्ति म कत्ति-कत्ति
घट्दैन कैले पनि रत्ति-रत्ति ।
म दिन्छु केही वचले नबोली
बोल्दैन रत्नाकर रत्न खोली ॥
॥१८७॥
यस्तो विचारी चिपिटान्न सेता
निल्छन् सुलुक्कै हरि उर्द्धरेता[41] ।
अहा ! छ कस्तो प्रियता मिठास
गम्कन्छ पेटैभरि यो सुवास ॥
॥१८८॥
विचार गर्छन् मनमा व्रजेन्द्र
भएँ म साँच्चै अबता महेन्द्र ।
प्यूँछन् सहस्राक्ष ससानु बिन्दु
म प्यूँछु प्रेमामृतपूर्ण सिन्धु ॥
॥१८९॥
यो स्वाद के पाउनु त्यो सुधामा
जस्तै दिँदैछन् प्रिय यी सुदामा ।
जन्म कयैंपल्ट भयो धरामा
बने कयैं बान्धव बाबु-आमा ॥
॥१९०॥
यो स्वाद ता खै कसले दिएर
गम्कौं म सन्तुष्टि सुधा पिएर ।
अतुल्य पाएँ रस आज मैले
र ता म सन्तुष्टि लिँदैछु ऐले ॥
॥१९१॥
यो भाव राधापतिमा भयो र
अर्को मुठीनिम्ति भए तयार ।
श्रीरुक्मिणीले सब यो बुझेर
पुग्छिन् डराई पतिदेव नेर ॥
॥१९२॥
भैगो प्रभो छाडिदिनोस् मुठी यो
एकै लिँदा सम्पत्ति स्वाट्ट गै गो ।
अर्को लिँदा मै पनि जानु पर्ला
यो द्वारकाले कुन भाव हर्ला ॥
॥१९३॥
भैगो न त्यागौँ प्रभुले मलाई
म ठान्छु ऐले यसमै भलाई ।
यस्तो भनी झट्पट हात पक्री
दिइन् र हाँसे व्रजनाथ चक्री ॥
॥१९४॥

[41] ब्रह्मचारी

देखेर यो भाव अचम्म मान्दै
छोड्छन् मुठी लम्बित स्वास तान्दै ।
भैगो म आज यतिमात्र लिन्छु
सल्लाह मिल्ने धनमात्र दिन्छु ॥
॥१९५॥
के हुन्छ धेरै धनमात्र पाई
मात्तिन्छ मान्छे धनमा रमाई ।
त्यो भुल्छ सत्कर्म भुसुक्क देवी !
भुल्दैन मेरो तर भक्त सेवी ॥
॥१९६॥
निष्काम यी ब्राह्मणजी हुनाले
कल्याण होला अधिकै दिनाले ।
हुँदैन कैले हरि भक्त व्यर्थ
लिन्नन् कुनै उत्तम भक्त स्वार्थ ॥
॥१९७॥
दिएँ प्रिये ! सम्पत्ति त्यत्ति मैले
पाएन कैल्यै पहिले कसैले ।
भयौ खुसी सम्पत्ति स्वामिनीजी ?
त्यसो भए हेर खुसी बनून् यी ॥
॥१९८॥
यस्तो सुनिन् झट्ट र इन्दिराले
आँखा फिराइन् द्विजमा मजाले ।
तत्काल सम्पत्ति समग्र चट्ट
बस्र्यो सुदामा-पुरमा विछट्ट ॥
॥१९९॥
यै बीचमा साँझ झमक्क भै'गो
जपादिमा चित्त सटक्क गै'गो ।
गरे दुबैले सब नित्यकर्म
श्रीले गरिन् आरति आदि कर्म ॥
॥२००॥
श्रीकृष्णका दिव्य निशान्तभित्र[42]
खाईपिई स्वाद लिई विचित्र ।
स्वर्लोकमा दिव्य सुधा पिएका
सरी भए जग्मग चम्किएका ॥
॥२०१॥
विचार्दछन् यो घरभित्र पस्दा
लाग्छन् सबै चीज सुवर्ण जस्ता ।
बैकुण्ठ हो वा पुर द्वारका हो
यो विप्रमा विभ्रम भान पो भो ॥
॥२०२॥

[42] घरभित्र

सोचेर यस्तो द्विज ती निदाए
पलङ्गमै मानु त्यहीँ बिलाए ।
स्वप्ना भयो आफ्नु त पर्णशाला
चम्किरहेको वदलेर काया ॥[43]
॥२०३॥

यस्ता अनकौं सुख स्वप्नमा ती
पौडेर रम्थे विचरा द्विजाति ।
यस्तै गरी स्वाट्ट गएछ रात्री
झुल्की हिँडेछन् रवि व्योमयात्री ॥
॥२०४॥
चराचुरुङ्गी मृदु भाव खोली
सुनाउँथे चिर्बिर गान बोली ।
हावा चली सुस्त चुमेछ गाला
देखाउँदै प्रात सुरम्य चाला ॥
॥२०५॥
उठेर झट्टै द्विज स्नान गर्छन्
जपादिमा पट्टल शीघ्र कस्छन् ।
सकेर सत्कार्य लिएर प्रज्ञा
माग्छन् पुगी कृष्ण समीप आज्ञा ॥
॥२०६॥
हे कृष्ण ! गोविन्द ! मुरारि ! नाथ !
हे भक्तबन्धो ! म भएँ सनाथ ।
इच्छा सबै पूर्ण भई रमाएँ
कैवल्यको मार्ग दरो समाएँ ॥
॥२०७॥
जन्छु म आफ्नो घर मित्र ! आज
यो चेतमा श्री हरि हुन् विराज ।
सुनेर वाणी प्रिय मित्रश्रीको
आज्ञा मिल्यो फर्कन कृष्णजीको ॥
॥२०८॥
क्यै स्वल्प खाजा पनि रुक्मिणीले
पोको बनाई दिइथिन् खुसीले ।
साथै भनिन् हे द्विज गै घरैमा
दिदी निरै यो दिनु है करैमा ॥
॥२०९॥
यो भन्नुहोस् 'ब्राह्मणी ! रुक्मिणीले
छन् है भनेकी नभुलुन् दिदीले ।
साना भुराले नबरालिएर
पढून् स्वधर्मस्थिति सम्झिएर ॥
॥२१०॥

[43] शरीर

भेट्ने थियो उत्कट चाहना खै
हुँदैन छुट्टी गृहकार्यले नै ।
इच्छा उमाका पतिको भएछ
भने म भेट्छु मनभित्र यै छ ॥
॥२११॥
यो रुक्मिणीको रसिलो भनाई
सुनी भने ब्राह्मणले रमाई ।
सन्देश यो देवि ! पुऱ्याउनेछु
सप्पै नबिर्सी म सुनाउँनेछु ॥
॥२१२॥
भन्छन् पुन :कृष्ण सुनेर वार्ता
त्रैलोक्यका पालक विश्वकर्ता ।
जाने सखे के छ ? खुबै हतार
बसौँ न सत्शास्त्र गरी विचार ॥
॥२१३॥
सुनेर भन्छन् द्विज फेरि मित्र
ऐले म जाऊँ बरु रम्य चित्र ।
जोडी भएको प्रिय पाऊँ एक
हेरी सधैँ यो मन होस् विशोक ॥
॥२१४॥
यस्तोसुनी श्रीव्रजनाथ झट्ट
ल्याएर दिन्छन् मृदु चित्र चट्ट ।
लिएर त्यो चित्र खुबै रमाई
मुकुन्द प्रेमामृतले भिजाई ॥
॥२१५॥
लौ है त गोविन्द म जान्छु ऐले
भन्दै हिँडे ब्राह्मण ती क्रमैले ।
धेरै हुँदा प्रेम मुकुन्दसाथ
बढ्छन् अगाडि पकडेर हात ॥
॥२१६॥
गर्दै कुरा दूर पुगेर कृष्ण
छु है अझै मित्र ! म ता सतृष्ण ।
पुन : पुन : दर्शन पाउँ मित्र
चिठी म पाऊँ द्विज एक शीघ्र ॥
॥२१७॥
यस्तो भनी हात दुबै उठाई
गर्छन् नमस्कार द्विजाग्रलाई ।
भन्छन् सुदामा अब भेट कैले
होला त गोविन्द म जान्छु ऐले ॥
॥२१८॥

प्रेमाद्र भै मस्तक यो झुकाई
गरी नमस्कार ! लिई बिदाई ।
रुँदै गए ब्राह्मण छट्टिएर
टाढा भए देख्न सकिन्न दूर ॥
॥२१९॥
बिस्तारी छाया पनि भो विदूर
मुकुन्द फर्के अति भै अधीर ।
मुहारभित्री मनमा लिएर
हिँड्दै गए चिन्तनमा डुबेर ॥
॥२२०॥

# तेस्रो विश्राम

आनन्द बढ्थ्यो कहिले अघोर
वियोग पार्थ्यो कहिले विभोर ।
कैले तिनी चिन्तित बन्न पुग्थे
त्यो देह सम्झी मुख ओठ सुक्थे ॥
॥२२१॥
के भन्नु मैले गृहिणी समक्ष
छन् यी दुबै आज निराश अक्ष ।
विचार केही हरिले गरेनन्
दारिद्रयमा लोचननै परेनन् ॥
॥२२२॥
खाना नमिल्दा बलहीन कच्चा
रुँदैहुनन् ती सब बालबच्चा ।
सम्झाउँदी हुन् कसरी ती नारी
के बुझ्न सक्थे विचरा अनाडी[44] ॥
॥२२३॥
यस्ता अनेकौँ मनमा विचार
उठ्थ्यो र लाग्थ्यो घरवार भार ।
अगाडि बढ्ने क्रममा अनेक
ग्रामादि आए अरु भेक भेक ॥
॥२२४॥
यौटा थियो सुन्दर पीठिका जो
त्यै बीच बाटातिर पर्दथ्यो त्यो ।
थियो अडेको वरका जरामा
सँगै थियो पीपल त्यो धरामा ॥
॥२२५॥
ढाक्रेहरु भार त्यहीँ बिसाई
सुस्ताउँथे शीतल वायु पाई ।
धारो थियो स्निग्ध जल प्रवाही
शोभा उगेल्थ्यो परिवेश आई ॥
॥२२६॥
बसे त्यहीँ ब्राह्मण स्वल्पकाल
उठ्थे अनेकौँ मनभित्र छाल ।
ती झट्ट सोच्छन् अघि जो रमाले
खाजा दिइन् खान्छु यहाँ मजाले ॥
॥२२७॥
परन्तु मान्दैन विदीर्ण चित्त
छन् बालका पेट कठै ! नि रित्त ।
भै गो लगी यो सब बाँडिदिन्छु
खाउन् रमाएर मजा म लिन्छु ॥
॥२२८॥

[44] अनजान

यस्तो विचारी द्विज झट्ट उठ्छन्
संकल्प सप्पै घरतर्फ जुट्छन् ।
गरेर दायाँतिर वृक्षवृन्द
अगाडि बढ्छन् द्विज मन्दमन्द ॥
॥२२९॥
उठ्छन् पुनःचिन्तनका उछाल
चम्कन्छ विस्तारित त्यो ललाट ।
मुकुन्दको ब्राह्मण भक्ति सम्झी
विचार्दछन् हृत्तल भित्र गम्की ॥
॥२३०॥

छन् धन्य धन्य प्रभु विश्वकर्ता
ब्रह्माण्ड साक्षी भूवनेशभर्ता ।
जस्को उरप्रान्तरमा रमाई
बस्छिन् सधैँ श्रीपति भक्ति पाई ॥
॥२३१॥
उनै मुरारि प्रभुले विछट्ट
दिए मलाई कति प्रेम चट्ट ।
अत्यन्त श्रद्धा मनमा भरेर
छाती मिलाए नगरी अबेर ॥
॥२३२॥

कहाँ म पापी र दरिद्र प्राणी
कहाँ महान् ती हरिका कहानी ।
श्रीरुक्मिणीका हरि कान्त भर्ता
रुचाउने तात्विक गूढ वार्ता ॥
॥२३३॥

परन्तु साथी द्विज हुन् भनेर
गला लगाए उनले झुकेर ।
आफ्नै सफा सुन्दर खाटमाथि
राखे मलाई कति उच्च साथी ॥
॥२३४॥
सोदर्य जस्तै उनले मलाई
क्या ! प्रेम वर्षाद गरे रमाई ।
थकाईले ग्रस्त थियो शरीर
देखेर राधापति भै विभोर ॥

॥२३५॥

साक्षात् महादेव सरी गनेर
यी पाउ मिच्थे द्विज सम्झिएर ।
ती रुक्मिणीजी पनि प्रेमसाथ
डोलाउँथिन् चामर सुस्तसा
॥२३६॥
गर्थे क्रिया सेवनका तमाम
गोविन्द विश्वेश्वर आप्तकाम[45] ।
जो पूर्णतामा अलमस्त हुन्छ
त्यो उच्चताको शिखराग्र हुन्छ ॥
॥२३७॥

सोच्दै थिए यो द्विज किन्तु झट्ट
छाती भयो फुट्दछझैं कि फट्ट ।
वियोगको भाव बढेर आयो
त्यो चित्तलाई अति नै रुवायो ॥
॥२३८॥

ती विप्र जन्थे जति दूर दूर
शोकाग्नि पोल्थ्यो अति घोर घोर ।
मुकुन्द छन् आदि र अन्त्य हीन
छोडेर आएँ म छु मूढ दीन ॥
॥२३९॥
दारिद्रय सम्झेर म दिक्क हुन्छु
बिगार्छ मान्छे सबतर्फ सुन्छू ।
अचम्मको यो छ अघोर शत्रु
हट्दैन कैले पनि क्षुद्र पत्रु ॥
॥२४०॥
श्रीकृष्णले तुच्छ गनेर होला
केही दिएनन् 'भर रिक्त झोला' ।
भनेर मैले पनि ती समक्ष
न ता खुलाएँ सब दर्द पक्ष ॥
॥२४१॥

भै गो खुसी छु हरि देख्न पाएँ
मनुष्यको सार्थकता कमाएँ ।
श्रीकृष्ण आनन्द समुद्रभित्र

[45] परब्रह्म

डुबी रमाएँ मन भो पवित्र ॥
॥२४२॥

सोच्छन् पुन :ती पथमै अनेक
आश्चार्यदायी घटना उदेक ।
"अपार श्रद्धासँग विप्रलाई
साक्षत् उमाका पति झैं गराई ॥
॥२४३॥

पुज्छन् हरि प्रेम सुधा बहाई
भन्ने सुनेथैं पहिले सवाई " ।
प्रत्यक्ष मैले पनि देख्न पाएँ
यो जिन्दगीको मुहुडा हँसाएँ ॥
॥२४४॥
स्वबाहुले भोजन नै खुवाए
ममाथि ठूले ऋण नै लगाए ।
पूजा गरे शम्भुसरी गरेर
अथाह श्रद्धा मनमा भरेर ॥
॥ २४५॥
घोच्थ्यो गरीबी मन चस्स चस्स
केही दिएनन् प्रभुले अवश्य ।
कतै दरिद्री धनमा भुलेर
भुल्ला कि गोविन्द भनी गुनेर ॥
॥२४६॥

मिलेन सम्पत्ति तथापि मेरो
बढ्दैछ भक्तिप्रद चित्त घेरो ।
गरेर नाना विध तर्कफेरि
पुगे सुदामा गृह ग्रामनेरी ॥
॥२४७॥

गाउँ पसी त्यो घरतर्फ पुग्दा
पोको फुकाए झटपट्ट बज्दा ।
क्यै रत्नझैं त्यो त टिनिन्न हुन्छ
त्यो शब्द कर्णद्वय झट्ट सुन्छ ॥
॥२४८॥

आश्चर्य मानी द्विज झट्ट हेर्छन्
तुरुन्त चारैतिर स्वर्ण घेर्छन् ।
तत्काल यौटा कलशी बनिन्छ
"सुधा थियो त्यो भरि" यो भनिन्छ ॥
॥२४९॥

जहाँ थियो पूर्व सुजीर्ण छाप्रो
ऐले त यौटा पनि छैन पाप्रो ।
देखिन्छ सर्वत्र नवीन रूप
छाड्थे र के कृष्ण त्यहाँ कुरूप ॥
॥२५०॥

त्यो ठाउँ ता पूर्ण भएछ नौलो
जताततै स्वच्छ सफा सुनौलो ।
पूर्णेन्दुआदित्य समान कान्ति
त्यो दृश्य छर्थ्यो मनभित्र भ्रान्ति ॥
॥२५१॥

निशान आफ्नो घरको थिएन
त्यो पर्णशाला पनि देखिएन ।
देखिन्छ यौटा गृह शोभिएको
जताततै रत्नहरु जडेको ॥
॥२५२॥

कतै छ खासा जल स्वच्छ ताल
त्यै हाँस लिन्छन् मन मोज चाल ।
देखिन्छ आराम प्रसूनसाथ
झुकाउँछ अण्डज वृक्षमाथ ॥
॥२५३॥

तलाउ देखे जल शोभमान
फक्रिन्छ इन्दिवर त्यो तमाम ।
विचित्र छन् पुष्पित दिव्य पद्म
छ बीचमा सुन्दर भव्य सद्म ॥
॥२५४॥

दुर्गन्धको क्लेश सबै भगाई
सुगन्ध गर्थ्यो घरमा रजाईं ।
प्रसून शोभा कति चम्किदिन्थ्यो
पराग छर्दै अति गम्किदिन्थ्यो ॥
॥२५५॥

त्यो भव्यतापूर्ण निशान्तसाथ
थिए अनेकौं गृह आसपास ।
नक्षेत्रका बीच सुधांशु जस्तै
चम्केर बस्थ्यो सब माझ त्यस्तै ॥

॥२५६॥
हात्ती र घोडा,उँटका वथान
थिए गरौँ खै कसरी वयान ।
असंख्य नाना रङका थिए ती
साधू थिए मङ्गल मूर्ति झैँ यी ॥
॥२५७॥
सयौँ सयौँ त्यैँ रथ देखिइन्थे
ध्वजा सबैका शिरमाथि हुन्थे ।
भूयान होलान् सुनका भनेका
लाग्छन् त बैकुण्ठतिरै बनेका ॥
॥२५८॥
निर्दोष स्वर्लोक परीहरु झैँ
डुल्छन् अहा ! क्या ! नव यौवना क्वै ।
युवाहरु देवसमान मस्त
डुल्दै टहल्छन् सब सुस्त सुस्त ॥
॥२५९॥

देखेर त्यो स्थान सुदाम विप्र
सोच्छन् कता घुम्दछ काल चक्र ।
देख्दैछु यो के म विचित्र ठाउँ
कहाँ छ ? मेरो अति जीर्ण गाउँ ॥
॥२६०॥

आएँ कहाँ स्वप्निललोक जस्तो
दैख्दैछु जादु सरि यो म कस्तो ! ।
भएछ एकै दिनमा विचित्र
कोरे विधिले कि अचम्म चित्र ॥
॥२६१॥

यस्ता अनेकौँ मनभित्र तर्क
उठ्थे निहारी नव भव्य सर्ग ।
त्यै बीच देखे नरको समाज
नरीसँगै शोभित साजवाज ॥
॥२६२॥

विप्रादिले मङ्गल गान गाए
स्तोत्र पढी त्यो स्थल नै रँगाए ।
'सुस्वागतम्' को वचमिष्ट छाए
आश्चर्यभित्रै द्विज यी हराए ॥

॥२६३॥

भन्छन्  कुनै स्त्री द्विजका समीप
आएर हे नाथ ! 'सुस्वगतम्' छ ।
यो चम्किलो गेह हजूरको हो
था'छैन शिल्पीजन चाहिँ को हो ॥
॥२६४॥

अर्की कुनै सुन्दर एक नारी
हतार गर्दै पकडेर सारी ।
दैडेर झट्टै घरभित्र पस्छिन्
पुगी सुशीलानिर थ्याच्च बस्छिन् ॥
॥२६५॥

भन्छिन् गृहस्वामिनी ! नाथ भर्ता
गोविन्दका उत्तम भक्ति कर्ता ।
सरासरी पाल्नुभयो ,हतार
गर्दै ल ! जाऊँ अब शीघ्र क्यार ॥
॥२६६॥

सुनी सुशीला झटपट्ट उठ्छिन्
ती कान्तको स्वागततर्फ जुट्छिन् ।
क्वै चम्चमे हार झिकी अमूल्य
दिन्छिन् सखीमा हरि हार तुल्य ॥
॥२६७॥

सँगै तिनी बाहिरतर्फ आइन्
प्रेमाश्रुले वस्त्र सबै भिजाइन् ।
रोमाञ्चले देह गमक्क हुन्थ्यो
आवेगले वक्ष चसक्क छुन्थ्यो ॥
॥२६८॥

आलिङ्गन स्नेह मनै मनैले
गर्थिन् सती भाव भरी क्रमैले ।
वेहोस झैँ विग्रह थर्र पोल्छ
अनन्त माया मनभित्र बोल्छ ॥
॥२६९॥
मानौँ कुनै दिव्य विमान माझ
देवाङ्गनाको हुन जान्छ राज ।
शिलाहरुका सँगमा मणिको

जो हुन्छ शोभा सब त्यै सरी भो ॥
॥२७०॥

विभिन्न श्रृङ्गार गरी चटक्क
थिइन् परी झैँ भरिली सपक्क ।
हालेर घुम्टो पतिनेर आई
मुसुक्क हाँसिन् खुसिले रमाई ॥
॥२७१॥

अत्यन्त प्रेमान्वित भै सुदामा
आश्लेश गर्छन् मनका कुनामा ।
सन्तान सारा नजिकै गएर
'प्रणाम' ! गर्छन् विनयी भएर ॥
॥२७२॥

सुँघी खुसी भै शिरमा सुदामा
भन्छन् शुभाशीर्मय वाक्य लामा ।
विद्वान् हुनु है ! अनि धर्मनिष्ठ
लौ नाम राखेस् जगमा विशिष्ट ॥
॥२७३॥

सतायु राखुन् जगदम्बिकाले
भै दहिनी स्नेह छरुन् मजाले ।
असंख्य दासीगण दाससाथ
गर्थे झुकाएर प्रणाम ! माथ ॥
॥२७४॥

मुसुक्क हाँसी सबतर्फ हेरी
त्यो गेहमा पस्न गरे तयारी ।
थिए प्रति द्वार घडा अनेकौँ
भन्थे कुनै 'ब्राह्मणमा ल ढोगौँ '॥
॥२७५॥

प्रवेशका द्वार सबै खुलेका
थिए सिपाही नत भै झुकेका ।
पतिव्रता स्त्री पतिदेवलाई
सँगीहरुका सँगमा रमाई ॥
॥२७६॥

कोठा र चोठा सब पूर्ण खोली
बोल्दै सुधा मिश्रित मिष्टबोली ।
चम्चम् गरी त्यो गृह चम्किएको
देखिन्छ चारैतिर गम्किएको ॥

॥२७७॥

खम्बाहरुमा नव रम्य रूप
देखिन्छ त्रैविष्टपकै स्वरूप ।
मणीहरु चम्चम चम्किदिन्थे
ती दीपिकाकै सब काम दिन्थे ॥
॥२७८॥

शैया थिए ती पयफेन तुल्य
यो विश्व ब्रह्माण्डभरै अतुल्य ।
सुवर्णले सज्जित टन्न टन्न
थिए कि हस्ती रदका विभिन्न ॥
॥२७९॥

सुवर्ण पातीहरु हल्ली हल्ली
बोलाउँथे सुस्तर वायु वल्ली ।
छन् चामरी पुच्छ नवीन पङ्खा
बन्थ्यो कि झैँ लज्जित स्वर्ण लङ्का ॥
॥२८०॥

सुवर्ण सिंहासन कान्तियुक्त
देखिन्छ गादीहरु छन् प्रयुक्त ।
चम्चम् गरी चञ्चल चन्दुवाले
हल्लिदिँदा मौक्तिक नाच्न थाले ॥
॥२८१॥

स्त्री मूर्ति नाना मणिले सजेका
रत्नादिले भूषित छन् बनेका ।
प्रकाश चारैतिर दिन्छ दीप
चम्काउँदै झन् ज्वलित प्रदीप ॥
॥२८२॥

सम्झे रमाले पहिले दिएको
पश्चाद् घडा पूर्ण सुधा लिएको ।
त्यो विप्रले झट्ट झिकेर खोली
हाँस्दै निकाले मधुमिष्ट बोली ॥
॥२८३॥

पत्नी यहाँको छ निगूढ तत्व
को जन्न सक्ला यसको महत्व ?।

लगेर पूजागृहमा सजाई
पुजेर राख्नू छ हुने भलाई ॥
॥२८४॥

अर्धाङ्गिनीले सब यो सुनेर
कल्याण भावी मनमा गुनेर ।
ढोगी मनैले शितिकण्ठलाई
राखिन् पुजी मञ्चसँगै सजाई ॥
॥२८५॥

देखी सबै यो द्विजवर्य छक्क
पर्छन् थियो जो धनले छपक्क ।
विचार गर्छन् कसरी भयो यो
बुझौँ गरी ध्यान रहश्य के हो ? ॥
॥२८६॥

यस्तो विचारी क्षणमात्र मग्न
बन्छन् र देख्छन् धन प्राप्ति लग्न ।
श्रीरुक्मिणीका पतिका कृपाले
सबै भएको छ बुझेँ मजाले ॥
॥२८७॥

भन्दै त्यहाँ श्रीहरिमा कृतज्ञ
बन्छन् र भन्छन् द्विजतत्वविज्ञ ।
मेरा सखा कृष्ण त्रिलोक भर्ता
छन् भक्तका हार्दिक प्रेमकर्ता ॥
॥२८८॥

ती श्यामको दिव्य कृपा हुँदामा
बन्यो धनी ब्राह्मण यो सुदामा ।
बन्यो ऋणी यो कति जन्म जन्म
के तिर्न सक्थेँ ऋण हा ! अचम्म ॥
॥२८९॥

थिएँ म दुःखी कति जन्म जन्म
दुर्भाग्य हुन्थ्यो भरिएर टन्न ।
परन्तु लक्ष्मीपतिका कृपाले
ऐश्वर्य चारैतिर नाच्न थाले ॥
॥२९०॥
थोरै दिए तापनि धेर मान्ने
सद्भक्तको अन्तर भाव जन्ने ।
मेरा सखा श्रीपति झैँ लयालु
को हुन्छ ?पृथ्वीभर मै दयालु ॥

॥२९१॥

मैले दिएको लघु अर्भकान्न[46]
स्वीकार्नु भो कत्ति भई प्रशन्न ।
उदारताको अति उच्च रूप
देखेँ अहो ! त्यो जगमै अनूप ॥
॥२९२॥

समुद्र जस्ता अनि मेघ जस्ता
ती कृष्ण छन् मित्र विचित्र कस्ता ।
अगाडि केही पनि बोल्नु छैन
पछाडि दिन्छन् धन धान्य चैन ॥
॥२९३॥

समुद्र बोल्दैन गभीर हुन्छ
रत्नादि खानी सब सुम्पिदिन्छ ।
छ मेघ सम्पूर्ण जल प्रपूर्ण
निखार्छ सुख्खा सब चूर्ण चूर्ण ॥
॥२९४॥

किसान माग्छन् जल त्यो दिँदैन
स्तुत्यादिमा गर्भ कतै लिँदैन ।
केही नबोली तब रात-रात
त्यो खेतमा भर्दछ पानी खात ॥
॥२९५॥

त्यस्तै रमाका पति छन् गभीर
कदापि हुन्नन् मनमा अधीर ।
स्वभक्तका चित्त व्यथा बुझेर
दिन्छन् नबोली धन,मान धेर ॥
॥२९६॥

मिलून् मलाई शतकोटि जन्म
क्यै छैन,यो चित्त बनोस् अनन्य ।
मुकुन्दको हर्दम दृष्टि पाऊँ
पादाग्र धुली दरिलो समाऊँ ॥
॥२९७॥

म गर्छु दामोदरको सुसेवा
चाहिन्न अर्को हरि भिन्न टेवा ।

[46] चिउराका साना टुक्राहरु

म पाऊँ उन्कै गुण गान गर्न
बढोस् सधैँ भक्ति भवाब्धि तर्न ॥
॥२९८।

मुकुन्द आफ्ना प्रिय भक्तलाई

दिन्नन् महा वैभव भोग्नलाई ।
सम्पत्तिले मानव कृष्णलाई
भुल्छन् सधैँ त्यो रसमा रमाई ॥
॥२९९॥
ज्ञानी तपश्वी यति भूमिनाथ
सम्पत्तिले मादक पूर्ण माथ ।
हुँदा गिरेथे हरिभक्तिबाट
धनाढ्यको दख्दछु यो म छाँट ॥
॥३००॥
विचार यस्तो मनमा गरेर
सद्भक्तिले चित्तघडा भरेर ।
कृतज्ञ बन्दै प्रिय मित्रमाथि
गृहस्थ पार्छन् यदुनाथ साथी ॥
॥३०१॥
त्यस्तो महान् वैभवले कदापि
छुटेन त्यो चित्तलता तथापि ।
देखाउँदै लौकिक भाव विप्र
गर्थे सबै कार्य चटक्क शीघ्र ॥
॥३०२॥
बनी सबैका प्रिय मिष्टभाषी
बस्थे तिनी ता प्रिय भाव गाँसी ।
गृही थिए बाहिरबाट किन्तु
ती भित्र चाहिँ हरिभक्त सिन्धु ॥
॥३०३॥
थिए तपोमूर्ति र ज्ञानीश्रेष्ठ
मुकुन्दका सेवकमा विशिष्ट ।
यै रीतिले कर्म सबै गरेर
गृहस्थका शान्ति घडा भरेर ॥
॥३०४॥
छोरा र छोरीहरुको विवाह
गरेर ती ढुक्क भए अथाह ।
लागे, तिनैमा व्यवहार सुम्पी
मुकुन्दको चिन्तनमा डुबुल्की ॥

॥३०५॥
सँगै भए तापनि बन्धुवर्ग
छोप्दैन थ्यो मोह बनी निसर्ग ।
रहन्छ पानीसँग पद्मपत्र
टाँसिन्न पानीसँगमा विचित्र ॥
॥३०६॥
बित्तै गए वासर एक एक
पुत्रादिका वृक्ष भए अनेक ।
ती विप्र बस्थे ममता भुलेर
मुकुन्दडोरी पिङमा झुलेर ॥
॥३०७॥
वैराग्यको बाढ बडेर आई
हृत्क्षेत्र सारा जलले भिजाई ।
गृहस्थबाली जब पुर्न थाल्यो
असैय भो टिक्न पसी भँगालो ॥
॥३०८॥
यस्तो परिवेश बुझी सुदामा
पतिव्रता स्त्रीसँगमा हुँदामा ।
सान्निध्यको स्वच्छ नदी तटैमा
बस्छन् गई एक सफा कुटीमा ॥
॥३०९॥
यस्तै गरी वर्ष कयौँ बिताई
राधेशमात्रै मनले चिताई ।
वेदान्तको चिन्तनले समस्त
अज्ञानको ग्रन्थी गरे निरस्त ॥
॥३१०॥
गोविन्द ध्यानस्तुति पूजनादि
गरी लगाएर कडा समाधि ।
प्रारब्धको भोग सबै सकेर
पुगे सुदामा व्रजनाथ नेर ॥
॥३११॥
पत्नी सुशीला पनि भक्तिमग्न
बनी स्वभर्तासँग नित्य लग्न ।
त्यागेर त्यो देह मुकुन्दधाम
पुग्छिन् जपी पावन कृष्ण नाम ॥
॥३१२॥
सखा सखी रूप लिएर नित्य
बसे दुबै कृष्ण निमग्न चित्त ।

सत्कीर्तिले धाम र भूमिमाझ
ढाक्दा पर्‍यो छक्क सबै समाज ॥
॥३१३॥
ती विप्रको वंश यहाँ उदार
बन्दै बढ्यो सागर झैँ अपार ।
जन्मे यहाँ सज्जन कृष्णभक्त
समृद्ध,विद्वान् गुणवान्,विरक्त ॥
॥३१४॥
कहाँ म दामोदर 'सिन्धुलीय'
कहाँ सुदामा द्विज पूजनीय ।
के लेख्न सक्थेँ उनको महत्व
राखून् स्वयं श्री कृतिभित्र सत्व ॥
॥३१५॥
गरेँ इतिश्री लघुकाव्य मैले
जो थन्किबस्थ्यो मनभित्र पैले ।
यो रूप पायो अब सिर्जनाले
पिऊन् सबै पाठक तिर्सनाले ॥
॥३१६॥

'समाप्त'

# ४.२.सन्दर्भ ग्रन्थसूची


१. केशवप्रसाद उपाध्याय,**साहित्य प्रकाश**,साझा प्रकाशन काठमाडौं,(पाँचौं संस्करण)(२०४९)

२. केशवप्रसाद उपाध्याय, **विचार र व्याख्या**,साझा प्रकाशन,ललितपुर,(द्वितीय संस्करण) (२०४०)

३. खगेन्द्रप्रसाद लुइँटेल र अन्य, **नेपाली कविता**,विद्यार्थी पुस्तक भण्डार, (तृतीय संस्करण) (२०५४)

४. गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, अभिनव प्रकाशन, ज्ञानेश्वर काठमाडौं (२०५३)

५. जगन्नाथ आचार्य, **रसगङ्गाधर** चौखम्बा विद्या भवन, वाराणसी (द्वितीय संस्करण २०२०)

६. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** नवीन प्रकाशन काठमाडौ (२०३२)

७. बाबुराम आचार्य, **पुराना कवि र कविता,** साझा प्रकाशन काठमाडौं, (छैटौं संस्करण) (२०५०)

८. माधवप्रसाद घिमिरे, **राष्ट्रनिर्माता**(खण्डकाव्य)साझा प्रकाशन (पाँचौं संस्करण)(२०५४)

९. ----------------**राजेश्वरी**, (खण्डकाव्य) साझा प्रकाशन काठमाडौं, (२०१७)

१०. मोहनराज शर्मा, दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** साझा प्रकाशन, (द्वितीय संस्करण) (२०४०)

११. रत्नध्वज जोशी, **साहित्यको अध्ययन** रायल नेपाल एकेडेमी कमलादी काठमाडौं, (प्रथम संस्करण) (२०२३)

१२. लेखनाथ पौड्याल,**ऋतुविचार** साझा प्रकाशन काठमाडौं, (१९७३)

१३. वासुदेव त्रिपाठी, **नेपाली कविता भाग, १** साझा प्रकाशन काठमाडौं, (दोस्रो संस्करण)(२०४७)

१४. -------------**नेपाली कविता भाग,** ४ साझा प्रकाशन काठमाडौं, (दोस्रो संस्करण) (२०५३)

१५. -------------**पाश्चत्य समालोचनाको सैद्धान्तिक परम्परा भाग, १ र २** साझा प्रकाशन, (दसौं संस्करण) (१९९७)

१६. विश्वनाथ(आचार्य), **साहित्यदर्पण** चौखम्बा सुरभारती प्रकाशन वारणसी, (दसौं संस्करण) (१९९७)

१७. व्यास प्रणीत, **श्रीमद्भागवत** गीता प्रेस गोरखपुर, (सोह्रौं संस्करण) (२०५०)

१८. शाम्वभक्त सुवेदी,**मुरारी पुकार** (खण्डकाव्य) प्रकाशक लेखक स्वयम् (२०१९)

१९. सिद्धिचरण श्रेष्ठ,**उर्वशी** (खण्डकाव्य) साझा प्रकाशन, काठमाडौं (२०१७)